"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"
जि.स.का.द.नं. ५४-०५०/५१

पान नं. ३०१३७२६६४

"नियमित बचत गरौं भविष्य निर्माण गरौं"

NEFSCUN

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS SILVER
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

३१ औं वार्षिक साधारण सभा



आ.व. २०७९/०८० को बार्षिक प्रगति प्रतिवेदन तथा
आ.व. २०८०/०८१ को प्रस्तावित निति तथा कार्यक्रम बजेट

३१ औं वार्षिक्र साधारण सभा-२०८०

२०८० आश्विन ६ गते, शनिवार

केन्द्रीय कार्यालय : बनेपा-८, तिनदोबाटो करुणामार्ग, काभ्रे
०११-६६२५१४, फ्याक्स: ५७७-६६१७३२
chandibachat@mail.org, chandisaccos@gmail.com
www.fb.com/chandeshworisaccos
www.chandeshwori.coop.np

सञ्चालक तथा लेखा समिति


बबिन लक्ष बादे श्रेष्ठ
अध्यक्ष


रमेशकाजी श्रेष्ठ
उपाध्यक्ष


बुद्धरत्न मानन्धर
सचिव


रोशना राजवंशी
सह-सचिव


गणेश कुमार रौनीत
कोषाध्यक्ष


पूर्ण पोटे
सदस्य


जितेन्द्र लक्ष पोटे
सदस्य


रुक्मणी राज भण्डारी
सदस्य


सुरेन्द्र प्रजापति
सदस्य


बद्रिनाथ बादे
सदस्य


मनोहरी पोटे
सदस्य


रामप्रसाद श्रेष्ठ
लेखा संयोजक


विनयकृष्ण कायस्थ
लेखा सदस्य


जोत्सना सैजु कायस्थ
लेखा सदस्य

सल्लाहकार तथा उप-समिति


बिकास बादे
प्रमुख सल्लाहकार


बालमक्ष प्रधान
सल्लाहकार


ईन्द्र नारायण लैल
सल्लाहकार


जयशोम बादे
सल्लाहकार


हेमन्त राज प्रधान
सल्लाहकार


ओमकाजी प्रजापति
कानुनी सल्लाहकार


पूर्ण पोटे
संयोजक/शिक्षा


सुबन कुमार प्रधान
सदस्य/शिक्षा


कृष्णेश्वरी बैद्य
सदस्य/शिक्षा


रुक्मणी राजभण्डारी
संयोजक/समूह


दया प्रजापति
सदस्य/समूह


रिता बादे
सदस्य/समूह


सुरज प्रजापति
सदस्य/समूह


रोशना राजवंशी
संयोजक/महिला


बिमला पोटे
सदस्य/महिला


रचना नहुच्छे प्रधान
सदस्य/महिला


रिता मानन्धर
सदस्य/महिला


मनोहरी पोटे
संयोजक/नाला सेवा केन्द्र


हिरादेवी श्रेष्ठ
सदस्य/नाला सेवा केन्द्र


लक्ष्मी श्रेष्ठ
सदस्य/नाला सेवा केन्द्र


महेन्द्र श्रेष्ठ
सदस्य/नाला सेवा केन्द्र


गोपाल श्रेष्ठ
सदस्य/नाला सेवा केन्द्र

संस्थाका गतिविधिहरू


नाला सेवा केन्द्र उद्घाटन (२०८० असार २ गते)


१५ दिने शिपमुलक तालिम समापन (२०८० चैत्र २१ गते)

व्यवस्थापन समूह



अलेन्द्र प्रसाद ढकाल
प्रमुख कार्यकारी अधिकृत



रविन्द्र अक्क पोटे
वित्तीय प्रमुख
(लेखा तथा आन्तरिक प्रशासन विभाग)



रमेश श्रेष्ठ
वित्तीय प्रमुख
(ऋण लगानी तथा जमुली विभाग)



सत्य नारायण श्रेष्ठ
वित्तीय प्रमुख
(बचत तथा बजार प्रवर्द्धन विभाग)



रतिरा पोटे
वरिष्ठ ऋण सहायक



शशिला पोटे
वरिष्ठ कार्यालय सहायक(क्यासियर)



सुनिता आनन्धर
वरिष्ठ लेखा सहायक



संगीता जोशी
कार्यालय सहायक (क्यासियर)



सुशिला प्रधान
लेखा सहायक



नविना श्रेष्ठ
ऋण सेवाकेन्द्र प्रमुख



सुनित्रा रोक्का लिजार
सदस्य सेवा विभाग प्रमुख



सलिन श्रेष्ठ
ऋण सहायक



नीरा कुटुवाजु श्रेष्ठ
बचत तथा बजार प्रवर्द्धन सहायक



अन्जाना कुइकेल
वरिष्ठ सदस्य सेवा विभाग सहायक



सरस्वती माहजु
वरिष्ठ कार्यालय सहायक (ऋण सेवाकेन्द्र)



जसुना श्रेष्ठ
वरिष्ठ बजार सहायक



राजेन्द्र श्रेष्ठ
कनिष्ठ बजार सहायक



रोजनिशा वादे
कनिष्ठ बजार सहायक



प्रमोद श्रेष्ठ
कनिष्ठ बजार सहायक



निकेश सैजू
कनिष्ठ बजार सहायक



पुष्पाञ्जली प्रजापति
कनिष्ठ बजार सहायक



सुजन थापा
कनिष्ठ बजार सहायक (ऋण सेवाकेन्द्र)



रमा दुलाल
कार्यालय सहयोगी



गंगा बस्नेत
सहयोगी



मानबहादुर गार्तोन
सुरक्षा गार्ड

संस्थाका गतिविधिहरू



उत्कृष्ट प्रादेशिक सहकारीको प्रमाण पत्र ग्रहण गर्नुहुदै अध्यक्ष



बंगलादेशी प्रतिनिधि कलब (CCULB) को चण्डेश्वरी साकोस भ्रमण



खुल्ला रक्तदान कार्यक्रम



विद्यार्थिका लागि बित्तिय शिक्षा कार्यक्रम (आजाद मा.बि.)

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD

ACCESS SILVER

०११-६६२९१४, फ्याक्स : ९७७-६६१७३२
chandisaccos@gmail.com
chandeshwori.coop.np
fb.com/chandeshworisaccos

चण्डेश्वरी ATM सेवा



- नगद रहित
- सुरक्षित
- बृहत् पहुँच
- भरपर्दो

आजै चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थामा गई
SCT Debit Card लिईहाल्नुहोस ।

चण्डेश्वरी स्मार्ट मोबाईल बैकि्ङ



सजिलो पनि, सुरक्षित पनि!

- Mobile Topup & Recharge
- TV Payment
- Utility Payment
- Internet Bill Payment
- Bank Fund Transfer
- Book Domestic Flights
- Loan Wallet
- Insurance Payment
- School Payment
- QR Code Payment

- मिनी स्टेटमेन्ट जानकारी
- ऋणको जानकारी
- चेक अनुरोध
- नगद ट्रान्सफर
- चेक रद्द
- बैङ्क ट्रान्सफर
- बचतको जानकारी
- वालेट लोड



आजै चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थामा गई
Mobile Banking सेवा लिईहाल्नुहोस ।

'चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा'

३१ औं वार्षिक साधारण सभा

वार्षिक प्रतिवेदन पुस्तिका

२०८०

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

केन्द्रीय कार्यालय :

बनेपा-८, तिनदोबाटो करुणामार्ग, काभ्रे

फोन : ०११-६६२९१४, फ्याक्स: ५७७-६६१७३२

ई-मेल: chandibachat@mail.org,
chandisaccos@gmail.com

मुद्रण

सर्वश्री क्वालिटी प्रिन्टर्स

बनेपा-७, काभ्रेपलाञ्चोक

फोन नं.: ०११-६६०५८५

मो.नं. ९८५१०२९३९७,

यस मित्र

☞ अध्यक्षको मन्तव्य

☞ सचिवको प्रगति प्रतिवेदन

☞ कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०८०/०८१ लागि अनुमानित बजेट तथा कार्यक्रम

☞ लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

☞ स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन

☞ शिक्षा तथा समाजकल्याण उप-समितिको प्रतिवेदन

☞ महिला विकास उप-समितिको प्रतिवेदन

☞ समूह बचत कार्यक्रम संचालन उप-समितिको प्रतिवेदन

☞ ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको प्रतिवेदन

आज हामी हाम्रो यात्राको

३४ औं


वर्षमा प्रवेश गरेका छौं ।

स्थापना काल देखि हालसम्म यस संस्थालाई हर पल साथ दिदैं संस्थाको प्रगतिमा सदैव सद्भाव व्यक्त गर्दै आउनु भएका समस्त शेयर सदस्य महानुभावहरू लगायत सम्पूर्ण शुभचिन्तकहरूमा हृदय देखि नै कृतज्ञता एवं आभार व्यक्त गर्न चाहन्छौं ।


चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER













नियमित बचत
Regular Saving




नियमित बचत किन ?

दिर्घकालीन आर्थिक लक्ष्यहरू पुरा गर्न तथा भबिष्यमा आर्थिक सुरक्षा प्रदान गर्ने तथा बचत गर्ने बानीको बिकास गर्ने हेतुका साथ हेरक महिना ३०० वा सोले भाग जाने अधिकतम रू १०००।- सम्म मासिक रूपमा जम्मा गर्ने बचत नियमित बचत हो । नियमित बचत गर्नाले सदस्यमा अनावश्यक खर्च कम गरी बचत गर्ने बानिको बिकास हुनुका साथै भबिष्यमा आर्थिक सुरक्षा प्रदान गर्दछ ।

बिषेशताहरू (Features)

- मासिक रूपमा रू ३००।- वा सोले भाग जाने अधिकतम रू १०००।- सम्म अनिवार्य बचत गर्नु पर्ने ।
- दैनिक मौज्दातमा व्याज गणना गरि प्रत्यक ३/३ महिनामा ब्याज प्रदान गरिने ।
- निःशुल्क खाता खोल्न सकिने
- कम्तिमा १० वर्ष सम्म बचत रकम झिक्न नमिल्ने ।
- संस्थाबाट दिईने सेवा सुबिधा प्राप्त गर्नका लागि अनिवार्य रहेको ।



चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER
"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"
"चण्डेश्वरी हजुरको हातमा, हजुरको समृद्धि चण्डेश्वरीको साथमा"
जि.स.का.द.नं. ५४-०५०/५१
पान नं. ३०१३७२६६४
"नियमित बचत गरौं भविष्य निर्माण गरौं"
नेफ्स्कून

प.सं.: २०८०/०८१(१५४) मिति : २०८०/०४/२६
च.नं.: ६५

श्री .....ज्यू

.....

सेयर सदस्य नं.: .....

विषय : <u>वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा।</u>

महोदय,

प्रस्तुत विषयमा यस संस्थाको सञ्चालक समितिको मिति २०८० श्रावण १३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको ३१औँ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा उल्लिखित प्रस्ताव उपर छलफल हुने गरी सम्पन्न हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ।

<u>साधारण सभा कार्यक्रम</u>

मिति : २०८० आस्विन ६ गते शनिबार
समय : बिहानको १० बजेदेखि
स्थान : स्मार्ट प्यालेस, बनेपा ५

<u>प्रस्तावित विषयहरू</u>

(१) सचिवबाट प्रस्तुत आ.व. २०७९/०८० को प्रगति तथा आव २०८०/०८१ को प्रस्तावित कार्यक्रम सम्बन्धमा।
(२) कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०७९/०८० को आर्थिक प्रगति प्रतिवेदन तथा आव २०८०/०८१ को प्रस्तावित बजेट सम्बन्धमा।
(३) आ व २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
(४) आ व २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
(५) विषयगत उपसमितिहरूको प्रतिवेदन सम्बन्धमा।
(६) लेखा परीक्षकको नियुक्ती तथा पारीश्रमिक सम्बन्धमा।
(७) साधारण सभा बैठक भत्ता सम्बन्धमा।
(८) शेयर लाभांश सम्बन्धमा।
(९) संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा।
(१०) जग्गा खरिद सम्बन्धमा।
(११) सेवा केन्द्र खोल्ने सम्बन्धमा।
(१२) नियमित बचत सम्बन्धमा।
(१३) संस्था एकीकरण सम्बन्धमा।
(१४) स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति विक्री सम्बन्धमा।
(१५) विनियम तथा नीति संशोधन र पारित सम्बन्धमा।
(१६) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनोट सम्बन्धमा।
(१७) विविध

.....
सचिव
बुद्धरत्न मानन्धर

केन्द्रीय कार्यालय : बनेपा-८, तिनदोबाटो करुणामार्ग, काभ्रे फोन : ०११-६६२५१४, फ्याक्स: ४७७-६६१७३२, ई-मेल: chandibachat@mail.org, chandisaccos@gmail.com वेवसाइट: www.chandeshwori.coop.np

परिकल्पना (Vision)

"सदस्यहरूको सम्पूर्ण वित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित, र दिगो संस्था ।"

ध्येय (Mission)

"सर्वशुलभ, गुणस्तरीय, प्रतिस्पर्धात्मक तथा नविन प्रविधीमा आधारित वित्तिय सेवाहरू, तालिम, शिक्षा एवंम् सूचना मार्फत सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहयोग गर्ने ।"

संस्थाका मूल्य मान्यताहरू (Core Values)

क्र.सं.	मूल्य मान्यता	पुष्ट्याई
१.	**समन्वय** (Co-ordination)	**संस्थाले गर्ने हरेक कामहरु समन्वयात्मक ढंगबाट अगाडी बढाइनेछ ।**
२.	**जवाफदेही** (Accountable)	**संस्थाले गरेका हरेक कामहरु पूर्ण रुपमा जवाफदेही ढंगबाट सञ्चालन गरिनेछ ।**
३.	**उत्तरदायी** (Responsible)	**संस्थाले आफ्नो सरोकारवालाहरु प्रति पुर्ण रुपमा उत्तरदायी भई कार्य सञ्चालन गर्नेछ ।**
४.	**सम्मान** (Respect)	**सदस्य संस्थाका मालिक हुन भन्ने भावले संस्थाका सबै सदस्यहरुलाई उच्च सम्मान गरिनेछ ।**
५.	**प्रजातान्त्रिक** (Democratic)	**संस्थाका हरेक निर्णयहरु कसैको दबाब वा प्रभावमा नपरि प्रजातान्त्रीक ढंगबाट संस्थागत हितलाई केन्द्र राखेर गरिनेछ ।**
६.	**नवप्रर्वधन** (Innovation)	**संस्थाको विकास र सदस्यको सेवाका लागि हरदम नयाँ प्रविधिको खोजि गरिनेछ ।**
७.	**पारदर्शीता** (Transparency)	**संस्थाका हरेक निर्णय, प्रतिवेदन र सदस्यहरु सँगको कारोवारहरु पारदर्शी हुनेछन् साथै हामीले गर्ने हरेक काम व्यक्तिगत स्वार्थ भन्दा माथी उठेर संस्थागत स्वार्थ र सदस्य हीतमा केन्द्रित हुनेछन ।**
८.	**समानता** (Equality)	**संस्थामा आवद्ध सबै सदस्यहरुलाई धर्म, लिङ्ग, जात, क्षेत्र र नयाँ पुरानो नभनी सम्मान ढंगबाट व्यवहार गरिनेछ ।**
९.	**सेवाभाव** (Service Motive)	**संस्थाका सबै बस्तु तथा सेवाहरुका मूल्यदर नाफामा मात्र केन्द्रीत नभई सेवा भावमा पनि केन्द्रीत हुनेछन ।**
१०.	**गोपनियता** (Secrecy)	**कानुनले वाध्य पारेको अवस्था बाहेक सदस्यहरुले संस्थामा गरेको सम्पूर्ण वित्तिय कारोवारहरुको गोपनियतालाई सदा कायम गरिनेछ ।**

अध्यक्षको मन्तव्य



नबिन भक्त बादे श्रेष्ठ
अध्यक्ष

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८, काभ्रेपलाञ्चोकको ३१ औँ वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू, विभिन्न विषयगत उपसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारी साथीहरू, संस्थाका धरोहर आदरणीय सेयर सदस्यज्यूहरू तथा पत्रकार मित्रहरूहरूमा मेरो व्यक्तिगत तर्फबाट र यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

विश्वभरि फैलिएको कोभिड १९ को माहामारि लगत्तै रूस युक्रेन युद्धले विश्व अर्थतन्त्रमा पारेको प्रभावले समग्र व्यापार व्यवसायलाई नै नकरात्मक असर गरेको अवस्थामा यस संस्थालाई सुरक्षित र दिगो संस्थाका रूपमा सञ्चालन गर्न निश्चय नै कठिन थियो । सदस्यज्यूहरूको अथाह मायाबाट यस संस्थाले आर्थिक मन्दीको अवस्थासँग जुझ्दै यहाँ सम्म आइपुगेको गर्वका साथ सुनाउन पाउँदा हर्षित छु । विश्व अर्थतन्त्रमा परेको नकारात्मक प्रभावका कारण आव २०७९/०८० को तेश्रो त्रैमास सम्म देशमा तरलता अभावले व्याजदरमा चाप परेका थियो । भने हाल तरलतामा सुधार आएको भएता पनि लगानीका क्षेत्रहरू सुरक्षित नहुँदा ऋण लगानी गर्न कठिनाई भई रहेको छ । यस्ता यावत समस्याहरूका वीच पनि सदस्यज्यूरूको विश्वास र मायाले हामी सहजै अगाडि बढ्न सक्ने अवस्थामा छौं । विगत ३ वर्ष देखिको वित्तीय बजारमा देखिएको नकरात्मक प्रभावका बाबजुद गत आवमा हामीले संस्थाको मात्रात्मक र गुणात्मक वृद्धिमा उल्लेखिय सुधार गर्न सकेका छौं । आ.व. २०७८/०७९ को तुलनामा गत आवमा संस्थाले सञ्चालन नाफामा वृद्धि गर्न सकेको छ भने भाखा नाघेका ऋणमा पनि उल्लेखनीय सुधार गरी २.४९ प्रतिशतमा राख्न सकेको छ । यसबाट पनि हामी भन्न सक्छौं चण्डेश्वरी साकोसमा सदस्यज्यूहरूको बचत पूर्ण रूपमा सुरक्षित छ । आव २०७९/०८० को कारोबार र सदस्य सेवाको सन्दर्भमा गुणस्तरीय सेवा प्रदान गरे वापत यस वर्ष नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी सङ्घ लि. (नेफ्स्कून) ले हाम्रो संस्थालाई नेपाल कै सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरेको छ भने राष्ट्रिय सहकारी बैङ्कले वर्ष २०७९ को लागि बागमती प्रदेशको उत्कृष्ट बचत तथा ऋण सहकारी संस्थाको रूपमा पुरस्कृत गरेको व्यहोरा यस सभा समक्ष राख्न पाउँदा ज्यादै हर्षित छु । यसको साथै विगतमा नेपालका २४ वटा साकोसहरूले एसियाली स्तरको एक्सेस ब्राण्ड पाएकोमा विविध कारणले अन्यले उक्त ब्राण्डलाई कायम गर्न नसके पनि यस संस्थाले सन २०२२/०२३ मा उक्त ब्राण्डलाई कायम राख्दै नेपालको एक मात्र एक्सेस ब्राण्ड पाउन सफल संस्थाको रूपमा स्थापित भएकोमा उक्त ब्राण्डलाई स्तरोन्नती गर्दै सन २०२३/०२४ को लागी Silver Brand प्राप्त गर्न सक्दा हामी गर्वका साथ भन्छौं हाम्रो संस्था गुणस्तरीय र दिगो संस्थाको रूपमा नेपाल कै अग्रणी स्थानमा छौं । यस उपलब्धीको लागि मेहनत गर्ने सञ्चालकज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू, संस्थालाई सही सल्लाह दिनुहुने सल्लाहकारज्यूहरू, विभिन्न विषयगत उपसमिति तथा कार्यदलमा रही आफ्नो भूमिका निर्वाह गर्नुहुने संयोजक एवम् सदस्यज्यूहरू, अनवरत रूपमा इमान्दार र निष्ठा पूर्वक आफ्नो जिम्मेवारी पुरा गर्नुहुने कर्मचारी वर्गमा हृदयदेखि नै धन्यबाद दिन चाहन्छु साथै यस संस्थालाई अथाह

माया गर्नुहुने सेयर सदस्यज्यूहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । हाम्रो संस्थाले सहकारी अभियानमा खेलेको भूमिकालाई उच्च मूल्याङ्कन गरी सुरक्षित र गुणस्तरीय सेवा प्रदान गर्ने संस्थाको रूपमा पुरस्कृत गर्ने निर्णय गरेकोमा नेफ्स्कून परिवार, राष्ट्रिय सहकारी बैङ्क र एसियाली ऋण महासङ्घ प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

आदरणीय सेयर सदस्यज्यूहरू ! "**चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्बृद्धि चण्डेश्वरीको साथमा**" भन्ने मूल नारा लिएर अगाडि बढेको चण्डेश्वरी साकोस, सहकारी मूल्य मान्यता सिद्धान्त, सरकारबाट निर्मित ऐन कानुन र संस्थामा सुशासन कायम राख्न निर्मित आन्तरिक नीति, निर्देशिका र कार्यविधिको अक्षरंशः पालना गर्दै समुदायमा आधारीत सुरक्षित र दिगो संस्थाका रूपमा स्थापित हुने कुरामा हामी प्रतिवद्ध छौं । संस्थाले विगतका वर्षदेखि नै एसियाली ऋण महासङ्घद्वारा प्रतिबादीत एक्सेस कार्यक्रममा आवद्ध भई उक्त कार्यक्रम मार्फत एसिया स्तरको स्तर ीकरण प्राप्त गरेको छ र यस कार्यक्रमबाट थप माथिल्लो स्तरको स्तरिकरण हुने सोचका साथ आगामी दिनहरूमा संस्थाका कार्यक्रमहरूलाई थप प्रभावकारी र सदस्य मैत्री बनाउँदै लैजान संस्था प्रतिवद्ध छ । संस्थालाई आजको अवस्थासम्म ल्याउन साथ र सहयोग गर्नुहुने सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विषयगत उपसमितिका सदस्यज्यूहरू, कर्मचारी साथीहरू र संस्थालाई अथाह माया गर्नुहुने संस्थाका धरोहर आदरणीय सेयर सदस्यज्यूहरू सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकटगर्दै आगामी दिनहरूमा पनि सोही अनुसारको साथ र सहयोगको अपेक्षा गर्दछु ।

यस अवधिमा विभिन्न कारणबाट दिवंगत हुनु भएका सेयर सदस्यज्यूहरू तथा सेयर सदस्यका एकाघरका परिवार जन प्रति गहिरो समवेदना प्रकट गर्दै दिवगंत आत्माको चिर शान्तिको कामना गर्दछु र शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी श्री चण्डेश्वरी भवगती समक्ष प्रार्थना गर्दछु ।

अन्त्यमा यस संस्थाको ३१औं वार्षिक साधारण सभाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथि, अतिथि, सेयर सदस्यजूहरूमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । साथै नजिकिदै गरेका नेपालीहरूका महान पर्व दशैं, तिहार, छठ लगायत यस वर्षका सम्पूर्ण पर्वहरूको शुभकामना व्यक्त गर्दै मेरो मन्तब्य यही अन्त्य गर्दछु ।

धन्यबाद ! जय सहकारी ! जय चण्डेश्वरी

सचिवको प्रतिवेदन



बुद्धरत्न मानन्धर
सचिव

सचिवबाट प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औँ वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथीज्यूहरू, सल्लाहकारज्यूहरू, संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिको संयोजक एवम् सदस्यज्यूहरू, विभिन्न विषयगत उपसमिति तथा कार्यदलका संयोजक एवम् सदस्यज्यूहरू, कार्यकारी प्रमुख एवम् कर्मचारी साथीहरू, पत्रकार मित्रहरू तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका संस्थाका धरोहर सेयर सदस्यज्यूहरूमा यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादन व्यक्त गर्दछु ।

बचत तथा ऋणको कारोबारको सिद्धान्तहरूलाई अङ्गीकार गर्दै हाम्रो समाजमा केही आर्थिक परिवर्तन हामी आफैँबाट गर्न सकिने उद्देश्यका साथ फ्रेण्ड्स फोरम काठमाडौंको प्राविधिक सुझाव र सल्लाह लिई २०४७ सालमा चण्डेश्वरी फोरमको नामबाट स्थापना भएको यस संस्था सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ लागु भए पश्चात सोही ऐन र नियमावली अनुरूप परिचालन गर्न २०५० साल आश्विन ६ गते चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को नाममा विधिवत दर्ता भए पश्चात् औपचारिक रूपमा बचत तथा ऋणको कारोबार गर्न थालेको हो ।

"**सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था**" को परिकल्पना (vision) का साथै यस संस्थाको कार्यक्षेत्र भित्रका यस संस्थामा आबद्ध शेयर सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक रूपान्तरणका लागि टेवा पुऱ्याउँदै आउनुका साथै यस काभ्रे जिल्लामा सञ्चालन भएका समुदायमा आधारित उत्कृष्ट संस्थाहरू मध्येमा परेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. ले विगतमा नेपाल भरबाट २४ वटा संस्थाले ACCESS Brand प्राप्त गरेकोमा सन् २०२२/०२३ मा नेपालमा एक मात्र चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.ले ACCESS Brand Bronze प्राप्त गर्न सफल भई सन् २०२३/०२४ को लागि उक्त ब्राण्डलाई ACCESS SILVER मा स्तरोन्नती गरी आफ्नो साखलाई कायम राख्न सकेको कुरा यस सभामा सुनाउन पाउँदा ज्यादै हर्षित भएको छु । स्थापना काल देखि विभिन्न बचत तथा ऋण कार्यक्रमहरू मार्फत शेयर सदस्यहरूलाई सेवा सुविधाहरू प्रदान गर्दै आईरहेको व्यहोरा यहाँहरूमा अवगत नै छ ।

यस संस्थाको मूल उद्देश्य बचत संकलन र संकलित रकम सदस्यहरूको आर्थिक उपार्जनमा केन्द्रित रही ऋण लगानी गर्नु हो । यसका अलावा संस्थाको उद्देश्य सेयर सदस्यज्यूहरूको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक रूपान्तरण गर्नु पनि हो । आर्थिक सम्बृद्धिको आधार उत्पादन हो र उत्पादनको आधार शीप र पुँजी हो, यही आधारलाई टेकेर न्यून आय भएका सदस्यज्यूहरूको आर्थिक सम्बृद्धिको लागि सिपमूलक तालिम उपलब्ध गराउने र सिपलाई उत्पादनमा जोड्न पुँजी प्रवाह गराउने संस्थाको उद्देश्य रहेको छ । संस्थाले संयुक्त

राष्ट्र सङ्घको दिगो विकास लक्ष्यमा सहयोग गर्ने कार्य पनि गरी आएको छ ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (Covid–19) को तेस्रो लहर र लगत्तै रूस युक्रेन युद्धले विश्व अर्थतन्त्रमा पारेको प्रभावले हाम्रो संस्थालाई पनि केही हद सम्म प्रभाव पारेकै हो । यसका बाभजुद सेयर सदस्यज्यूहरूको अपार मायाबाट संस्थाले आव २०७९/०८० मा पनि उल्लेखीय प्रगति गर्दै आफ्नो गतिलाई निरन्तरता दिएको छ ।

आदरणीय सेयर सदस्यज्यूहरू ! आ.व. २०७९/०८० मा यस संस्थाबाट भए गरेका कार्यहरू र चालु आ.व. २०८०/०८१ मा गरिने प्रस्तावित कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(अ) आर्थिक वर्ष २०७९/०८० मा भएका कार्यक्रमहरूको समीक्षा तथा प्रगति प्रतिवेदन

(क) बैठक सम्बन्धी

यस अवधिमा समिति तथा उपसमितिहरूको बैठक निम्नानुसार बसेको जानकारी गराउँदछु ।

क्र.सं.	समिति उपसमिति	बैठक सङ्ख्या
१	सञ्चालक समिति	१८
२	लेखा सुपरिवेक्षण समिति	१६
३	ऋण उपसमिति	२९
४	शिक्षा तथा समाज कल्याण	९
५	महिला विकास	४
६	समुह बचत	९
७	एक्सेस कार्यदल	७
८९	साधारण सभा तयारी	३
१०	सम्पत्ति सामान खरिद विक्री	५
११	पदपूर्ति उपसमिति	१०
१२	समीक्षा बैठक	४
१३	सदस्य राहत वितरण निर्णायक उपसमिति	४
१४	सेवाकेन्द्र स्थापना कार्यादल	५
१५	ब्याजदर निर्धारण उपसमिति	४
१६	सञ्चालक पदाधिकारी बैठक	१७
१७	सेवाकन्द्र उपसमिति नाला	१

(ख) सदस्यता सम्वन्धी

(१) गत आ.ब. २०७८/०७९ मा महिला ४३२० जना पुरुष ३७८१ जना र अन्य ३२ गरी जम्मा ८१३३ जना शेयर सदस्य रहेकोमा यस आ.व. २०७९/०८० मा जम्मा नयाँ सदस्यता १०८० जना थप भई विभिन्न कारणले तथा मृत्यु भई सदस्यता त्याग गर्ने ९१ जना घटेर हाल २०८० असार मसान्त सम्ममा महिला ४८३७, पुरुष ४२५३ र अन्य ३२ गरी जम्मा ९१२२ सदस्य रहेको जानकारी गराउँदछु ।

(२) यस आ.व. मा बाल बचत सदस्य १९८ जना थप सहभागिता भई हाल ४०७ जना छात्र र २४५

जना छात्रा गरी जम्मा ६५२ जना बाल सदस्य रहेको जानकारी गराउँदछु ।

(३) यस आ.व असार मसान्त सम्ममा शेयर सदस्यहरू २७ जना स्वर्गीय हुनुभएको पनि जानकारी गराउँदछु ।

(४) ATM प्रयोग गर्ने शेयर सदस्य : २०८० असार मसान्त सम्ममा ५७३ जनाले ATM प्रयोगमा रहेको छ ।

(५) मोबाईल बैङ्किङमा २०८० असार मसान्त सम्ममा १७७९ जना सदस्यज्यूहरूको सहभागिता रहेको छ ।

(ग) **तालिम गोष्ठी तथा कार्यक्रममा सहभागिता** : आव २०७९/०८० भरमा विभिन्न निकाय वा सङ्घ संस्थाबाट आएका निमन्त्रणा अनुसार संस्थाबाट भएको प्रतिनिधित्व र तालिम गोष्ठीमा सहभागिता सम्बन्धमा यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क्र.सं.	मिति	आयोगजक सङ्घ संस्था	कार्यक्रम	सहभागि व्यक्ति	पद
१	२०७९/५/३१	आभाष साकोस	वार्षिक साधारण सभा	विकास बादे	अध्यक्ष
२	२०७९/६/१	एकता साकोस	वार्षिक साधारण सभा	राम प्रसाद श्रेष्ठ	सचिव
३	२०७९/६/१	युवा साकोस	वार्षिक साधारण सभा	विकास बादे	अध्यक्ष
४	२०७९/६/८	बनेपा साकोस	वार्षिक साधारण सभा	नबिन भक्त बादे	अध्यक्ष
५	२०७९/६/८	सुप्रिम डेन्टल केयर	वार्षिक कार्यक्रम	गणेश कुमार रंजित	कोषाध्यक्ष
६	२०७९/६/८	सामुदायिक साकोस	वार्षिक साधारण सभा	रमेश काजी श्रेष्ठ	उपाध्यक्ष
७	२०७९/६/२९	माई उग्रचण्डी साना किसान कृषि स. संस्था	वार्षिक साधारण सभा	बुद्धरत्न मानन्धर	सचिव
८	२०७९/७/१८-२०	काभ्रेपलाञ्चोक जिल्ला बचत संघ	उच्च स्तरीय वित्तीय व्यवस्थापन तालिम	सत्य नारायण श्रेष्ठ	बचत तथा प्रवर्द्धन विभागको प्रमुख
९	२०७९/०८/१७	पञ्चशील साकोस	वार्षिक साधारण सभा	बुद्धरत्न मानन्धर	सचिव
१०	२०७९/०९/०५	वाग्मती प्रदेश (प्रस्कुन)	वार्षिक साधारण सभा	नवीन भक्त बादे	अध्यक्ष
११	२०७९/०९/०८	नेफ्स्कुन	वार्षिक साधारण सभा	बुद्ध रत्न मानन्धर	सचिव
१२	२०७९/०९/०९	ज्योति वहुउद्देश्यीय सहकारी संस्था	वार्षिक साधारण सभा	नविन भक्त बादे	अध्यक्ष
१३	०७९/०९/१६	राष्ट्रिय सहकारी वैङ्क	वार्षिक साधारण सभा	रोशना राजवंशी	सह-सचिव
१४	२०७९/०९/२२	नेफ्स्कून	स्थितिकरण कोष परामर्श बैठक	वुद्धरत्न मानन्धर	सचिव
१५	२०७९/०९/२२	नेफ्स्कून	एक्सेस टेक्निकल कार्यशाला गोष्ठी	भलेन्द्र प्र. दाहाल	प्र.का.अ.
१६	२०७९/०९/२२	नेफ्स्कून	वार्षिक साधारण सभा	नविन भक्त बादे	अध्यक्ष
१७	२०७९/११/२४	धनेश्वर वहुउद्देश्यीय सहकारी संस्थां	वार्षिक साधारण सभा	नविन भत्त बादे	अध्यक्ष

क्र.सं.	मिति	आयोगजक सङ्घ संस्था	कार्यक्रम	सहभागि व्यक्ति	पद
१८	२०७९/११/२४ -२५	नेफ्स्कून	प्रमुख कार्यकारी अधिकृतहरूको गोष्ठी	झलेन्द्र प्रसाद दाहाल	प्र.का.अ
१९	२०७९/११/१३	काभ्रेपलाञ्चोक जिल्ला बचत सङ्घ	वार्षिक साधारण सभा	विकाश बादे	प्रमुख सल्लाहकार
२०	२०७९/११/१३	करुणामार्ग टोल सुधार समिति	वार्षिक साधारण सभामा	वद्रि नाथ बादे	सञ्चालक सदस्य
२१	२०८०/०१/१६	काभ्रेपलाञ्चोक जिल्ला बचत सङ्घ	विशेष साधारण सभा	विकाश बादे	प्रमुख सल्लाहकार
२२	२०८०/०२/१३ देखी १५	काभ्रेपलाञ्चोक जिल्ला बचत सङ्घ	प्रशिक्षक प्रशिक्षण तालिम	सत्य नारायण श्रेष्ठ	वचत तथा वजार प्रवद्धन प्रमुख
२३	२०८०/०२/२३	काभ्रेपलाञ्चोक जिल्ला बचत सङ्घ	कर सम्बन्धी विज्ञहरूसँग अन्तरक्रिया	रविन्द्र भक्त पोटे	वित्त तथा प्रशासन विभाग प्रमुख
२४	२०७९/०९/२१ देखि २२	काभ्रेपलाञ्चोक जिल्ला बचत सङ्घ	NFRS Training	सुनिता मानन्धर	बरिष्ठ लेखा सहायक
२५.	२०७९/११/०६ देखि ०९	नेफ्स्कून	CUMCC	रविन्द्र भक्त पोटे	वित्त तथा प्रशासन विभाग प्रमुख

घ) **संस्थाद्वारा सम्पन्न भएका अन्य कार्यक्रमहरू** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनको अवस्था यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(१) **युवा क्लव गठन** : संस्थाको ३०औँ वार्षिक साधारण सभाबाट संस्थामा युवा सहभागिता वृद्धि गर्ने र युवाको नेतृत्व विकास गर्दै लैजाने उद्देश्यले युवा क्लव गठन गर्ने योजना रहेको थियो । यस कार्यक्रमको कार्यान्वयनको लागि युवा क्लव गठन कार्यविधि २०७९ स्वीकृत भई सकेको छ र युवा क्लव गठन प्रक्रियाको चरणमा रहेको छ ।

(२) **सदस्य शिक्षा तथा समुदाय भेटघाट कार्यक्रम** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट स्वीकृत भएका २४/२४ वटा सदस्य शिक्षा र समुदाय भेटघाट कार्यक्रम मध्ये आव २०७९/०८० मा १० वटा सदस्य शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम र ८ वटा समुदाय भेटघाट तथा टोल भेला कार्यक्रम सम्पन्न भएको छ ।

(३) **तालिम तथा गोष्ठी** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट स्वीकृत कार्यक्रम अनुसार आव २०७९/०८० मा मानव संशाधनको क्षमता विकासको लागि २ वटा आन्तरिक तालिम तथा गोष्ठी, योजना कार्यन्वयनको प्रभावकारिता परीक्षण गर्न ४ वटा समीक्षा गोष्ठी र नव निर्वाचित सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको क्षमता विकासको लागि ५ दिवशीय सञ्चालक क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको थियो । यसै अवधिमा सहकारीका असल अभ्यास सिक्न तथा अनुभव अदान प्रदान गर्न चन्द्रागिरी साकोसको अध्ययन अवलोकन भ्रमण गरिएको थियो ।

(४) **भौतिक पूर्वाधार विकास** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट स्वीकृत भएको नीति तथा कार्यक्रम अनुसार आव २०७९/०८० मा भौतिक पूर्वाधार विकासतर्फ एक थान कम्प्यूटर, एक थान स्क्यानर एक

सेट इन्भटर र एक थान भल्ट खरिद गरिएको छ। त्यसै सेयर सदस्य तथा बाल बचत कर्ताहरूलाई स- सानो पैसा बचत गर्ने बानीको विकास गर्न १००० थान खुत्रुके खरिद गरी न्यूनतम मौज्दात रू.५०० खुत्रुके बचत खाता खोल्ने सदस्यहरूलाई निशुल्क खुत्रुके वितरण गर्ने नीति अख्तियार गरिएको छ । यस अवधिमा संस्थाको उपयोग बिहिन अवस्थामा रहेको मोटरसाईकल नयाँ स्कुटरसँग साटिएको छ। साथै यसै वर्ष नाला सेवाकेन्द्रको स्थापना गर्न आवश्यक पर्ने फर्निचर लगायत आवश्यक अन्य भौतिक सामग्रीहरूको खरिद गरिएको छ ।

(५) **प्रकाशन सम्बन्धमा** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट स्वीकृत भएको प्रकाशन सम्बन्धी कार्यक्रमहरूमध्ये ३० औँ वार्षिक साधारण सभाको प्रतिवेदन थान ४५०० प्रकाशन गरी वितरण गरिएको थियो त्यसै गरी संस्थाका उत्पादन तथा सेवाको बारेमा सदस्यज्यूहरूलाई जानकारी दिन २००० थान फ्लायर र ब्रोसर प्रकाशन गरी वितरण गरिएको थियो । संस्थाका समग्र विषयमा जानकारी दिन संस्थाको आफ्नै नाममा डिजिटल बुलेटिन https://bulletin.chandeshwori.coop.np/ प्रकाशन गरिएको छ। ६००० थान भित्ते क्यालेण्डर र ३०० थान टेवल क्यालेण्डर प्रकाशन गरी वितरण गरिएको छ ।

(६) **जग्गा खरिद सम्बन्धमा** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट स्वीकृत भएको घर/जग्गा खरिद सम्बन्धी प्रस्तावमा आव २०७९/०८० मा देखिएको आर्थिक मन्दीलाई मध्येनजर गर्दै उक्त कार्यलाई समीक्षा अवधिको लागि स्थगित गरिएको छ ।

(५) **उत्कृष्ट सदस्य पुरस्कार वितरण** : संस्थाको प्रोत्साहन नीति २०७७ अनुसार आ.व. २०७८/०७९ मा उत्कृष्ट बचत तथा ऋण कारोबार गर्ने सेयर सदस्यलाई निम्नानुसार पुरस्कृत गरिएको थियो ।

क्र.सं.	पुरस्कारको शीर्षक	सदस्यको नामथर	सदस्य नं.	ठेगाना
१	उत्कृष्ट नियमित बचत कर्ता	मध्येश्वर मकै	००१०००३९७	बनेपा ५
२	उत्कृष्ट ऋणी	दिनुमाया श्रेष्ठ	००१००३०४४	बनेपा १०
३	उत्कृष्ट बाल बचत बर्ता	अस्मिता गुरूङ	००१००७४९१	बनेपा ४
४	उत्कृष्ट ज्येष्ठ नागरिक बचत कर्ता	गंगा प्रजापती	००१००६९८८	बनेपा ९
५	उत्कृष्ट आवधिक बचत कर्ता	चण्डिका बस्नेत	००१००२३४०	बनेपा ५

(६) **संस्था एकीकरण सम्बन्धी** : संस्था गाभ्ने वा गाभिने सम्बन्धी आवश्यक कार्बाही अगाडि बढाउने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित भएको थियो । तर यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थासँग एकीकरण हुन आउने उपयुक्त संस्था सम्पर्कमा नआएकोले यस विषयमा कुनै प्रगति भएन ।

(७) **नीति, कार्यविधि र निर्देशिका निर्माण तथा संशोधन** : संस्थामा सुशासन कायम राख्दै दिगो र सुरक्षित संस्थाका रूपमा विकास गर्न आव २०७९/०८० मा निम्न नीति तथा कार्यविधि निर्माण तथा संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

क्र.सं.	नीति तथा कार्यविधि
१	कागज धुलाइ नीति २०७९
२	आर्थिक नीति २०७७ दोश्रो संशोधन २०७९

क्र.सं.	नीति तथा कार्यविधि
३	युवा क्लव गठन कार्यविधि २०७९
४	मानव संसाधन नीति २०७६ को दोश्रो संशोधन २०८०
५	आर्थिक निर्देशिका २०८०

(८) **मानव संशाधन व्यवस्थापन** : संस्थाले गर्नु पर्ने दैनिक कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न गत साधारण सभाबाट प्राप्त अख्तियारी अनुसार पदपूर्ति उपसमितिले संस्थाको मानव संशाधन नीति अनुसार आवश्यक प्रक्रिया पूरा गरी सिफारिस गरेको आधारमा आव २०७९/०८० मा निम्नानुसार नयाँ पदपूर्ति, फायल बढुवा तथा स्थायी नियुक्ति गरिएको व्यहोरा सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

क्र.सं.	तह	कर्मचारीको नाम	नियुक्ती मिति	कैफियत
१	चौथो	सलिन श्रेष्ठ	२०७९/०५/०१	फायल बढुवा
२	तृतीय	प्रमोद श्रेष्ठ	२०७८/०९/०१	परिक्षण अवधि समाप्त भई स्थायी नियुक्ति दिइएको
३	तृतीय	रोमानिशा बादे	२०७८/०९/०१	
४	तृतीय	निकेश सैंजु	२०७८/०९/०१	
५	तृतीय	राजेन्द्र श्रेष्ठ	२०७८/०९/१६	
६	श्रेणी विहीन	गंगा बस्नेत	२०७९/११/०२	खुल्ला प्रतिस्पर्धा
७	श्रेणी विहीन	रमा दुलाल	२०८०/०१/०१	खुल्ला प्रतिस्पर्धा

कर्मचारी अवकास :

क) आव २०७९/०८० मा संस्थाको मानव संशाधन नीति अनुसार ६० वर्षे उमेर हदका कारण विगत २३ वर्षदेखि कार्यरत कार्यालय सहायक श्याम श्रेष्ठले मिति २०७९ चैत्र ३० गतेदेखि अवकास लिनु भएको थियो ।

ख) संस्थामा कार्यरत सरसफाई कर्मचारी बुद्धमाया नार्तेनले मिति २०७९ माघ मसान्त देखि राजिनामा दिई अवकास लिनु भएको थियो ।

(९) **संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण** : संस्थाको ३०औँ वार्षिक साधारण सभाको निर्णय अनुसार आव २०७८/०७९ को मुनाफाबाट छुट्याइएको संरक्षित पूँजीफिर्ता कोषमा रहेको रकम मध्येबाट सदस्यज्यूहरूको बचत कारोबार र ऋण कारोबारको आधारमा आव २०७९/०८० मा रु ५४,३७,४४०।३७ वितरण गर्ने गरिएको थियो भने सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार संस्थाबाट ऋण लिई भाखा नघाउने ऋणी सदस्य र नियमित बचत नगरी निष्क्रिय बस्ने सदस्यज्यूहरूलार्य यस कोषबाट रकम वितरण गर्न सकिएको थिएन । सेयर सदस्यज्यूहरूलाई संस्थाका नियमित रूपमा ऋण तथा बचतको कारोबार गरी यस कोषबाट प्राप्त हुने रकम लिई लाभान्वित हुनुहुन अनुरोध गर्दछु ।

(१०) **संस्थाबाट सम्पन्न भएका सामाजिक कार्यक्रमहरू** : संस्थाले आव २०७९/०८० मा निम्नानुसारका कार्यक्रमहरू सम्पन्न गरेको छ ।

क) २०७९/५/१० गते लक्ष्येश्वर भजन घर वनेपा ८ कोलाटोलमा ७५ वर्ष माथिका ५६ जना जेष्ठ पुरुष सदस्यहरूलाई सम्मान गरिएको थियो । त्यसै गरी मिति २०८० बैशाख ६ गते माता

तिर्थ औँसीको अवसरमा ७५ वर्ष माथिका ७० जना जेष्ठ महिला सदस्यहरूलाई सम्मान गरिएको थियो ।

ख) २०७९/०६/११ गते खुल्ला रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो जसमा ३७ जनाको सहभागिता रहेको थियो भने मिति २०७० फाल्गुण २६ गते गरिएको रक्तदान कार्यक्रममा २४ जना रक्तदाता महानुभावहरूले रक्तदान गर्नु भएको थियो सम्पूर्ण रक्तदाता महानुभावहरूलाई हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

ग) मिति २०७९ माघ २५ गते बनेपा १३ साँगामा निशुल्क आखा शिविर कार्यक्रम आयोजना गरीएको थियो उक्त कार्यक्रममा जम्मा २०४ जना लाभान्वित हुनु भएको थियो जस मध्ये २६ जनालाई शल्यक्रियाको लागि सिफारिस गरिएको थियो भने १३ जनालाई चस्मा वितरण गरिएको थियो ।

घ) संस्थामा आवद्ध शेयर सदस्यहरूलाई सिपसँग जोडी स्वरोजगार बनाउने उद्येश्यले मिति २०७९/१२/०५ देखि २१ गतेसम्म १५ दिने मखमल जुत्ता चप्पल बनाउने तालिम सञ्चालन गरिइको थियो जसमा १९ जना शेयर सदस्यहरूले तालिम लिनुभएको थियो ।

ङ) मिति २०८० जेष्ठ २२ गते बिश्व बातावरण दिवस लाई लक्षित गरी धार्मिक तथा सास्कृतिक महत्वका विभिन्न स्थानहरूमा ८ वटा फोहोर राख्ने डस्टबिन वितरण गरिएको थियो ।

च) सामुदायिक विद्यालय सहयोग कार्यक्रम अन्तरगत चण्डेश्वरी माध्यमिक विद्यालय बनेपा ४ नालालाई भौतिक सामग्री स्वरूप पानी छान्ने फिल्टर प्रदान गरिएको थियो ।

छ) सामाजिक उत्तरदायित्व अर्न्तगत यस संस्थावाट विभिन्न संघसंस्थाहद्वारा सञ्चालित कार्यक्रमा साझेदारी गर्न आर्थिक वर्ष २०७९/०८० मा जम्मा रू.५५००५५/- बराबरको आर्थिक योगदान गरिएको थियो ।

(११) **सेवाकेन्द्र सञ्चालन सम्बन्धमा** : आदरणीय सेयर सदस्यज्यूहरू ! गत वार्षिक साधारण सभाबाट ५ स्थानमा सेवाकेन्द्र स्थापना तथा सञ्चालन गर्ने सम्बन्धी निर्णय भएकोमा बागमती प्रदेश सहकारी महाशाखाबाट बनेपा ४ नाला र पनौति ७ पनौति बजारको लागि मात्र स्वीकृति आएको र स्वीकृति आएको मध्ये बनेपा ४ नालामा स्थापना गरी सञ्चालनमा ल्याइएको र पनौतीमा स्थापना तथा सञ्चालनको क्रममा नै रहेको जानकारी गराउँदछु ।

(१२) **योगदानमा आधारित सदस्य सुरक्षा कार्यक्रम** : सदस्यहरूको स्वयोगदानका आधारमा सदस्यहरूको जीवनमा आईपर्ने विभिन्न खालका घटनामा राहत दिने उद्देश्यले गत साधारण सभाबाट स्वीकृत यो गदानमा आधारित सदस्य सुरक्षा कार्यक्रममा आव २०७९/०८० को अन्त्य सम्ममा जम्मा ११४८ जना सेयर सदस्यज्यूहरूले योगदान गर्नु भएको छ र यस कार्यक्रमबाट आव २०७९/०८० मा १७ जना सेयर सदस्यहरू राहत रकमबाट लाभान्वित हुनुभएको छ ।

(१३) **स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति बिक्री** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट प्राप्त अख्तियारी बमोजिम आव २०७९/०८० मा संस्थाको स्वामित्वमा रहेको उपयोग विहीन अवस्थामा रहेको एक थान जेनेरेटर र एक थान मोटरसाइकल लिलाम विक्री गरिएको छ र उक्त विक्रीबाट प्राप्त भएको पुँजीगत लाभ रकम सहकारी ऐन बमोजिम जगेडा कोषमा राखिएको छ ।

(१४) **सल्लाहकार विषयगत उपसमिति तथा कार्यदल :** संस्थाको ३०औँ वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालन समितिलाई आवश्यक सहयोग गर्न प्राप्त अख्तियारी बमोजिम विषयगत उपसमिति गठन कार्यविधि २०७९ अनुसार निम्नानुसारका विषयगत उपसमिति तथा कार्यदल र संस्थालाई सही मार्ग दर्शन गर्न सल्लाहकारहरू मनोनयन गरिएको छ ।

क्र.सं.	उपसमिति तथा कार्यदलको नाम	संयोजक तथा सदस्यको नाम	पद
क	पदपूर्ति उप-समिति	बुद्धरत्न मानन्धर	संयोजक
		जितेन्द्र भक्त पोटे	सदस्य
		झलेन्द्र प्रसाद दाहाल	सदस्य
ख	पुराना कागज तथा जिन्सी सामान लिलाम विक्री उपसमिति	गणेश कुमार रंजीत	संयोजक
		झलेन्द्र पूसाद दाहाल	सदस्य
		रविन्द्र भक्त पोटे	सदस्य
ग	सेवाकेन्द्र निर्माण उपसमिति	गणेश कुमार रंजित	संयोजक
		सुरेन्द्र प्रजापती	सदस्य
		मनोहरी पोटे	सदस्य
		झलेन्द्र प्रसाद दाहाल	सदस्य
घ	नाला सेवाकेन्द्र व्यवस्थापन उपसमिति	मनोहरी पोटे	संयोजक
		गोपाल श्रेष्ठ	सदस्य
		महेन्द्र श्रेष्ठ	सदस्य
		हिरा देवी श्रेष्ठ	सदस्य
		लक्ष्मी श्रेष्ठ	सदस्य
ङ	शिक्षा तथा समाज कल्याण उपसमिति	पूर्ण पोटे	संयोजक
		सुवन कुमार प्रधान	सदस्य
		कृष्णेश्वरी बैध	सदस्य
च	महिला विकास उपसमिति	रोशना राजवंशी	संयोजक
		रचना न्हुच्छे प्रधान	सदस्य
		बिमला पोटे	सदस्य
		रिता मानन्धर	सदस्य
छ	समूह बचत उपसमिति	रुक्मणी राजभण्डारी	संयोजक
		रिता बादे श्रेष्ठ	सदस्य
		दया प्रजापती	सदस्य
		सुरज प्रजापती	सदस्य

क्र.सं.	उपसमिति तथा कार्यदलको नाम	संयोजक तथा सदस्यको नाम	पद
ज	सदस्य राहात निर्णयक उपसमिति	नविन भक्त बादे (अध्यक्ष)	संयोजक
		गणेश कुमार रंजित (कोषाध्यक्ष)	सदस्य
		झलेन्द्र प्र. दाहाल (प्र.का.अ)	सदस्य
झ	एक्सेस कार्यदल	नविन भक्त बादे (अध्यक्ष)	संयोजक
		बुद्धरत्न मानन्धर (सचिव)	सदस्य
		गणेश कुमार रंजित (कोषाध्यक्ष)	सदस्य
		झलेन्द्र प्र. दाहाल (प्र.का.अ)	सदस्य
		रविन्द्र भक्त पोटे (लेखा प्रमुख)	सदस्य
		रमेश श्रेष्ठ (ऋण प्रमुख)	सदस्य
ञ	सल्लाहकारहरू	विकास बादे	प्रमुख सल्लाकार
		बाल भक्त प्रधान	सल्लाहकार
		इन्द्रनारायण भैल	सल्लाहकार
		जयओम बादे	सल्लाहकार
		हेमन्तराज प्रधान	सल्लाहकार

(१५) **आवद्धता** : संस्थाले विगतका वर्षमा सदस्यता लिएका विभन्न सङ्घ संस्था तथा निकायको आवद्धता कायम राख्दै आव २०७९/०८० मा संस्थाले बागमती प्रदेश सहकारी सङ्घ लि. मा रू.५०००/- को सेयर खरिद गरि सदस्यता लिएको छ ।

(आ) आव २०८०/८१ का प्रस्तावित कार्यक्रमहरू

आदरणीय सेयर सदस्यज्यूहरू ! संस्थाले आफ्नो ब्यावसायिक क्षमता अभिवृद्धि गर्दै संस्थालाई समुदायमा अब्बल बनाउन आव २०८०/०८१ मा निम्न कार्यक्रमहरू गर्ने भएकाले उल्लिखित कार्यक्रमहरू स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(१) **आव २०८०/०८१ को प्रस्तावित वार्षिक व्यवसायिक योजना**

क्र.सं.	कार्यक्रम	वार्षिक लक्ष्य
१	सदस्य थप	
क	सेयर सदस्य थप	१४००
ख	बाल सदस्य थप	१८०
२	डिजिटल बैङ्किङ्गमा सहभागिता थप	
क	मोबाइल बैङ्किङ्गमा सेवा प्रवाह थप	२००० सदस्यमा
ख	एटिम सेवा प्रवाह थप	५०० सदस्यमा
ग	क्यूआर कोड वितरण	५०० सदस्यमा
३	सुशासन	
क	साधारण सभा बैठक	१

क्र.सं.	कार्यक्रम	वार्षिक लक्ष्य
ख	सञ्चालक समिति बैठक	१२ देखि २४
ग	लेखा सुपरिवेक्षण समिति बैठक	१२ देखि १६
घ	नीति तथा कार्यविधि निर्माण	आवश्यकता अनुसार
ङ	नीती तथा कार्यविधि संशोधन	आवश्यकता अनुसार
४	तालिम तथा गोष्ठी	
क	आन्तरिक तालिम तथा गोष्ठी	२
ख	योजना समीक्षा गोष्ठी (त्रैमासिक)	४
ग	सदस्य सिप मूलक तालिम	२
घ	बाह्य तालिम तथा गोष्ठीमा सहभागी	५
ङ	सञ्चालक क्षमता अभिवृद्धि तालिम	१
५	शिविर सञ्चालन	
क	स्वस्थ्य शिविर	२
ख	रक्तदान शिविर	२
ग	जनचेतना मूलक कार्यक्रम (स्वास्थ्य तथा वातावरण)	१
६	युवा परिचालन कार्यक्रम	
क	युवा लक्षित खेलकुद कार्यक्रम	१
७	सदस्य शिक्षा तथा समुदाय भेटघाट तथा विस्तारित मञ्च	
क	सदस्य शिक्षा, साक्षरता कार्यक्रम तथा विस्तारित मञ्च	१८
ख	समुदाय भेटघाट कार्यक्रम	१८
८	भ्रमण	
क	अवलोकन भ्रमण	१
ख	ज्येष्ठ नागरिक तिर्थाटन	१
ग	अन्तर्राष्ट्रिय भ्रमण	आवश्यकता अनुसार
९	सम्मान तथा पुरस्कार	
क	सदस्य सम्मान तथा पुरस्कार	नीति अनुसार
ख	ज्येष्ठ नागरिक सम्मान् माता/पिता सम्मान)	२
ग	ज्योती प्रकाश सैंजु छात्रवृत्ति	कार्यविधि अनुसार
घ	सामुदायिक विद्यालय सहयोग	१
ङ	एसइइ उत्तीर्ण सम्मान	१
च	बाल बचतकर्ता जन्मदिन उपहार कार्यक्रम	निरन्तर
१०	सेवाकेन्द्र थप	
क	सेवाकेन्द्र थप	२
११	मानव संशाधन व्यवस्थापन	
क	दरबन्दी सिर्जना तथा पदपूर्ति	६
१२	प्रकाशन	

क्र.सं.	कार्यक्रम	वार्षिक लक्ष्य
क	वार्षिक प्रतिवेदन	६००० थान
ख	उत्पादन तथा सेवाका फ्लायर तथा ब्रोसर	२००० थान
ग	सन्देश मुलक भिडियो	आवश्यकता अनुसार
घ	इबुलेटिन	एक
ङ	वार्षिक क्यालेण्डर् वाल / टेबुल)	६०००/५०० थान
१३	भौतिक पूर्वाधार विकास	
क	कम्प्युटर नयाँ खरिद	आवश्यकता अनुसार
ख	प्रिन्टर नयाँ खरिद	आवश्यकता अनुसार
ग	स्क्यानर खरिद	आवश्यकता अनुसार
घ	जग्गा खरिद	कम्तिमा ८ आना
ङ	नयाँ फर्निचर् टेबल, कुर्सि र काउन्टर)	आवश्यकता अनुसार
च	सेवाकेन्द्र पूर्वाधार निर्माण	आवश्यकता अनुसार
छ	भल्ट खरिद	२ थान
ज	इन्भटर खरिद	२ सेट
झ	स्मार्ट एल·ई·डी· बोर्ड	१ थान
ण	डिजिटल क्यामरा	१ थान
ट	ऋण व्यवस्थापन वा अन्य सफ्टवेयर	१ थान
ठ	प्रोजेक्टर	१ थान
ड	अन्य कार्यालय उपकरणहरू	आवश्यकता अनुसार

(२) **जग्गा खरिद सम्बन्धमा** : संस्थाको कारोबार र सदस्य सङ्ख्या बढ्दै जाँदा हाल कार्यालय रहेको भवनबाट संस्थाको कारोबार गर्न असहज हुने देखिएकाले संस्थाको हाल कार्यालय रहेको स्थान आसपासमा कार्यालय प्रयोजनको लागि भवन बनाउन घर/जग्गा खरिद गर्न सञ्चालक समितलाई अख्तियार प्रत्यायो जन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(३) **सेवा केन्द्र सञ्चालन सम्बन्धमा** : संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट निर्णय भए अनुसार बागमती प्रदेश सहकारी महाशाखाबाट बनेपा ४ नाला र पनौती ७ पनौती बजारको लागि मात्र स्वीकृत आएको हुदाँ संस्थाको कार्यक्षेत्र भित्र अन्य निम्न स्थानको लागि सेवाकेन्द्र खेल्ने प्रस्ताव स्वीकृत गरि दिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

क) नमोबुद्ध - २, भकुण्डे बजार
ख) पाँचखाल - ४, पाँचखाल बजार
ग) धुलिखेल - ७, धुलिखेल बजार

साथै यस साधारण सभाबाट निर्णय भए पश्चात आवश्यक प्रक्रिया पूरा गरी प्रदेश सहकारी विभागबाट महाशाखाबाट केन्द्र सञ्चालन सम्बन्धी स्वीकृति प्राप्त भए पश्चात उल्लिखित स्थानमा सेवा केन्द्र खोली सदस्यहरूलाई सेवा प्रवाह गराइने व्यहोरा यस सम्मानित हल समक्ष जानकारी गराउँदछु ।

(४) **संस्था एकीकरण सम्बन्धमा** : संस्थाको कार्यक्षेत्र भित्र वा कार्यक्षेत्र जोडिएर सञ्चालनमा आएका कुनै पनि विषयका सहकारी संस्थाहरू यस संस्थासँग एकीकरण हुन चाहेमा एकीकरण गर्ने प्रक्रिया अगाडि

बढाई एकीकरण गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(५) **स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति विक्री गर्ने सम्बन्धमा** : आगामी वर्ष संस्थामा उपयोग भई भविष्यमा उपयोग गर्न नसकिने अवस्थामा पुगेका भौतिक सम्पत्ति तथा धितो लिलामबाट कुनै सम्पत्ति प्राप्त भएमा बिक्री गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(६) **व्याजदर संशोधन तथा परिमार्जन सम्बन्धमा** : वित्तीय बजारमा आएको परिवर्तनसँगै संस्थाको बचत तथा ऋणको व्याजदरमा आवश्यकतानुसार सन्दर्भ व्याजदर र बजारदरका आधारमा संशोधन तथा परिमार्जन गर्न आव २०८०/०८१ को लागि सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(७) **लेखा परीक्षक नियुक्ती सम्बन्धमा** : संस्थाको आव २०८०/०८१ को अन्तिम लेखा परीक्षण गर्न चार्टर्ड एकाउन्टेन्ट्स फर्महरूको लागि मिति २०७९ श्रावण १६ गते प्रकाशित सूचनाका आधारमा पर्न आएका आवेदनहरू मध्ये सबैभन्दा उपयुक्त लेखा परीक्षक काठमाडौं १० नयाँ बानेश्वर स्थित फर्म दर्ता नं. १०१९ पेशागत प्रमाण पत्र नं. ११४२ को श्रेष्ठ सुनिल एण्ड एसोसिएट्सलाई लेखा परीक्षण शुल्क रू.१५०,०००/- (अक्षरूपि एकलाख पचास हजार मात्र) पारिश्रमिक दिने गरी नियुक्ती गर्ने र कागेश्वरी मनोहरा ६, काठमाडौं स्थित फर्म दर्ता नं. १०१५ तथा पेशागत प्रमाण पत्र नं.११३५ को पि. विनय एण्ड एसोसिएट्स लाई लेखा परीक्षण शुल्क रू.१५०,०००/-(अक्षरूपि एकलाख पचास हजार मात्र मात्र) पारिश्रमिक दिने गरि बैकल्पिक लेखा परीक्षकको रूपमा नियुक्त गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(८) **नियमित मासिक बचत सम्बन्धमा** : संस्थामा आवद्ध सेयर सदस्यहरूले मासिक रूपमा गर्ने नियमित बचत हाल न्यूनतम रू. १००।०० रहेकोमा त्यसलाई बढाई मासिक न्यूनतम रू.२००।०० बनाउने र उक्त रकम सदस्यज्यूहरूलाई संस्थामा आई जम्मा गर्न हरेक महिना सदस्य कार्यालय सम्म आउन असहज हुन सक्ने भएकोले सदस्यको सुविधालाई मध्यनगर गर्दै सम्बन्धित सदस्यको मासिक ऐच्छिक खाताबाट मासिक नियमित बचत खातामा रकमान्तर गर्ने गरी प्रस्ताव स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

अन्त्यमा मैले यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औँ वार्षिक साधारण सभामा प्रस्तुत आव २०७९/०८० को प्रगति प्रतिवेदन तथा २०८०/०८१ को प्रस्तावित कार्यक्रम माथि गहन अध्ययन गरी सो सम्बन्धमा यहाँहरूको अमूल्य सल्लाह र सुझावको अपेक्षा गर्दै मेरो प्रतिवेदनमा उल्लेख भए गरेका कार्यहरूलाई अनुमोदन गरी दिनुहुन साथै प्रस्तुत प्रस्तावहरूलाई समेत पारित गरिदिनु हुनेछ भन्ने विश्वास र आशाका साथै आगामी दिनहरूमा पनि यहाँहरूको सल्लाह र सुझावको अपेक्षा गर्दै संस्थाको मात्रात्मक र गुणात्मक विकास र वृद्धिमा साथ र सहयोग गर्नुहुने तथा गत साधारण सभाबाट स्वीकृत योजना कार्यन्वयनमा अनवरत खट्नुहुने सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, विषयगत उपसमितिका सदस्यज्यूहरू र संस्थाका कर्मचारीहरूमा हार्दिक धन्यबाद दिन चाहन्छु । नजिकै आई रहेको विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४४ साथै छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मेरो प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यबाद ! जय सहकारी ! जय चण्डेश्वरी !

कोषाध्यक्षको प्रतिवेदन



गणेश कुमार रंजित
कोषाध्यक्ष

कोषाध्यक्षबाट प्रस्तुत आ.व २०७९/०८० को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित आर्थिक कार्यक्रम तथा बजेट

यस संस्थाको ३१औँ वार्षिक साधारण आ.व.का आ.व.अध्यक्षज्यू, सञ्चालक समिति पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, संस्थाका विभिन्न विषयगत उपसमिति तथा कार्यदलका संयोजक तथा सदस्यज्यूहरू साथै यस संस्थाको ३१औँ वार्षिक साधारण आ.व.लाई सफल पार्न पाल्नु हुने सम्पूर्ण सदस्यज्यूहरू लगायत संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी वर्गहरूमा हार्दिक सहकारी अभिबादन व्यक्त गर्दछु ।

आदरणीय सेयर सदस्यज्यूहरू !

सहकारी अभियानमा लामो समयदेखि यस संस्थाले समुदायमा आधारित तथा सदस्य केन्द्रित सहकारी संस्थाको रूपमा तल्लिन रहदैँ ३१औँ वार्षिक साधारण आ.व. मनाउन पाउँदा खुसीको अनुभुती भइरहेको छ । यस अवधि सम्म आइपुग्दा संस्थाले विभिन्न समस्या तथा चुनौतीहरू पार गर्दै संस्थाको ध्येय र मूल्य मान्यताहरू साथै सहकारी सिद्धान्तलाई आत्मसाथ गर्दै अगाडि बढी रहेको छ । संस्थाको कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्ला भरी भएता पनि जिल्लाको सबै क्षेत्रमा सेवा प्रवाह गर्न सकिएको छैन, तर निकट भविष्यमा सेवा विस्तार गर्दै जिल्ला भरका सबै सदस्यहरूको पहुँच पुग्ने गरी सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको व्यहोरा यस आ.व. समक्ष राख्न चाहान्छु । विगतमा हामी कोभिड १९ को सङ्कटसँग जुद्दै आएको कुरामा यहाँहरू जानकार नै हुनुहुन्छ । कोभिडको प्रभाव न्यून भएता पनि रूस-युक्रेन युद्धले विश्व अर्थ व्यवस्थामा पारेको प्रभावको कारणले गत आ.व.देखि नै आर्थिक मन्दीको सामना गरिरहनु परेको छ । आ.व.को सुरूमा बजारमा तलरताको अभाव देखिएकाले व्याजदरमा चाप परेको थियो भने आ.व.को तेश्रो त्रैमासदेखि बजारमा तरलताको अभाव क्रमश सुधार हुँदै गएको भएता पनि लगानीका क्षेत्रहरू जोखिम रहित हुन सकेका छैनन् । फलस्वरूप लगानीलाई अपेक्षित रूपमा बढाउन सकिएको छैन । यसको बावजुद हामी हाम्रा सदस्यहरूले संस्थामा गरेका कारोबारलाई सुरक्षित राख्न योजनाबद्ध ढंगबाट अगाडि बढिरहेको कुरा यस सम्मानित आ.व. समक्ष राख्न चाहन्छु । आ.व. २०७९/०८० मा यावत कारणका बाबजुद हामीले कुल सदस्य सङ्ख्या ९,१२२ जना र कुल सम्पत्ति रू.१ अर्व २९ करोड पुर्‍याउन सफल भएका छौँ । आदरणीय सेयर सदस्यज्यूहरू ! अव म संस्थाको आ.व. २०७९/०८० को आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु ।

(अ) **आ.व. २०७९/०८० को आर्थिक समीक्षा प्रतिवेदन**

(१) **आ.व. २०७९/०८० को आर्थिक प्रगति समीक्षा** : ३० औँ वार्षिक साधारण आ.व.बाट स्वीकृत लक्ष्य अनुसार निम्नानुसार प्रगति भएको व्यहोरा सम्मानित सभा समक्ष पेश गर्दछु ।

रू. हजारमा

क्र.स	विवरण	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०			
			लक्ष्य	प्रगती	प्रगती/ प्रतिशत	वृद्धी दर
१	सदस्य	८१३३	९३३३	९१२२	९७।७४%	८७।१४%
२	संस्थागत कोष	११२९७८	१२६८९६	१३०६३१	१०२।९४%	८९।०३%
३	शेयर पूँजी	११४५७८	१३३५७५	१११५६६	८३।५२%	८५।७८%
४	बचत	८५५५३५	९७५०९९	९६७२५८	९९।२०%	८७।७४%
५	ऋण लगानी	९२०८२७	१०३९२८२	१००३०६६	९६।५२%	८८।६०%
६	तरल लगानी	६५०००	३८६४६	१०४३२२	२६९।९४%	१६८।१९%
८	कुल आम्दानी	१३२,०९५	१५७७७९	१५९७५८	१०१।२५%	८३।७२%
९	कुल खर्च	८५,८३२	१०३६२३	११०,०४८	१०६।२०%	८२।८३%
१०	खुद आम्दानी	५०,२६३	५४१५६	४९,७१०	९१।७९%	९२।८१%
११	जम्मा पूँजी	११६६५००	१३३२४१३	१,२८९,७८५	९६।८०%	८७।५५%

(२) **आ.व. २०७९/०८० को स्वीकृत बजेट समीक्षा :** संस्थाको ३०औँ वार्षिक साधारण आ.व.बाट स्वीकृत बजेट अनुसार आ.व. २०७९/०८० मा निम्नानुसार खर्च भएको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

क्र.सं.	खर्च शीर्षक	विनियोजित बजेट	खर्च भएको	खर्च प्रतिशत
१	वित्तीय खर्च	७२६९८२३०।०४	८८,०४८,६४२।१३	१२१।१२%
२	कर्मचारी खर्च	१५१५३००६।४२	११,२३५,०२४।९८	७४।१४%
३	सञ्चालक खर्च	१८५५४७०।१७	१३७०४७०।००	७३।८६%
४	साधारण आ.व. खर्च	४६३८६७५।४४	३,५५८,९७२।८२	७६।७२%
५	कार्यालय सञ्चालन खर्च	४०२०१८५।३८	३९,३५३५०।४५	९७।८९%
६	अन्य कार्यक्रम खर्च	३०९२४५०।२९	५४८७३१।१५	१७।७४%
७	घरभाडा तथा ह्रासकट्टी खर्च	२१६४७१५।२	१३५१३९६।२३	६२।४३%
	जम्मा खर्च	१०३६२२७३२।९	११००४८५८७।७६	१०६।२०%

आदरणीय सेयर सदस्यज्यूहरू आ.व. २०७९/०८० को सुरूदेखि तेश्रो त्रैमास सम्म वित्तीय बजारमा देखिएको तरलता अभावले व्याजदरमा चाँप परेको हुँदा वित्तीय खर्च तर्फको बजेट विनियोजन गरिएको भन्दा बढी हुन गएको छ भने अन्य बजेट शीर्षकमा संस्थाले अत्यन्त मितव्ययी ढंगबाट संस्था सञ्चालन गर्दा खर्च नियन्त्रण हुन सकेको छ । जसले गर्दा विनियोजन गरिएको भन्दा कम खर्च भएको छ ।

(३) **कोष रकमान्तर :**

यस संस्थाको आ.व.२०७८/०७९ को मुनाफाबाट बाँडफाँड भई आ.व. २०७९/०८० मा खर्च भई बाँकी रहेको कोषहरू मध्येबाट सामुदायिक विकास कोषबाट रू. ९,००,०००/- र सहकारी विकास कोषबाट रू.१,००,०००/- सदस्य सुरक्षा कोषमा रकमान्तर गरि बाँकी रहेका निम्नानुसारका कोशहरूका रकम संस्थागत कोषमा रकमान्तर गरी संस्थागत कोष वृद्धि गरिएको छ । उल्लिखित रकमान्तर गरिएको विवरण सहकारी ऐन, नियमावली तथा सहकारी सङ्घ संस्था नियमन तथा अनुगमन मापदण्ड अनुसार गरिएको हुँदा अनुमोदन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

क्र.सं.	कोशहरू	रकमान्तर गरिएको रकम
१	संरक्षित पुँजी फिर्ता कोष	२७०७८५४।९४
२	सहकारी शिक्षा कोष	१,९७,२७७।७५
३	घाटा पूर्ति कोष	१२,१३,६४९।००
४	सहकारी विकास कोष	३,४४,७१६।७८
५	समुदाय विकास कोष	३६,५६२।१०
६	जोखिम व्यहोर्ने कोष	१२१३६४९।००
७	सेयर लाभांश कोष	१,९६,५१६।०१
	जम्मा रकमान्तर रकम	३,६१५,०३६।५४

(४) **पर्ल्स विवरण** : संस्थाको वित्तीय स्वस्थ्यतालाई मापन गर्ने महत्वपूर्ण औजारको रूपमा रहेको पर्ल्स अनुगमन पद्धत्तिलाई संस्थाले विगतका वर्षहरूदेखि नै अपनाउँदै आएको छ । आ.व. २०७९/०८० को अन्त्य सम्मको पर्ल्स अनुपात निम्नानुसार रहेको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

PEARLS Ratios Under GAP					Result	
	Indicators	Goal	Numerator	Denominator	This year	Last Year
P=Protection						
p1	Reserve for loan loss >12 months	100%	15420166.77	15420166.77	100.00	100.00
P2	Reserve for loan loss <12 months	35%	2916056.39	8331589.68	35.00	35.00
P2×	Reserve for Good Loan	1%	9793147.15	979314714.9	1.00	1.00
P3	Recovery of Charge of loan	100%	1978649.09	2,165,689.26	91.36	91.36
E=Effective financial structure						
E1	Net Loan to total assets	70–80%	974937101.06	1289785154	75.59	76.70
E3	Financial Investments to total assets	Max 10%	14322000	1289785154	1.11	6.82
E5	Saving to total assets	70–80%	967258104.06	1289785154	74.99	73.51
E6	External loan to total assets	0%	0	1289785154	0.00	0.00
E7	Share capital to total assets	10–20%	111566100.00	1289785154	8.65	9.85
रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्टस्

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
पहिलाको GAAP अनूसार कर्जा तथा सापटी रकम	७३९,०४८,०८०।१८	९२०,८२६,७६४।१५
कर्मचारीलाई प्रदान गरिएको कर्जा सापटी	(२,५३५,०००।००)	(८,२८५,०००।००)
हानी नोक्सानीको लागि व्यवस्था	(३०,१८१,९३७।४३)	(२८,१८२,९२३।१३)
उठाउनु पर्ने व्याज	७१२,६३४।७२	२,१२६,८७१।९५
NFRS अनूसार कर्जा तथा सापटी रकम	७०७,०४३,७७७।४७	८८६,४८५,७१२।९७

व्याख्यात्मक नोट ३: कर्मचारीलाई प्रदान गरिएको कर्जा सापटी

संस्थाले कर्मचारीलाई सहुलियतमा ऋण र सापटी उपलब्ध गराउँदैन । तसर्थ, सहुलियतपूर्ण कर्जाका लागि NFRS 9 अनुसार यस अवधि र तुलनात्मक अवधिहरुमा उचित मूल्य समायोजन (Fair Value Adjustment) आवश्यक छैन ।

विवरण	२०७९ आषाढ ३२	टिप्पणी
कर्मचारीलाई प्रदान गरिएको कर्जा सापटी लागतमा मापन गरिएको	८,२८५,०००।००	पहिलाको GAAP अनूसार किताबी मौज्दात
उचित मूल्य समायोजन (Fair Value Adjustment)	-	सहुलियत ऋणमा उचित मूल्य समायोजन
जम्मा	८,२८५,०००।००	

व्याख्यात्मक नोट ४: लगानी उपकरण

पहिलाको GAAP मा बैंक तथा वित्तीय संस्थामा गरिएको मुद्धती लगानीलाई लगानीको रुपमा प्रस्तूत गरिएको थियो भने NFRS अनुसार तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई नगद र नगद समान सरह अन्तर्गत प्रस्तुत गरिएको छ र सो भन्दा बढी अवधि रहेको मुद्धती लगानीलाई बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट अन्तर्गत प्रस्तुत गरिएको छ ।

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
पहिलाको GAAP अनूसार लगानी उपकरण	२१७,२१६,०००।००	७९,३१७,०००।००
तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मुद्धती लगानी (नगद तथा नगद सरहमा वर्गीकरण गरिएको)	(८८,०००,०००।००)	(३०,०००,०००।००)
तीन महिना भन्दा बढी अवधिमा परिपक्व हुने मुद्धती लगानी (बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्टमा वर्गीकरण गरिएको)	(११५,०००,०००।००)	(३५,०००,०००।००)
NFRS अनूसार लगानी उपकरण	१४,२१६,०००।००	१४,३१७,०००।००

व्याख्यात्मक नोट ५: चालु कर सम्पत्ति

अघिल्लो GAAP अन्तर्गत; हालको कर दायित्वहरूलाई वित्तीय स्थितिको विवरणमा छुट्टै लाइन आईटमको रूपमो रूपमा प्रस्तुत गरिएको थियो र आयकरको अग्रिम भुक्तानीहरू "अन्य सम्पत्तिहरू" अन्तर्गत प्रस्तुत गरिएको थियो भने NFRS अनुसार अग्रिम कर भुक्तानी र हालको कर दायित्वहरू नेट-अफ (Net off) गरिएको छ र चालु कर सम्पत्ति वा चालु कर दायित्व को रूपमा प्रस्तुत गरिएको छ ।

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्टस्

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
चालु कर दायित्व	(९२२,६२५।७७)	(२,२९०,२३२।३२)
चालु कर सम्पत्ति	६,३५९,०३९।८७	८,०६९,५३६।६९
खुद चालु कर सम्पत्ति/(दायित्व)	५,४३६,४१४।१०	५,७७९,३०४।३७

व्याख्यात्मक नोट ६: लगानी सम्पत्ति

संस्थाले "लगानी सम्पत्ति" को रूपमा वर्गीकृत गर्नु पर्ने कुनै पनि सम्पत्ति छैन ।

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
पहिलाको GAAP अनूसार गैर बैंकिङ सम्पत्ति	-	-
NFRS अनूसार लगानी सम्पत्ति	-	-
संस्थाको स्थगन लगानी सम्पत्तिको रूपमा वर्गीकृत गर्नु पर्ने कुनै पनि सम्पत्ति नभएकाले कुनै पुनरावलोकन आवश्यक परेन ।		

व्याख्यात्मक नोट ७: सम्पत्ति र उपकरण र ख्याती तथा अभौतिक सम्पत्ति

पहिलाको GAAP मा अमूर्त सम्पत्ति र सम्पत्ति र उपकरण "स्थिर सम्पत्ति" अन्तर्गत समूहबद्ध गरिएको थियो । NFRS अनुसार छुट्टै लाइन आईटमको रूपमा प्रस्तुत गरिएको छ ।

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
पहिलाको GAAP अनूसार स्थिर सम्पत्ति	९,७०५,९७५।३७	१०,४१७,८६९।३०
ख्याती तथा अभौतिक सम्पत्ति	(१९१,०४४।१३)	(९२,२१४।५९)
पहिलाको **GAAP** अनूसार सम्पत्ति र उपकरण	९,५१४,९३१।२४	१०,३२५,६५४।७०
ह्रासकट्टिको असर	-	२२२,४७५।२३
परिशोधनको असर	-	(६०,६२०।७०)
NFRS अनूसार सम्पत्ति र उपकरण	९,५१४,९३१।२४	१०,४८७,५०९।२३

व्याख्यात्मक नोट ८: पट्टा सम्पत्ति

NFRS 16 बमोजिम पट्टाहरूको लेखाङ्कनमा पट्टा सम्पत्ति र सम्बन्धित पट्टा दायित्वको लेखाङ्कन गरिएको छ । सो सम्बन्धित ववरणहरू नोट ४.१० मा प्रस्तुत गरिएको छ । यस्तो पट्टा सम्पत्ति र पट्टा दायित्व अघिल्लो GAAP मा पहिचान गरिएको थिएन । विवरणहरू निम्नानुसार छन् :

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
पहिलाको GAAP अनूसार आर.ओ.यू सम्पत्ति	-	-
NFRS मा अवस्थान्तर हुँदाको पुन: मापन असर	२३४,२५०।१०	१००,३९२।९०
NFRS अनूसार आर.ओ.यू सम्पत्ति	२३४,२५०।१०	१००,३९२।९०

व्याख्यात्मक नोट ९: स्थगन कर सम्पत्ति(दायित्व)

पहिलाको GAAP मा स्थगन कर सम्पत्ति(दायित्व) पहिचान गरिएको थिएन भने NFRS अनुसार सम्पत्ति र उपकरण, परिभाषित लाभ दायित्वहरू, अन्य दीर्घकालीन कर्मचारी लाभहरू र व्याज मुल्तवीको अस्थायी भिन्नताका कारण स्थगन कर सम्पत्ति/(दायित्व) लेखांकन गरिएको छ । विवरणहरू निम्नानुसार छन् :

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
पहिलाको GAAP अनूसार स्थगन कर सम्पत्ति/(दायित्व)	-	-
NFRS मा अवस्थान्तर हुँदाको पुन: मापन असर	(८,७८२।७७)	(८,७८२।७७)

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स् चार्टर्ड एकाउन्टेण्ट्स्

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
आर्थिक वर्ष २०७८–७९ को लागि अस्थायी भिन्नताहरूमा परिवर्तनका कारण नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको असर	-	(१४२,६९२।७०)
आर्थिक वर्ष २०७८-७९ को लागि अस्थायी भिन्नताहरूमा परिवर्तनका कारण अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको असर	-	-
NFRS मा अवस्थान्तर हुँदाको पुन: मापन असर	(८,७८२।७७)	(१५१,४७५।४७)
NFRS अनूसार स्थगन कर सम्पत्ति/(दायित्व)	(८,७८२।७७)	(१५१,४७५।४७)

व्याख्यात्मक नोट १०: अन्य सम्पत्ति

NFRS मा अवस्थान्तर हुँदा विभिन्न पुनः मापन र पुनः वर्गीकरणले GAAP को तुलनामा NFRS अनुसार "**अन्य सम्पत्तिहरू**" मा भिन्नता भएको छ। विवरणहरू निम्नानुसार छन्

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
GAAP अनूसार अन्य सम्पत्ति	१६,९३१,२७९।७१	१९,३८३,१८८।५१
चालु कर सम्पत्तिलाई अलग्गै वित्तिय अवस्थाको विवरणमा देखाईएको व्याख्यात्मक नोट ५	(६,३५९,०३९।८७)	(८,०६९,५३६।६९)
गैर बैंकिङ सम्पत्तिलाई अलग्गै वित्तिय अवस्थाको विवरणमा देखाईएको व्याख्यात्मक नोट ६	-	-
उठाउनु पर्ने व्याजलाई अलग्गै वित्तिय अवस्थाको विवरणमा देखाईएको व्याख्यात्मक नोट २	(६,०५२,९१२।२४)	(५,५९८,९०१।३०)
NFRS अनूसार अन्य सम्पत्ति	४,५१९,३२७।६०	५,७१४,७५०।५२

व्याख्यात्मक नोट ११: निक्षेप दायित्व

पहिलाको GAAP अनुसार सदस्यलाई भुक्तानी गर्न बाकि व्याज अन्य दायित्वमा प्रस्तूत गरिएको थियो भने NFRS अनुसार सदस्यबाट निक्षेपमा प्रस्तूत गरिएको छ।

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
GAAP अनूसार निक्षेप दायित्व	८७२,४५२,७३९।६६	८५५,५३४,९२६।०८
सदस्यलाई भुक्तानी गर्न बाकि व्याज	६,४५२,०६३।५२	५,१६५,६३२।५०
NFRS अनूसार निक्षेप दायित्व	८७८,९०४,८०३।१८	८६०,७००,५५८।५८

व्याख्यात्मक नोट १२: व्यवस्था

अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वहरू

अघिल्लो GAAP अन्तर्गत, घर बिदा र बिरामी बिदा सम्बन्धी अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वहरू प्रतिवेदन मितिमा संचित भएको रकम बराबरको अप्रत्याशित मात्रामा मापन गरिएको थियो।

यी व्यवस्था गरिएका रकमहरुलाई व्यवस्थापनले पुनः मापन गरेको छ। पुनः मापन गर्दा अपुग व्यवस्था रकमलाई संस्थाले नाफा नोक्सान हिसाबमा लेखांकन गरेको छ।

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
GAAP अनूसार अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वहरू	-	-
NFRS मा अवस्थान्तर हुँदाको पुन: मापन असर	१,२९१,०२५।६१	१,२९१,०२५।६१
NFRS अनूसार अन्य दिर्घकालिन कर्मचारी लाभ दायित्वहरू	१,२९१,०२५।६१	१,२९१,०२५।६१

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स् चार्टर्ड एकाउन्टेण्ट्स्

व्याख्यात्मक नोट १३: स्थगन अनुदान आय

संस्थाले स्थगन अनुदान आयको रूपमा वर्गीकृत गर्नु पर्ने कुनै पनि सम्पत्ति छैन ।

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
स्थगन अनुदान आय	-	-
संस्थाको स्थगन अनुदान आयको रूपमा वर्गीकृत गर्नु पर्ने कुनै पनि सम्पत्ति नभएकाले कुनै पुनरावलोकन आवश्यक परेन ।		

व्याख्यात्मक नोट १४: अन्य दायित्वहरु

NFRS मा अवस्थान्तर हुँदा विभिन्न पुनः मापन र पुनः वर्गीकरणले GAAP को तुलनामा NFRS अनुसार "**अन्य दायित्वहरु**" मा भिन्नता भएको छ । विवरणहरू निम्नानुसार छन् :

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
GAAP अनूसार अन्य दायित्वहरु	१५,४७५,७९३।७४	१६,५०७,५६३।५७
सदस्यलाई भुक्तानी गर्न बाकि व्याज अलग्गै वित्तिय अवस्थाको विवरणमा देखाईएको व्याख्यात्मक नोट ११	(६,४५२,०६३।५२)	(५,१६५,६३२।५०)
व्याज मुल्तबी	(६,०५२,९१२।२४)	(५,५९८,९०१।३०)
NFRS अनूसार अन्य दायित्वहरु	२,९७०,८१७।९८	५,७४३,०२९।७७

व्याख्यात्मक नोट १५: NFRS समायोजन कोष

NFRS समायोजन कोष संस्थाले NFRS को समायोजन आवश्यकताको कारण सिर्जना भएको नाफालाई "**संचित नाफा**" (Retained Earnings) को रुपमा लेखांकन गर्न स्थापना गरेको हो । सो संचित नाफालाई संस्थाले वितरण योग्य नाफामा गणना गरेको छैन ।

GAAP र NFRS अनुसार "NFRS समायोजन कोष/संचित नाफा" बीचको हिसाब मिलान निम्न रूपमा प्रस्तुत गरिएको छ :

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
GAAP अनूसार NFRS समायोजन कोष	-	-
NFRS मा अवस्थान्तर हुँदाको NFRS समायोजन कोष	-	७०३,८५१।९५
व्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको	७१२,६३४।७२	-
माथिको व्याज आम्दानीमा स्थगित करको प्रभाव	(८,७८२।७७)	-
NFRS मा अवस्थान्तर हुँदाको पुन: मापन असर	-	-
आ.व. २०७८-७९को NFRS मा रूपान्तरणको प्रभाव	-	१,४२८,३८२।५९
NFRS अनूसार NFRS समायोजन कोष	**७०३,८५१।९५**	**२,१३२,२३५।०४**

व्याख्यात्मक नोट १६: अन्य कोषहरु

GAAP र NFRS अनुसार "अन्य कोषहरु" बीचको हिसाब मिलान निम्न रूपमा प्रस्तुत गरिएको छ :

विवरण	२०७८ श्रावण १	२०७९ आषाढ ३२
GAAP अनूसार अन्य कोषहरु	१,२९१,०२५।६१	१४२,२४४।४४
अन्य दिर्घकालिन कर्मचारी लाभ लाई पुनः वर्गीकरण गरिएको	(१,२९१,०२५।६१)	(१३६,७९८।६८)
NFRS अनूसार अन्य कोषहरु	**-**	**५,४४५।७६**

व्याख्यात्मक नोट: NFRS अपनाउनाले २०७८-७९ विस्तृत आम्दानीको हिसाब विवरणमा परेको प्रभाव

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स् चार्टर्ड एकाउन्टेण्ट्स्

व्याख्यात्मक नोट १७: व्याज आम्दानी

पहिलाको GAAP मा कर्जा तथा सापटी व्याज आम्दानीलाई नगद प्राप्ति अनुसार लेखाङ्कन गरिन्थ्यो भने NFRS मा प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ। (नोट ४.२८ मा प्रस्तुत गरिएको)
पहिलाको GAAP मा कर्जा सेवा शुल्कलाई अन्य सञ्चालन आम्दानीमा प्रस्तुत गरिएको थियो भने NFRS अन्तर्गत व्याज आम्दानीमा पुनः वर्गिकरण गरिएको छ।

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार व्याज आम्दानी	१२४,६०६,६२२।६२
NFRS अनुसार व्याज मूल्तबीलाई आम्दानी जनाईएको	१,४१४,२३७।२३
सेवा शुल्कलाई व्याज आम्दानी पुनः वर्गिकरण गरिएको	५,३५०,७६०।००
NFRS अनुसार व्याज आम्दानी	१३१,३७१,६१९।८५

व्याख्यात्मक नोट १८: व्याज खर्च

पहिलाको GAAP अनुसार संचालन पट्टा अन्तर्गतको खर्चलाई पट्टा अवधि भर समदर रुपमा खर्च लेखाङ्कन गरिन्थ्यो भने NFRS 16 अनुसार आर.ओ.यु सम्पत्ति र पट्टा दायित्वको लेखाङ्कन गर्नूपर्ने हुन्छ। यसरी सिर्जना भएको पट्टा दायित्वमा लाग्ने व्याज खर्चलाई नाफा नोक्सान विवरणको व्याज खर्च अन्तर्गत प्रस्तुत गरिएको छ।

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार व्याज खर्च	६७,५९५,९१५।२४
NFRS अनुसार पट्टा दायित्वमा लाग्ने व्याज खर्च	१७,६२५।९७
NFRS अनुसार व्याज खर्च	६७,६१३,५४१।२१

व्याख्यात्मक नोट १९: शुल्क तथा कमिशन आम्दानी

पहिलाको GAAP अनुसार कुनै पनि आयलाई "शुल्क र कमिशन" को रूपमा वर्गिकृत गरिएको थिएन। NFRS अन्तर्गत हर्जना शुल्क, डेबिट कार्ड कमिसन र अन्य शुल्कहरूलाई, जुन प्रभावकारी व्याज दर विधिमा गणना गरिदैन, शुल्क तथा कमिशन आम्दानीमा पुनः वर्गिकरण गरिएको छ। यी शुल्कहरुलाई पहिलाको GAAP अन्तर्गत अन्य संचालन आम्दानीमा प्रस्तुत गरिएको थियो।

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार शुल्क तथा कमिशन आम्दानी	(
अन्य सञ्चालन आम्दानीलाई शूल्क तथा कमिसन आम्दानीमा पुनः वर्गिकरण गरिएको	१,०५७,८१२।०९
NFRS अनुसार शुल्क तथा कमिशन आम्दानी	१,०५७,८१२।०९

व्याख्यात्मक नोट २०: शुल्क तथा कमिशन खर्च

पहिलाको GAAP अनुसार कुनै पनि खर्चलाई "शुल्क र कमिशन" को रूपमा वर्गिकृत गरिएको थिएन। NFRS अन्तर्गत कमिशन खर्च, डेबिट कार्ड कमिसन र अन्य कमिशन खर्चहरूलाई शुल्क तथा कमिशन खर्चमा पुनः वर्गिकरण गरिएको छ। यी शुल्कहरुलाई पहिलाको GAAP अन्तर्गत अन्य संचालन खर्चमा प्रस्तुत गरिएको थियो।

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार शुल्क तथा कमिशन खर्च	-
अन्य सञ्चालन खर्चलाई शूल्क तथा कमिसन खर्चमा पुनः वर्गिकरण गरिएको	५२६,९५८।४१
NFRS अनुसार शुल्क तथा कमिशन खर्च	५२६,९५८।४१

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स् चार्टर्ड एकाउन्टेण्ट्स्

व्याख्यात्मक नोट २१: अन्य सञ्चालन आम्दानी

पहिलाको GAAP अनुसार सेवा शुल्कलाई र कमिशन आम्दानीलाई अन्य सञ्चालन आम्दानीको रूपमा वर्गिकृत गरिएको थियो । NFRS अन्तर्गत सेवा शुल्कलाई व्याज आम्दानीमा र कमिशन आम्दानीलाई शूल्क तथा कमिसन आम्दानीमा वर्गिकरण गरिएको छ ।

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार अन्य सञ्चालन आम्दानी	९,४८८,५६७।४१
अन्य सञ्चालन आम्दानीलाई शूल्क तथा कमिसन आम्दानीमा पुनः वर्गिकरण गरिएको ९व्याख्यात्मक नोट १९०	(१,०५७,८१२।०९)
अन्य सञ्चालन आम्दानीलाई व्याज आम्दानीमा पुनः वर्गिकरण गरिएको (**व्याख्यात्मक नोट १७**)	(५,३५०,७६०।००)
NFRS अनुसार अन्य सञ्चालन आम्दानी	३,०७९,९९५।३२

व्याख्यात्मक नोट २२: कर्मचारी खर्च

NFRS अन्तर्गत निम्न पुनः मापन र पुनः वर्गिकरणले पहिलाको GAAP तुलनामा कर्मचारी खर्चमा अन्तर देखिएका छन् :

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार कर्मचारी खर्च, कर्मचारी बोनस सहित	१४,१८५,५८१।९०
परिभाषित लाभ दायित्व खर्च र अन्य दीर्घकालीन कर्मचारी लाभ खर्चको पुनः मापन (**व्याख्यात्मक नोट ११**)	
पहिलाको GAAP अन्य सञ्चालन खर्चको पोशाक र विमा खर्चलाई पुनः वर्गिकरण गरिएको	३१८,०२२।२०
पहिलाको GAAP अन्य सञ्चालन खर्चको कर्मचारी तालिम खर्चलाई पुनः वर्गिकरण गरिएको	१७२,६८३।४०
NFRS अनुसार कर्मचारी खर्च	१४,६७६,२८७।५०

व्याख्यात्मक नोट २३: अन्य सञ्चालन खर्च

NFRS अन्तर्गत निम्न पुनः मापन र पुनः वर्गिकरणले पहिलाको GAAP तुलनामा अन्य सञ्चालन खर्चमा अन्तर देखिएका छन् :

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार अन्य सञ्चालन खर्च	८,४९१,८८८।२३
ह्रासकट्टि र परिशोधन खर्चलाई पुनः मापन र पुनः वर्गिकरण गरिएको	(१,१२८,६६७।३६)
NFRS अन्तर्गत कर्मचारी तालिम खर्चलाई पुनः वर्गिकरण गरिएको	(१७२,६८३।४०)
NFRS अन्तर्गत कर्मचारी विमा खर्चलाई पुनः वर्गिकरण गरिएको	(३९,०२०।००)
NFRS अन्तर्गत कर्मचारी पोशाक खर्चलाई पुनः वर्गिकरण गरिएको	(२७९,००२।२०)
NFRS अन्तर्गत अन्य सञ्चालन खर्चलाई शुल्क तथा कमिशन खर्चमा पुन वर्गिकरण गरिएको (**व्याख्यात्मक नोट २०**)	(५२६,९५८।४१)
NFRS अनुसार अन्य सञ्चालन खर्च	६,३४५,५५६।८६

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्टस्

व्याख्यात्मक नोट २४: स्थगन कर

पहिलाको GAAP मा आयकर ऐन अनुसारको सम्पत्ति तथा दायित्वको रकम र वित्तीय विवरणको रकममा हुने अस्थायी भिन्नतको हिसाबलाई स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) को रुपमा लेखाङ्कन गर्ने गरेको थिएन तर NFRS मा उक्त भिन्नतालाई स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) को रुपमा लेखाङ्कन गरिएको छ ।

विवरण	२०७८/०७९
पहिलाको GAAP अनुसार स्थगन कर	-
आ.व. २०७८/७९ को अस्थायी भिन्नतामा आएको परिवर्तनका कारण हुने प्रभावलाई नाफा नोक्सानको विवरणमा NFRS अनुसार लेखांकन गरिएको (**व्याख्यात्मक नोट** ९)	(१४२,६९२।७०)
NFRS अनुसार स्थगन कर	(१४२,६९२।७०)

व्याख्यात्मक नोट: NFRS अपनाउनाले २०७८-७९ नगद प्रवाह विवरण विवरणमा परेको प्रभाव

व्याख्यात्मक नोट २५

NFRS अनुसार वित्तीय विवरणमा लेखांकन गरिएका पुनः समूहीकरण र पुनः वर्गीकरणको कारण संचालन गतिविधिबाट खुद नगद प्रवाह, लगानी कारोबारमा प्रयोग भएको खुद नगद र वित्तीय श्रोत कारोबारबाट खुद नगद प्रवाहमा पहिलाको GAAP तुलनामा अन्तर देखिएका छन् ।

व्याख्यात्मक नोट २६

आ.व. को अन्त्यमा रहेको नगद तथा बैंक मौज्दातमा देखिएको अन्तरका कारण संस्थाले लगानी गरेका ३ महिना अवधि सम्मको अवधि बचतलाई NFRS अन्तर्गत नगद तथा नगद समानमा वर्गीकरण गरिएका छन् । (**व्याख्यात्मक नोट** १)

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्टस्

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बनेपा-०८, काभ्रेपलान्चोक

वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरु

२०८० साल आषाढ मसान्तको

१. रिपोर्टिङ संस्था

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, जसलाई यस पछि "संस्था" भनिएको छ, सदस्यमा आधारित सहकारी संस्था हो । यस संस्था सहकारी ऐन, २०४६ अन्तर्गत स्थापना भएको हो । संस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागमा (दर्ता नं. ५४/०५०/५१ -मितिः २०५०/०६/०६) दर्ता भएको छ। संस्थाको स्थायी लेखा नम्बर (PAN) ३०१३७२६६४ रहेको छ।

संस्था विगत तीन दशकदेखि समुदायमा आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुऱ्याउने उद्देश्यमा सहभागी भई आफ्ना सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ। संस्थाले विश्व ऋण परिषद् (WOCCU) ले सन् १९८४ मा प्रतिपादित गरेको क्रेडिट युनियनका सिद्धान्तहरू पालन गर्दछ। हाल, संस्थाले काभ्रे जिल्ला, बनेपा-०८ स्थित प्रधान कार्यालय र बनेपा-०४, नालामा अवस्थित सेवा केन्द्रबाट सदस्यहरुलाई सेवाहरू प्रदान गर्दै आएको छ।

२. वित्तीय लेखांकनका आधारहरु

२.१ अनुपालन सम्बन्धी उद्घोषण

यस संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard -NFRS) का आधार मा रही लेखामान बोर्ड (Accounting Standards Board - ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटी परिवर्तनको विवरण, नगद प्रवाह विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गिकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

संस्थाद्वारा आर्थिक वर्ष २०७९-०८० को बार्षिक वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard -NFRS) भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएको छ।

अघिल्लो GAAP बाट NFRS मा रुपान्तरणको प्रभाव यस वित्तीय विवरणको नोट ५.८ मा दिइएको छ।

विगत आर्थिक वर्षहरुको विवरणहरुलाई यस आर्थिक वर्ष २०७९-०८० को तुलनात्मक रूपमा एकरुपता ल्याउन आवश्यक भए अनुसार पुनः वर्गिकरण तथा पुनः लेखांकन गरिएका छन् ।

२.२ समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन

संस्थाले नेपाल लेखामान बोर्ड (Accounting Standards Board –ASB) बाट जारी प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard -NFRS) का आधारमा रही आ.व. २०७९/८० को लागि प्रथम पटक ग्रहण (First Time Adoption) गरी वित्तीय विवरण तयार पारेको छ । NFRS को पालना गर्न देहाय बमोजिका मितिहरु समीक्षा अवधिको लागि लिइएका छन् ।

वित्तिय विवरण	नेपाली मिति	अंग्रेजी मिति
शुरुवातको NFRS वासलात मिति	१ श्रावण २०७८	१६ जुलाई २०२१
तुलनात्मक वासलात मिति	३२ आषाढ २०७९	१६ जुलाई २०२२
तुलनात्मक समीक्षा अवधि	१ श्रावण २०७८ - ३२ आषाढ २०७९	१६ जुलाई २०२१ - १६ जुलाई २०२२
NFRS वासलात मिति	३१ आषाढ २०८०	१६ जुलाई २०२३
NFRS समीक्षा अवधि	१ श्रावण २०७९ - ३१ आषाढ २०८०	१७ जुलाई २०२२ - १६ जुलाई २०२३

संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard -NFRS) बमोजिम प्रथम पटक ग्रहण (First Time

Adoption) गर्दा विगत दुई आर्थिक वर्षहरु क्रमशः आ.व.२०७७/७८ र आ.व.२०७८/७९ का वित्तीय विवणरहरुमा पुनः वर्गिकरण, पुनः गठन र पुनः मूल्यांकन गरेको छ। सोहि बमोजिमको वित्तीय प्रभावहरुलाई समेटी यस चालु आ.व.२०७९/८० को वित्तीय विवरण तयार पारिएको छ। संस्थाको सञ्चालक समितिको मिति २०८०/०४/१४ मा बसेको बैठकले आ.व.२०७९/८० को ले खापरिक्षण भएको वित्तीय विवरण उपर स्वीकृत गरी आगामी साधारण सभामा पेश गर्ने निर्णय गरेको छ। वित्तीय विवरण उपर सञ्चालक समिति सम्पुर्ण रुपमा जिम्मेवार रहेको छ। यस वित्तीय प्रतिवेदन साधारण सभाबाट स्वीकृत नहुन्जेलसम्म सञ्चालक समितिले परिवर्तन गर्न सक्नेछ। साधारण सभाले वित्तीय विवरण स्वीकृत नगर्ने निर्णय गर्न सक्नेछ तर यसमा परिवर्तन गर्न सक्नेछैन।

२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

यस वित्तीय प्रतिवेदन नेपाली रुपैँया (ने.रु.)मा तयार पारिएको छ। संस्थाले नेपाली मुद्रामा मात्र कारोबार गर्न नियमाकीय व्यवस्था रहेको छ। सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैँयामा उल्लेख गरिएको छ।

२.४. अनुमान, धारणा र स्वविवेकको प्रयोग

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा संस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ। यी अनुमानहरु उपलब्ध जानकारी र संस्थाको व्यवस्थापनका स्वविवेकमा आधारित छन्। यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृति समेत खुलाइएको छ।

वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन्। संस्थाले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको Fair Value अनुमान गर्न विभिन्न मुल्यांकन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गरिएको छ। संस्थाले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ। लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागू हुने गरी लेखांकन गरिन्छ।

विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ। त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिर्वतनलाई समेत उल्लेख गरिएको छ।

२.५ लेखा नीतिमा परिवर्तन

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) मा उल्लिखित लेखा नीतिमा निर्दिष्ट भई वित्तीय विवरण तयार गरिएको छ। NFRS बमोजिम वित्तीय विवरण तयार पार्दा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमका लेखा नीतिहरु अवलम्बन गरी लागू गरिएका छन्। लेखा नीतिमा भएका परिवर्तनहरुको सम्भव भएसम्म असरहरु समेत खुलाइएको छ। NFRS मा उल्लेख नभएका लेखांकनका सम्बन्धमा सर्वमान्य लेखाका सिद्वान्त (Generally Accepted Accounting Principles-GAAP) लाई अवलम्बन गरिएको छ।

२.६ डिस्काउन्टिङ (Discounting)

सम्पत्ति र दायित्व गैर चालू (non-current) भएको र Discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा NFRS बमोजिम Discounting प्रयोग गरिएको छ।

२.७ पट्टामा नयाँ र संशोधित मानक अपनाउने

संस्थाले चालू आर्थिक वर्षमा नेपाल लेखामान बोर्डले (Accounting Standards Board –ASB) जारी गरेअनुसार नेपाल वित्तीय प्रतिवेदनमान (NFRS 16-Lease) पट्टामा भएको व्यवस्था पालन गरेको छ। सो व्यवस्थाहरु १ श्रावण, २०७८ वा पछि सुरु हुने वार्षिक अवधिका लागि प्रभावकारी हुन्छ।

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ। NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ। NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर

समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखांकन गर्ने गरेको छ ।

पूर्व सञ्चालन पट्टाहरू

NFRS 16 ले पहिले NAS 17 अन्तर्गत सञ्चालन भाडाको रूपमा वर्गिकृत लिजहरूको लागि संस्थाले कसरी खाताहरू राख्छ भन्ने तरिका परिवर्तन गर्दछ, जो वासलात बाह्यका पाटा (Off-Balance Sheet Items) हुने गर्दथे ।

पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदरको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।
संस्थाले पट्टा दरको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ ।

आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखांकनगरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनः स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

पछिको मापन (Subsequent Measurement)

आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनः मूल्यांकन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुनः मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखांकन गर्ने गरिएको छ ।

पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखांकन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने व्याज खर्चले वृद्धि गर्ने,
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनः मूल्यांकन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

खर्चको पहिचान र मापन

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा व्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

३. महत्त्वपूर्ण लेखा नीतिहरू

३.१ मापनको आधार

संस्थाको वित्तीय विवरण देहायका अवस्थामा बाहेक ऐतिहासिक लागतको (Historical Cost Convention) आधारमा तयार गरिएको छ

विवरण	मापनको आधार
अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्व	वर्षको अन्त्यमा संचित रहेको बिदा शेषको आधारमा व्यवस्थापनको अनुमान बमोजिम

३.२ व्यवसाय प्राप्ति र साख

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखांकन गरिएको छ :

उक्त Acquisition Method को लागिः

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखांकनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ ।

संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गिकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

क) पहिचान र लेखाङ्कन

संस्थाले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय उपकरणहरुको अनुबन्धात्मक व्यवस्थाको सिर्जना भएमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ । संस्थाको उपकरणहरुको अनुबन्धन व्यवस्थाको सिर्जना भए पश्चात वित्तीय सम्पत्ति वा दायित्वको उत्पत्ति भएको मितिको आधारमा संस्थाले ग्राहकहरुलाई प्रवाह गरेको कर्जा, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी, सदस्यहरुको निक्षेप र सहायक दायित्वहरूलाई वित्तीय सम्पत्ति वा दायित्व भनी लेखांकन गरेको छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिएको छ ।

ख) वर्गीकरण

अ) वित्तीय सम्पत्ति

संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत Amortized Cost वा Fair Value मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिको दुई वर्गहरु यस प्रकार छन् :

अ (१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति (Amortized Cost)

संस्थाले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा सम्पत्तिको मापन गरी वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ ।

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता शर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी हो ।

अ (२) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति Fair Value मा मापन गरिएको छ । Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ :

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTPL)**

  व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ । वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखांकनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ । त्यस्ता,

सम्पत्तिपछि Fair Value मा मापन गरिएको छ र Fair Value मा परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखांकन गरिएको छ ।

- **अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTOCI)**
  व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखांकन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, संस्थाले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिएको छ । त्यस्ता सम्पत्तिहरुलाई पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

आ) वित्तीय दायित्व

संस्थाले वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई निम्नानुसार वर्गीकरण गरेको छ ।

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय दायित्वहरु (FVTPL)**
  वित्तीय दायित्वहरु व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय दायित्वहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ । वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखांकनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ । तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी मा लेखांकन गरिएको छ ।
- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु (Amortized Cost)**
  नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएको वित्तीय दायित्वहरु बाहेक अन्य वित्तीय दायित्वहरुलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ ।

ग) मापन

अ) प्रारम्भिक मापन

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको Fair Value मा कारोबार र कम जोडेर वा घटाएर मापन गरिएको छ । नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

आ) पछिको मापन

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा Fair Value मा वा परिशोधित लागतमा मापन गरिएको छ । परिशोधित लागतमा मापन गरिएको वर्गिकृत सम्पत्ति वा दायित्वपछि प्रभावकारी व्याज दर विधि (Effective Interest Rate) प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ । वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुर्ण भुक्तानीलाई घटाई, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिशोधित र कमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणाम स्वरुप आएको रकमलाई वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत मूल्यमा मापन वित्तीय सम्पत्ति वा दायित्व भनिन्छ । विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी र सोमा लाग्ने प्रशासनिक शुल्कहरुको प्रभावकारी व्याज दर विधिलाई कार्यान्वयन गरिएको छैन । Fair Value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ । वित्तीय सम्पत्तिको Fair Value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने Fair Value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आय मार्फत Fair Value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखांकन गरिएको छ ।

घ) अपलेखांकन

वित्तीय सम्पत्तिको अपलेखांकन

संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त भएको वा संस्थाले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको साथै वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रण नरहने अवस्थाको आधारमा संस्थाले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरेको छ । हस्तान्तरण गरी सकिएको वित्तीय सम्पत्तिमा संस्थाद्वारा बनाइएको वा कायम राखिएको कुनै पनि स्वार्थ रहेमा सो लाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको अपलेखांकनमा, सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त

प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व ग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखांकन गरिएको छ ।

वित्तीय दायित्व अपलेखाङ्कन

वित्तीय दायित्वहरुको भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखांकन गरिएको छ । विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू वा विद्यमान दायित्वका शर्तहरूमा पर्याप्त संशोधन गरिएको र नयाँ दायित्वले साटासाट गरिएको र सोको साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखांकन र नयाँ दायित्वको लेखाङ्कन गरिने गरिएको छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिएको छ ।

(ङ) **उचित मुल्यको (Fair Value) निर्धारण**

मापन गरिएको मितिमा बजारमा सहभागीहरू बीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकमलाई Fair Value भनिन्छ । दायित्वको Fair Value मापनले दायित्व भुक्तानीको अर्न्तनिहित गैर कार्यगत जोखिम प्रतिबिम्बित गर्ने गर्दछ ।

निम्न तह अनुसार Fair Value निर्धारण गरिन्छ :

तह १ : Fair Value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

तह २ : Fair Value मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्यांकनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

तह ३ : पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक आगत, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आंकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, संस्थाले वित्तीय उपकरणको Fair Value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, संस्थाले मूल्यांकन विधि प्रयोग गरी Fair Value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ) बीचको Arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखांकन गर्दा वित्तीय उपकरणको Fair Value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको Fair Value) । यद्यपि प्रारम्भिक पहिचान र लेखांकनमा वित्तीय उपकरणको Fair Value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो Fair Value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्यांकन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आंकडा समावेश गरिएको छ भने, भिन्नता शुरुवाती पहिचान र लेखांकनमा नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिएको छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखांकन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको जीवन भरिमा लेखांकन गरिएको वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको छ ।

सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखांकन गरिएको छ, वासलातको मितिसम्म संस्थापक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ, यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखांकन गरिएको छ ।

च) हानी (Impairment)

प्रत्येक रिपोर्टिङ मितिमा संस्थाले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्यांकन गर्छ । यदि कुनै संकेत छ भने, पुर्न प्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखांकन गरिन्छ, यदि सम्पत्तिको प्रारम्भिक लेखांकन पछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना), र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिन्छ ।

हानीको वस्तुगत मूल्यांकनको लागि संस्थाले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ :

- ऋणीले व्याज वा साँवाको भुक्तानी नतिरेको भए;
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भरपाईमा ढिलाई वा मुक्त हुन्छ ।
- जहाँ संस्थाले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुर्न प्राप्तीको कानुनी सहारा सुरु गर्छ ।
- जहाँ संस्थाले ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्यांकले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखांकन गर्न सक्दैन ।

संस्थाले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबैमा तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्यांकन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरुलाई परिशोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरु सँगै राखेर सामूहिक रुपमा मूल्यांकन गरिएको छ । अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाह्य सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिएको छ । सामूहिक क्षतिको आँकलन गर्दा संस्थाले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ । नोक्सान दरहरू र भविष्यको पुर्नप्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन् ।

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखांकनगर्दा प्रयोग गरिएको समायोजित व्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

एकल ऋणको नोक्सानी व्यवस्था

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छः

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित व्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

NFRS 9 - वित्तीय उपकरण – पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को Para 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकनगर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गरेको छ ।

तर, आवश्यक तथ्यात्तहरुको अभावका कारण तथ्यात्त मूल्यात्तन र तथ्यात्तीय विश्लेषणमा आएको बाधाका कारण संस्थाले नियामक आवश्यकताका बमोजिम ऋण नोक्सानी व्यवस्था लेखांकन गरिएको छ ।

व्यवस्थापनले आंकलन गरेको छ कि नियामक आवस्यकता अनुसार लेखांकन गरिएको ऋण नोक्सानी व्यवस्था NFRS 9 बमोजिम लेखांकन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था भन्दा अधिक रहेको मान्यता छ ।

३.४ ब्यापारिक सम्पत्ति

संस्थाले निकट भविष्यमा बिक्री गर्ने वा पुनः खरिद गर्ने उद्देश्य सहित लिएको वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि राखिएको सम्पत्ति/दायित्वलाई ब्यापारिक सम्पत्ति र दायित्वहरु भनी लेखांकन गरेको छ । ब्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा Fair Value मा लेखाङ्कन गरिएको छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा पनि Fair Value मा मापन गरिन्छ भने उक्त कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखांकन गरिएको छ । Fair Value मा भएको सबै परिवर्तनलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद ब्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ । तर, संस्थासँग २०८० आषाढ मसान्तसम्म व्यापारिक सम्पत्तिको रूपमा मान्यता दिइने त्यस्तो सम्पत्ति छैन ।

३.५ ब्युत्पन्न सम्पत्ति र दायित्वहरु

ब्यापारिक उद्देश्य वा जोखिम ब्यवस्थापन गर्ने प्रयोजनार्थ विभिन्न कारोबारहरु जस्तैः व्याजदर स्वाप, मुद्रा स्वाप, फरवार्ड विदेशी विनिमय करार आदी ब्युत्पन्न उपकरण अर्न्तगत पर्दछ । ब्युत्पन्न वित्तीय उपकरणहरु प्रारम्भिक रुपमा करार मितिको आधारमा Fair Value मा मापन गरिन्छ र त्यसपछि पुनः रिपोर्टिङ्ग मितिमा Fair Value मा पुनः मापन गरिन्छ । तर संस्थाको मिति २०८० आषाढ मसान्तसम्म कुनै पनि ब्युत्पन्न सम्पत्ति वा दायित्वहरु रहेको छैन ।

३.६ सम्पत्ति र उपकरण

लेखांकन र मापन

उल्लेखित शर्तहरु पुरा हुने अवस्थाको आधारमा संस्थाले सम्पत्ति र उपकरणको लेखांकन गरेको छ ।

- संस्थामा सम्पत्ति र उपकरणहरुबाट भविष्यमा सम्भावित आर्थिक लाभहरू प्रवाहित हुनेछन् र
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छूट घटाए पछिको कुनै पनि गैर फिर्ती योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको शर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ ः

स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार रहेका छन्ः

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च,
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु र
- योग्य सम्पत्तिको लागि हुने Borrowing Costs ।

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि संस्थाले लागत मोडेल (Cost Model) अंगीकार गरेको छ । संस्थाले सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्यांकन मोडेल (Revaluation Model) र रिपोर्टिङ मितिमा Fair Value मापन गरी दुवै मोडेलको मापन विधि अङ्गिकार गरेको छैन । सम्पत्ति र उपकरणहरु लागत मूल्यमा सञ्चित ह्रासकट्टी र impairment losses कट्टा गरी मापन गरेको छ । सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने कम्प्युटर सफ्टवेयर उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको

छ। सम्भावित आर्थिक लाभहरुलाई ध्यानमा राखी प्रारम्भिक रुपमा गरिएको खर्चको पूँजीकरण गरिएको छ। सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार खर्च जसलाई नाफा नोक्सानमा लेखांकन गरिएको छ। सम्पत्ति र उपकरणहरुको निसर्ग गर्दा कुनै लाभ वा नोक्सानलाई (वस्तु नष्ट गर्दाको कूल आय र वस्तुको किताबी मूल्य बीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आय/ब्यय अर्न्तगत लेखाङ्कन गरिएको छ।

ह्रासकट्टी व्यवस्था

संस्थाले आ.व.२०७९/८० बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दा यस अघि लागू गर्दै आएको घट्दो मौज्दात ह्रासकट्टी विधि (Written Down Value Method) लाई निरन्तरता दिएको छ । संस्थाले आयकर ऐन, २०५८ द्वारा तोकिएको मूल्यह्रास दरहरू लागू गरी लिखित मूल्य विधि अपनाएर सम्पत्ति र उपकरणको ह्रास गर्छ। सम्पत्ति र उपकरणका महत्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरू निम्नानुसार रहेका छन् :

समूह	मूल्यह्रास दर
भ्वन	५%
कार्यालय उपकरण, फर्निचर र कम्प्यटर	२५%
सवारी साधन	२०%
अन्य सम्पत्ति	१५%

३.७ ख्याती/अमूर्त सम्पत्ति

ख्याती

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको Fair Value खरिद मूल्य भन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातीको रुपमा लेखाङ्कन गरिन्छ। प्रारम्भिक लेखांकन पछि, ख्याती कुनै सञ्चित क्षति नोक्सानलाई घटाई मापन गरिन्छ। ख्यातीको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ। हालसम्म संस्थाको ख्याती अर्न्तगतको रकम वित्तीय विवरणमा समावेश गरिएको छैन।

अधिग्रहण गरिएको अमूर्त सम्पत्ति

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा Fair Value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ।

कम्प्युटर सफ्टवेयर

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिएको छ। सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पूँजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिकमा सम्भावित आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ। कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको छ। सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ। सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर ह्रासकट्टी विधि (Straight Line Method) नाफा वा नोक्सानमा परिशोधित गरिदै आएको छ। लेखाको नितिमा परिवर्तन गर्न पुर्व देखि नै समदर ह्रासकट्टी विधि (Straight Line Method) अवलम्बन गरी ह्रासकट्टी गर्ने गरिएको थियो। हालको र तुलनात्मक अवधिको लागी सफ्टवेयरको उपयोगी जीवन पाँच बर्ष अनुमान गरिएको छ।

परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ।

३.८ लगानी सम्पत्ति

लगानी सम्पत्ति

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गरिन्छ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गिकृत नगरी बिक्रीको

लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ। सामान्यतया, यसमा संस्थाले गैरबैंकिंग सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गरिन्छ जुन रिपोर्टिङ मितिमा बिक्री भएको हुदैन । कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति संस्थाले लगानी सम्पत्तिको रुपमा लेखांकन गरेको छ। हालसम्म संस्थाको लगानी सम्पत्ति अर्न्तगत कुनै पनि सम्पत्ति रहेको छैन ।

तर, २०८० आषाढ असार मसान्तसम्म संस्थाको कुनै लगानी सम्पत्ति छैन ।

३.९ आयकर

कर व्ययले चालु र स्थगत कर खर्चलाई समावेश गरिन्छ। प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म चालू कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखांकन गरिएको छ।

क) चालू कर

चालू कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गरिएको तिर्न योग्य वा पुर्न प्राप्ती योग्य कर रहेको छ।

ख) स्थगन कर

स्थगन कर वित्तीय रिपोर्टिङ्ग उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकम बीचको अस्थायी भिन्नताको आधारमा लेखांकन गरिएको छ। स्थगन आयकर संस्थामा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ्ग मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ।

यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिर्वतित आयकर दर १० % ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ।

३.१० निक्षेप र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

निक्षेप

संस्थाले आफ्ना ग्राहकहरुबाट दैनिक/मासिक वा ग्राहकको स्वइच्छा बमोजिम निक्षेप/बचत स्वीकार गर्दै आएको छ। यी वित्तीय कारोबारहरु संस्थाको किताबमा (Books of Account) संस्थाको दायित्वको रुपमा लेखांकन गरिएको छ र संस्थाका ग्राहकहरुको माग बमोजिम फिर्ता गर्नुपर्ने हुन्छ।

सुरक्षण नराखिएको सहायक आवधिक ऋण

निक्षेपकर्ताहरुको दावी भुक्तानी पश्चात भुक्तानीको लागि योग्य रहेको दायित्वहरु जसलाई सहायक दायित्व समेत भन्ने गरिन्छ। संस्थाको वित्तीय अवस्थाको विवरणमा त्यस्ता दायित्वहरु छैनन्।

३.११ व्यवस्थाहरु र सम्भावित दायित्वहरु

व्यवस्थाहरु

विगतको घटनाको परिणामस्वरूप संस्थाको वर्तमानमा सिर्जित वा कानुनी दायित्व रहन्छ जुन विश्वसनीय तरिकाले मापन गर्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई संस्थाले व्यवस्थाको रुपमा लेखांकन गरिएको छ। विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको सम्भावनालाई दायित्व सिर्जना गरी सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ। सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम छ भएको अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिदैन। जब एउटा सम्झौताबाट संस्थाले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागत भन्दा कम हुन्छ तब अत्यधिक सम्झौताको व्यवस्था लेखांकन गरिएको हन्छ।

व्यवस्थाहरू प्रत्येक रिपोर्टिंग मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ। दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बर्हिगमन आवश्यक पर्ने दीर्घकालिन सम्भावना छैन भने व्यवस्था फिर्ता गर्ने गरिन्छ। रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिएको छैन। यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ। तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्यांकन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखांकन गरिन्छ।

सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखांकन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

३.११.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

३.११.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

३.१२ आयको लेखाङ्कन

आय भनेको संस्थाको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ । संस्थामा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा ले खांकन गरिदै आइएको छ । आयहरुको प्राप्तीको सम्भव छैन भने अनुमान भएमा तिनलाई आय अवधिमा लेखांकन गरिदैन । संस्थाको आयमा व्याज आम्दानी, शुल्क र कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छ र आय लेखांकनको आधारहरू निम्नानुसार छन् :

क) व्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्तिबाट हुने व्याज आम्दानीलाई संस्थाको साविकको व्याजदरमा लेखांकन गरिएको छ जुन प्रभावकारी व्याजदरसँग लगभग समान हुन्छ । ग्राहकहरुबाट असुली हुने कर्जा तथा सापटीको व्याज आम्दानीलाई प्रभावकारी व्याजदर अनुसार नगरिने भएकाले प्रारम्भिक शुल्कलाई परिशोधन गरिदैन र त्यस्तो प्रारम्भिक शुल्क थोरै हुने रहेको छ । प्रभावकारी व्याजदरको ठिक गणना गर्दा लाग्ने शुल्क त्यसबाट आउने फाइदा भन्दा बढी हुने संस्थाको अनुमान रहेको छ ।

नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिएको वित्तीय उपकरणहरूको Fair Value मा परिवर्तनबाट उत्पन्न लाभ र नोक्सान यिनीहरु उत्पन्न हुने अवधिमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको छ । नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिएको वित्तीय उपकरणमा सम्झौताको व्याज आय र व्याज खर्च खुद व्याज आय भित्र लेखांकन गरिएको छ ।

संस्थाको नाफा नोक्सान हिसाबमा व्याज आम्दानीमा निम्न आम्दानीहरु समावेश गरिएका छन् ;

- खराब ऋण र अग्रिम लगानीहरु बाहेक प्रभावकारी व्याज दर विधिमा गणना गरिएको वित्तीय सम्पत्तिहरूमा व्याज आम्दानी परिशोधित लागतमा मापनमा
- संस्थाद्वारा NFRS 9 अनुच्छेद ५.४ (Carve Out) प्रयोजन गरि ऋण व्यवस्थापन शुल्कलाई प्रभावकारी व्याज दरमा आय गणना नगरी प्राप्ति भएकै वर्षमा व्याज आम्दानीमा समावेश गरिएको
- ऋण लगानीमा असूल उपर गर्नुपर्ने व्याज आम्दानी तर संस्थाद्वारा ३० दिन सम्म भाका नाघेका ऋण लगानीहरुको मात्र व्याज आम्दानी लेखांकन गरिएको

ख) शुल्क र कमिसन

शुल्क र कमिसनहरु पाकेको आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ ।

ग) लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश, सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ ।

घ) खुद व्यापार आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने व्याज, लाभांश तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ। चालु तथा तुलनात्मक वर्षहरुमा संस्थाले कुनै पनि खुद व्यापारिक आम्दानी आर्जन गरेको छैन।

ङ) अन्य सञ्चालन आम्दानी

व्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ। विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

३.१३ व्याज खर्च

निक्षेप र बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सुविधाहरुमा व्याज खर्च शीर्षक अर्न्तगत नाफा वा नोक्सानमा लेखांकन गरिएको छ। सबै व्यापार दायित्वमा व्याज व्यय वित्तीय संस्थाको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको Fair Value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ। सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको व्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखांकन गरिन्छ।

३.१४ कर्मचारी खर्च

अल्पकालीन कर्मचारी खर्चहहरु

तलब, भत्ता र बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन्। अल्पकालीन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ। सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखांकनकर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ।

कर्मचारी बोनस खर्च

सञ्चालक समतिबाट अनुमोदित भई तयार पारिएको वित्तीय विवरणहरुमा लेखाका सर्वमान्य सिद्धान्तहरु (Generally Accepted Accounting Principles) अधीनमा रही कर्मचारी बोनसको ब्यवस्था गरिएको छ। संस्थाले चालु कर दायित्व व्यवस्था अघिको नाफाको १०% का दरले कर्मचारी बोनस व्यवस्था गरेको छ। संचालक समितिको निर्णय अनुसार कर्मचारी बोनस पहिलाको GAAP को नाफा अनुसार गणना गरिएको छ।

रोजगार पछिको सुविधा

परिभाषित योगदान योजना

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन। परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ। परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ्ग अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ।

संस्थाका सबै कर्मचारीले समाजिक सुरक्षा कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत रहेको छ जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको ३१% (रोजगारदाता र कर्मचारी दुवैको गणना) र कम सामाजिक सुरक्षा कोषमा योगदान गर्छन्। त्यस्तै, सामाजिक सुरक्षा कोषबाट तोकिए बमोजिमका सेवा तथा सुविधाहरु उपभोग गर्न सक्छन्। संस्थाले परिभाषित योगदान योजना बमोजिमका खर्चहरु नाफा नोक्सान विवरणमा लेखांकन गरिएको छ।

परिभाषित लाभ योजना

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो। परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान गरेर छुट्टै गणना गरिएको छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा आर्जन गरेका हुन्छन्। त्यो लाभ यसको वर्तमान मूल्य

निर्धारण गर्न Discount गरिन्छ। विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको Fair Value दायित्वमा घटाइन्छ। संस्थाले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखांङ्कन गर्छ। परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा संस्थाले त्यसको नाफा अथवा नोक्सान लेखांङ्कन गर्दछ।

३.१५ पट्टा

सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी पट्टा अवधिमा भुक्तानी गर्नुपर्ने रकमलाई डिस्काउटिङ्ग गरी हालको मूल्यमा गणना गरिएको छ। संस्थाले नाला सेवाकेन्द्र सञ्चालनको लागि पट्टा सुविधा अर्न्तगत सञ्चालन पट्टा सुविधा प्रयोग गर्दै आएको छ। पूर्व निर्धारित करार बमोजिम तोकिएको पट्टा अवधि सम्मको लागि मुद्रास्फितीलाई १० प्रतिशत समायोजन गर्ने गरी Discounting गरी हालको लागत निर्धारण गरीएको छ।

३.१६ शेयर पूँजी र जगेडा कोषहरु

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ। सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षे त्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरीकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ। हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन्। संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर आदि रहेको छैन। संस्थाले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ।

कोषहरु

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, सामुदायिक विकास कोष, घाटापुर्ति कोष, NFRS समायोजन कोष र अन्य जोखिम व्यवस्थापन कोष पर्दछन्।

NFRS समायोजन कोष

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने संचालकको बैठकद्वारा नीति लिएको छ।

साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडाफाँड पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ।

संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत र कम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ।

सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत र कम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ।

अन्य नियमनकारी कोष

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी

प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुः सामुदायिक विकास कोष, स्थिरिकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान व्यवस्था गरेको छ तर संस्थाले खुद मुनाफाबाट ल्ँच्क समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड पछिको रकम निम्न उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ ।

कोष	विनियोजन ९५०
शेयर लाभांश कोष	७०%
घाटापूर्ती कोष	५%
सदस्य शिक्षा कोष	५%
सहकारी विकास कोष	५%
सामुदायिक विकास कोष	५%
स्थिरीकरण कोष	५%
अन्य जोखिम व्यवस्थापन कोष	५%
कुल	१००%

अन्य कोष

संस्थाद्वारा "सदस्य हित तथा राहत कोष" र "ज्योति स्मृति कोष" मा रकम लेखांकन गरि सदस्यहरुको हितको लागि खर्च गर्ने व्यवस्था गरिएको छ ।

३.१७ प्रतिशेयर आम्दानी

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ । Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औषत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

५. प्रकटीकरण तथा थप जानकारी

५.१ जोखिम व्यवस्थापन

संस्थाले बिशेषतस् आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यवसायिक सीपको कमी भएकोले उनीहरूसँगको लेनदेनमा उचित लगनशीलता र हेरचाह जरुरि रहन्छ । यस प्रकारको वित्तीय सेवामा जोखिम बढी हुने सम्भावना हुन्छ किनभने त्यस्ता सेवाहरूका लागि व्यक्तिलाई सचेत र सक्षम बनाएर वित्तीय सेवा उपलब्ध गराउनुपर्ने हुन्छ । तसर्थ, संस्थामा वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई न्यूनीकरण गर्न जोखिमको पहिचान गरी पर्याप्त नियन्त्रण प्रणाली अपनाइएको छ ।

प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्नको लागि बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्। विभिन्न प्रकारका जोखिमहरुको (क्रेडिट जोखिम, परिचालन जोखिम, बजार जोखिम र तरलता जोखिम) पहिचान, नियन्त्रण र व्यवस्थापनको लागि पूर्ण कार्यात्मक लेखा सुपरिवेक्षण समिति जिम्मेवार रहन्छ ।

लेखा सुपरीवेक्षण समितिले दैनिक व्यापार सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, म्याक्रो, सूक्ष्म र विभागीय स्तरको जोखिमको निरीक्षण गर्दछ र साथै त्यसका प्रतिवेदनहरू र मुद्दाहरूमा उपयुक्त रूपमा छलफल र निर्देशन गर्न व्यवस्थापन, लेखा सुपरीवेक्षण समिति र संचालक संचालक समितिको निरीक्षणमा राखिन्छ ।

लेखा सुपरीवेक्षण समिति

लेखा सुपरीवेक्षण समिति, वार्षिक साधारण सभाद्वारा नियुक्त एक स्वतन्त्र समिति हो, जो जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र संस्थाको समग्र आन्तरिक लेखापरीक्षणको लागी जिम्मेवार छ। यस समितिद्वारा संस्थाले आफ्नो व्यवसायिक गतिविधि, जोखिम व्यवस्थापन अनुपालन ढाँचा, र यसलाई समर्थन गर्ने सुशासन संरचना ग्रहण गर्न र जोखिमको सन्दर्भमा, यसको निरीक्षण र

जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ। यस समितिले आवधिक रूपमा वित्तीय तथ्यांकको सत्यता, शुद्धता र व्यावहारिकता सुनिश्चितताको समीक्षा गर्दछ। यसले आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली राम्रोसँग व्यवस्थित र विवेकपूर्ण व्यवसाय सञ्चालन सुनिश्चित गर्न पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्रमा जोखिम व्यवस्थापन संरचनाको समीक्षा र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्ने गर्दछ। लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरु रहेका छन् ।

सि.नं.	नाम	पद
१	श्री राम प्रसाद श्रेष्ठ	संयोजक
२	श्री बिनय कृष्ण कायस्थ	सदस्य
३	श्रीमति ज्योत्सना सैंजु कायस्थ	सदस्य

जोखिम शासन

संस्थाले उद्यमस्तरमा देखापर्न सक्ने जोखिमहरुको ब्यवस्थापनका लागी नीति र प्रक्रियाहु तयार गरी कार्यान्वयन गरिसकेको छ । कर्मचारी बीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृति मार्फत संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ । संस्थाको क्षेत्रमा सम्भावित विभिन्न खालका जोखिमहरु जस्तै : कर्जा जोखिम, सञ्चालन जोखिम, व्याजदर जोखिम जस्ता जोखिमहरुको पहिचान, मापन तथा मुल्यांकन गरी सोको कारण संस्थामा पर्न सक्ने असरहरुलाई न्युनीकरण गर्न सञ्चालक समितिको संयोजकत्वमा गठित जोखिम ब्यवस्थापन समिति सदैव उत्तरदायी र जिम्मेवार रहेको छ । संस्थाले प्रशासनिक संरचनालाई व्यवस्थित तवरबाट विकास गरेको छ जसले प्रत्येक तहमा उत्पन्न हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न सकिने व्यवस्था गरेको छ । सम्भावित जोखिम पहिचान पश्चात सम्बन्धित विभाग मार्फत व्यवस्थापन समिति र सञ्चालक समितिमा जानकारी गराइने व्यवस्था लागू गरिएको छ ।

तरलता जोखिम

तरलता जोखिम छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । नगद वा नगद समान अन्य वित्तीय सम्पत्तिहरुको व्यवस्थित गरी वित्तीय दायित्वहरु पूरा गर्न संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ । वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी अल्पकालिन दायित्व पूरा गर्ने संस्थाको क्षमता सुनिश्चित गर्नु नै तरलता व्यवस्थापन रहेको छ । संस्थाले तरलता जोखिम व्यवस्थापन गर्न विभिन्न वित्तीय औजारहरु उपयोग गरिरहेको हुन्छ जस्तैः भल्ट नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा अन्य वित्तीय उपकरणहरु आदी । स्थीर र तरल सम्पत्तिहरु बीच सामञ्जस्यता कायम गरी वित्तीय स्रोत परिचालन गरिएको छ । प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा गठित व्यवस्थापन समितिले तरलता अवस्थाको सुनिश्चितता गर्ने गर्दछ र सोको दैनिक र मासिक रुपमा अनुगमन गर्दै आएको छ ।

व्याज दर जोखिम

व्याज दर जोखिम भनेको सम्भाव्यता हो कि समग्र व्याज दरमा भएको परिवर्तनले बन्ड (Bond) वा अन्य निश्चित-दर लगानी (Fixed Rate Investment) को मूल्य घटाउनेछ। संस्थाले व्याजदरबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न निम्न उपायहरू अवलम्बन गर्दछ।

व्याजदरमा भएको परिवर्तनबाट प्रभावित हुने सम्पत्ति र दायित्वहरूलाई मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि मेल नखाने अवस्थाको भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात रकम र व्याज नतिर्ने र कम समावेश गरिएको छ।

क्रेडिट जोखिम

कुनै पनि ऋणीले, ऋणीले स्वीकार गरेको शर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हुनु भनेको ऋण जोखिम हो । क्रेडिट कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत हो । ऋणीले लिएको ऋण तिर्न नसकेपछि वित्तीय संस्थाको भविष्य जोखिममा पर्ने गर्दछ। त्यसैले जोखिममा रहेका कर्जाको अवस्थाबारे जानकारी लिन प्रभावकारी सूचकहरूको अध्ययन गर्न आवश्यक छ। लगानी गरेको कर्जा नोक्सानी हुन नदिन र यससँग सम्बन्धित जोखिम न्यूनीकरण गर्न सोही अनुसार जोखिम न्यूनीकरण गर्न मानक कर्जा वितरण प्रक्रिया अपनाइन्छ। ऋण स्वीकृत गर्ने र लगानी गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी

दिइएको हुनाले सम्बन्धित कर्मचारीले उचित जोखिम मूल्याङ्कन गरी ऋण लगानी गर्नुपर्छ । यस सन्दर्भमा संस्थामा निम्न प्रक्रिया/अभ्यासहरू पालना गरिएको छः

- माग गरिएको ऋणको लागि आवश्यकता र भुक्तानी क्षमताको विश्लेषण
- आवेदकको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी
- ऋणीले लिएको कर्जाको उपयोगिताको अनुगमन गर्ने र सो रकमलाई आय आर्जन गर्ने गतिविधि/व्यवसायमा प्रयोग भएको सुनिश्चित गर्ने,
- बचत बढाउन सदस्यहरूलाई उत्प्रेरित गर्ने,
- व्यवसायीक ऋणको लागि आवेदनको समयमा ऋणीको व्यवसाय, आय र व्ययको विवरण लिने
- धितो ऋणको हकमा सुरक्षण सम्पत्तिको आवश्यक कागजातहरू लिने
- सहकारी निर्देशन अनुसार ऋणको वर्गीकरण र हानी नोक्सानीको व्यवस्था मिलाउने,
- विनियम अनुसार कार्यक्षेत्र भित्र ऋण वितरण
- इकाई प्रबन्धक, शाखा प्रबन्धक र अनुगमन स्तरबाट ऋणको निरन्तर अनुगमन र निरीक्षण
- कर्मचारीहरूको मासिक कार्यसम्पादन मूल्याङ्कनमा, अनुगमन गरिने शाखाको ऋण असुली शीर्षक सहित निश्चित अंक दिने

परिचालन जोखिम

कुनै पनि संस्थाको दैनिक कार्य सञ्चालन गर्दा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ। ठूला संख्यामा हुने स-साना कारोबार, विकेन्द्रीकृत कार्य पद्धति, क्षेत्र विस्तारमा बढी जोड, लागत न्यूनीकरणलाई प्राथमिकता, एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभाव, ग्राहकको आवश्यकता अनुसारको सेवा उपलब्ध गराउन उपयुक्त प्रविधिको अभाव जस्ता पक्षले गर्दा दैनिकरूपमा सञ्चालन जोखिम हुने सम्भावना रहन्छ। संस्थाले दैनिक कार्यका लागि विभिन्न जिम्मेवारी वहन गर्न आवश्यक कर्मचारीको व्यवस्था गरेको छ। संस्थाले तोकेको नीति नियमभित्र रहेर काम गर्ने प्रक्रियामा सबै कर्मचारीले आफ्नो पदीय जिम्मेवारी पूरा गर्नुपर्नेछ। तर कहिलेकाहीँ कर्मचारीको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर गएर कार्य गरिदिदा संस्था जोखिममा पर्ने गर्दछ। यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको ऋण जोखिम (प्रतिष्ठा जोखिम) बढाउने सम्भावना हुन्छ। सञ्चालन जोखिम आन्तरिक कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ।

बजार जोखिम

संस्थाले, बजार स्तरको व्याजदर वा धितोपत्र (इक्विटी) को मूल्यको प्रतिकूल परिवर्तन, विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरताका कारण संस्थालाई हुने आम्दानी वा आर्थिक मूल्यमा हानि हुने सम्भावनाको रूपमा बजार जोखिमलाई मान्यता दिन्छ। बजारको अवस्था र मागको अध्यनपछि संचालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रम ल्याउँछ र कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी दिई जोखिम न्यूनीकरण गर्छ । यसका लागि आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाइएको छ।

बजार विश्लेषणमा निम्न तत्वलाई विचार गरिएको छः

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र व्याज दरहरू बारे जानकारी
- संगठनप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियम परिवर्तनहरूबाट हुने उतार-चढाव
- आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अन्य संस्थाहरूले अपनाएका रणनीतिहरू
- ग्राहक फिर्ता/अवधारण दर

संस्थागत वा रणनीतिक जोखिम

रणनीतिक जोखिम प्रायः संस्थाको स्थर निर्धारण गर्न एक प्रमुख कारक हो, विशेष गरी यदि कम्पनीले छोटो अवधिमा तीव्र गिरावटको अनुभव गर्छ भने । यसको कारण र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा

एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, निम्न कुराहु विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक परिवेश अनुसार रणनीति तय वा परिमार्जन गरिएको,
- आफ्ना प्रतिस्पर्धीहरूद्वारा प्रदान गरिएका सेवाहरू र तिनीहरूको स्थितिको बारेमा जानकारी राख्दै,
- हाम्रा ग्राहकहरूको अपेक्षा र चाहना अनुरुप सकेसम्म सेवा सुविधा उपलब्ध गराउने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने

आन्तरिक नियन्त्रण जोखिम

संस्थाको बोर्ड र व्यवस्थापन पक्ष जोखिम व्यवस्थापन गर्न, व्यापार र वित्तीय गतिविधिहरु लाई अधिकतम लाभदायक बनाउन, व्यवसायीक अवसरहरु लाई अधिकतम गर्न सक्षम बनाउन, हानि वा प्रतिष्ठा नोक्सान गर्न सक्ने जोखिम जोगाउन वा कम गर्न, लागू कानून र नियमहरु को पालना सुनिश्चित गर्नको लागी प्रतिबद्ध छ। यसका लागि संचालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति तथा कार्यविधि अपनाएको छ ।

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, व्यवस्थापन समिति र लेखा सुपरिवेक्षण समितिले नियमित रूपमा समीक्षा गर्ने गर्दछन । लेखा सुपरिवेक्षण समितिले प्रत्येक वर्षमा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरी बोर्डलाई प्रतिक्रिया दिने गरेको छ । लेखा सुपरिवेक्षण समितिले आफ्नो व्यवसाय/इकाई लेखापरीक्षणको कार्यक्रम मार्फत संस्थामा नीति/मानकहरू र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिता सम्बन्धि अनुपालनको अनुगमन गर्दछ । आन्तरिक लेखापरीक्षण कार्य जोखिममा आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिएको सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा केन्द्रित हुन्छ ।

५.२ वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य (Fair Value)

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छः

श्रेणी १

यस श्रेणीमा उचित मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बीच खरिद विक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको उचित मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

श्रेणी २

यस श्रेणीमा उचित मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्ः

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत उचित मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत उचित मूल्य
- वित्तीय उपकरणहरुको उचित मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ

यदि कुनै वित्तीय उपकरणको उचित मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, संस्थाले सो को उचित मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको उचित मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरि मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई उचित मूल्यको रुपमा लिईन्छ ।

श्रेणी ३

उचित मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई उचित मूल्यको रुपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value / Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

५.४ सम्बन्धित पक्षहरुको विवरण

संस्थाका संचालकहरु र मुख्य व्यवस्थापकहरु

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरु सम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको संचालक समितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र प्रमुख कार्यकारी अधिकृत लाई सम्बन्धित पक्षको रुपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८० मा संस्थाको संचालक समितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरु हुन् :

नाम	सम्बन्ध	नियुक्ति मिति	सेवा निवृत्ति मिति
श्री नबिन भक्त बादे	अध्यक्ष	२०७९।०६।०३	२०८३।०६।०३
श्री रमेश काजी श्रेष्ठ	उपाध्यक्ष	२०७९।०६।०३	२०८३।०६।०३
श्री बुद्ध रत्न मानन्धर	सचिव	२०७९।०६।०३	२०८३।०६।०३
श्रीमति रोशना राजबंशी	उप-सचिव	२०७९।०६।०३	२०८३।०६।०३
श्री गणेश कुमार रंजित	कोषाध्यक्ष	२०७९।०६।०३	२०८३।०६।०३
श्री पूर्ण पोटे	सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्री जितेन्द्र भक्त पोटे	सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्रीमती रुकमनि राजबंशी	सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्री सुरेन्द्र प्रजापति	सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्री बद्रिनाथ बादे	सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्रीमती मनोहारी पोटे	सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्री राम प्रसाद श्रेष्ठ	लेखा सुपरिवेक्षण समिति संयोजक	२०७९।०६।०३	२०८३।०६।०३
श्री बिनय कृष्ण कायस्थ	लेखा सुपरिवेक्षण समिति सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्रीमती ज्योत्शना सैंजु कायस्थ	लेखा सुपरिवेक्षण समिति सदस्य	२०७९।०६।०३	२०८३।०६।०३
श्री झलेंद्र दाहाल	प्रमुख कार्यकारी अधिकृत		

निर्देशकहरू र प्रमुख प्रबन्धकीय कर्मचारीहरूसँग लेनदेन र भुक्तानीहरू

संचालक समिति बक्यौता कर्जा, भत्ता र सुविधाहरु:

विवरण	चालू वर्ष	अघिल्लो वर्ष
बैठक भत्ता	११,९७,५००।००	७,०३,८००।००
बक्यौता कर्जा सापटी आषाढ मसान्तको	१,६१,१४,९७१.३५	९४,१७,९१७।७५

यी भत्ता तथा सुविधाहरु संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरु हुन् ।

संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलब तथा सुविधाहरु:

विवरण	चालू वर्ष	अघिल्लो वर्ष (५ महिनाको)
आधारभूत तलब	९,३२,४००।००	३,५०,०००।००
भत्ता	३,१२,०००।००	१,३०,०००।००
सञ्चय कोष तथा सामाजिक सुरक्षा कोष योगदान	१,८६,४८०।००	७०,०००।००

विवरण	चालू वर्ष	अघिल्लो वर्ष (५ महिनाको)
महोत्सव खर्च	५१,८००।००	०।००
पोशाक खर्च	१०,०००।००	०।००
कुल	१४,९२,६८०।००	५,५०,०००।००

माथिका सुविधा बाहेक संस्थाले आर्थिक नीति अनुसार यात्रा भत्ता जस्ता अन्य सुविधाहरु पनि उपलब्ध गराएका छ ।

५.५ गाभ्ने र गाभिने ९:भचनभच बलम ब्अत्रगष्कष्तष्यल०

हाल सम्म अन्य कुनै पनि संस्थासँग Merger and Acquisition भएको छैन ।

५.६ समावेश नगरिएका संस्थाको अतिरिक्त प्रकटीकरण

संस्थाको कुनै पनि किसिमको सहायक संस्थाहरु नरहेको हुदाँ यस वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै कारोबार छैन ।

५.७ रिपोर्टिङ मिति पछिका घटनाहरु

संस्थाले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ । सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ । यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेला सम्मको अवधिमा कुनै उल्लेख्य घटनाहरु भएका छैनन् ।

रविन्द्र भक्त पोटे	झलेन्द्र दाहाल	गणेश कुमार रंजित	रामप्रसाद श्रेष्ठ	रमेश काजी श्रेष्ठ	बुद्ध रत्न मानन्धर	नविन भक्त बादे	सि.ए.सुनिल श्रेष्ठ
लेखा अधिकृत	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा सु.स. संयोजक	उपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्टस्

(आ) आ.व. २०८०/०८१ को प्रस्तावित आर्थिक कार्यक्रम तथा बजेट

(१) **वित्तीय लक्ष्य** : आदरणीय सेयर सदस्यज्यूहरू ! संस्थाले आ.व. २०८०/०८१ मा निम्नानुसारको वित्तीय लक्ष्य हासिल गर्ने योजना राखेको छ । प्रस्तुत गरिएको लक्ष्य स्वीकृत गरिदिनुहुन सम्मानित आ.व. समक्ष अनुरोध गर्दछु ।

वासलात

सम्पत्ति तथा जायदात	रकम	पूँजी तथा दायित्व	रकम
नगद तथा बैङ्क	२२२०१०६८९।०७	सेयर पूँजी	१५५१२८१००।००
वित्तीय लगानी	३६८१४८२७।५२	साधारण कोश हिसाव	१४९३९६८९६।१६
ऋण लागानी	१२०१३०४२७२।७३	अन्य कोश	८०४४४४८२।५५
पाउनुपर्ने हिसाव	१०६४६५१७।१६	बचत तथा निक्षेप	१११६६६०८६२।२०
स्थिर सम्पत्ति	६१५००५५१।६०	अन्य दायित्व	३०६४५५१७।१६
जम्मा सम्पत्ति तथा जायदात	१५३२२७६८५८।०८	**जम्मा पूँजी तथा दायित्व**	१५३२२७५८५८।०७

आयव्यय विवरण

विवरण	आ.व. २०८०/०८१ को लक्ष्य
व्याज आम्दानी	१५५७४९१९५।४३
ब्याज खर्च	९१३०२१११।५४
खुद व्याज अम्दानी	६८२६४६६८।३४
अन्य आम्दानी	२७३९५९६३।९७
जम्मा आम्दानी	९१८४३०४७।८४
अन्य प्रशासनिक खर्च	३२०२५७८६।९३
डुबन्ते ऋणको व्यवस्था	१५३५५२६।३५
कर्मचारी बोनस अगाडिको नाफा	५८२८१७३४।५६

(२) **वार्षिक बजेट सम्बन्धमा** : आ.व. २०८०/०८१ मा आफ्नो व्यावसायिक क्षमता वृद्धि गर्न तथा संस्था सञ्चालन गर्न निम्नानुसारको बजेट स्वीकृत गरिदिनुहुन सम्मानित आ.व. समक्ष अनुरोध गर्दछु ।

(क) **वित्तिय खर्च** : संस्थाले बचत तथा वाह्य ऋणको व्याज भुक्तानी गर्न आ.व. २०८०/०८१ को लागि रू.९१३०२१११.५४ (अक्षरूपी नौ करोड तेह्र लाख दुई हजार एक सय एघार रूपैया चौवन्न पैसा मात्र) बजेट विनियो जन गरिएको छ । योजना अवधिमा सदस्यबाट संङ्कलित बचत रकमको आकार, बाह्य ऋणको आकार र बजार मा भएको व्याजदर परिर्वतनले यस बजेट सीमामा हेरफेर हुन सक्नेछ ।

(ग) **पुँजीगत खर्च** : संस्थाले अफ्नो व्यवसायिक कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न, योजना अवधि भरमा थप गर्नुपर्ने सेवाकेन्द्रको पुर्वाधार विकास गर्न, थप हुने सेवाकेन्द्रका लागि आ.व.श्यक पर्ने भौतिक सामग्रीको खरिद गर्न आ.व. २०८०/०८१ को लागि पुँजीगत बजेट सिमा रू.५५५००४५८.६२ (अक्षरूपि पाँच करोड पचपन्न लाख चार सय अन्ठाउन्न रूपैयाँ बैसट्ठी पैसा मात्र) को बजेट विनियोजन गरिएको छ । पुँजीगत बजेट सीमा तो क्ने दुई आधार संस्थागत कोषको ५० प्रतिशत वा कुल सम्पत्तिको ५ प्रतिशत जुन कम हुन्छ सोही अनुसार गरिने भएकाले यहाँ कुल सम्पत्तीको ५ प्रतिशत सम्मको सिमालाई आधार लिई निम्नानुसार विनियोजन गरिएको छ ।

क्र.सं.	बजेट शीर्षक	आवश्यक सङ्ख्या	विनियोजित बजेट रु.
क	कम्प्युटर नयाँ खरिद	६	४२००००
ख	प्रिन्टर नयाँ खरिद	२	७००००
ग	स्क्यानर खरिद	२	३००००
घ	जग्गा खरिद	कम्तिमा ८ आना	५२६०००००
ङ	नयाँ फर्निचर (टेवल, कुर्सि र काउन्टर)	आ.व.श्यकता अनुसार	५०००००
च	सेवाकेन्द्र पूर्वाधार निर्माण	आ.व.श्यकता अनुसार	३०००००
छ	भल्ट खरिद	२ थान	२४००००
ज	इन्भटर खरिद	२ सेट	२८००००
झ	स्मार्ट एल.ई.डी. बोर्ड	१ थान	४०००००
ञ	डिजिटल क्यामरा	१ थान	१५००००
ट	ऋण व्यवस्थापन सफ्टवयर	१ थान	७००००
ठ	प्रोजेक्टर	१ थान	७५०००
ड	अन्य कार्यालय उपकरणहरु	आवश्यकता अनुसार	३०००००
	जम्मा पूँजीगत खर्च बजेट		५५४३५०००

(घ) **चालु खर्च :** संस्थाले अवधिको योजना प्रभावकारी ढंगले कार्यान्वयन गर्न आ.व. २०८०/०८१ को लागि चालु खर्च बजेट सिमा रू. ३२०२५७८६.९३ -अक्षरूपि तीन करोड विस लाख पच्चिस हजार सात सय छयासी रूपैया त्रियानब्बे पैसा मात्र) लाई निम्नानुसार विनियोजन गरेको छ ।

क्र.सं.	बजेट शीर्षक	बजेट भार	बिनियोजित बजेट
१	कर्मचारी खर्च	५०	१६०१२८९३।४६
२	कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च	१३	४१६३३५२।३०
३	सञ्चालक खर्च	६	१९२१५४७।२२
४	साधारण आ.व. खर्च	१५	४८०३८६८।०३९
५	घरभाडा तथा ह्रासकट्टी खर्च	६	१९२१५४७।२२
६	अन्य कार्यक्रम तालिम तथा गोष्ठी खर्च	१०	३२०२५७८।६९
	जम्मा चालु खर्च बजेट	१००	३२०२५७८६।९३

(१) **कर्मचारी खर्च तर्फ बजेट बितरण :** कुल चालु बजेटको ५० प्रतिशत बजेट कर्मचारी खर्च तर्फ छुट्याइएको छ । यस शीर्षक अन्तर्गत जम्मा रू. १६०१२८९३.४६ -अक्षरूपि एक करोड साठ्ठीलाख बाह्र हजार आठसय त्रियानब्बे रूपैया छयालिस पैसा मात्र) बजेट विनियोजन गरिएको छ । आ.व. २०८०/०८१ मा हालको विसम परिस्थितिलाई मध्यनगर गर्दै आ.व. २०७९/०८० को सेवा सुविधालाई नै कायम राखेर निम्नानुसार सेवा सुविधा निर्धारण गरिएको छ ।

क्र.सं.	तह	हालको तलवमान	ग्रेड सङ्ख्या	प्रस्तावित तलवमान
१	दशौँ तह	७७०००	०	७७,०००
२	सातौँ तह	४९५००	८	४९,५००
३	छैटौँ तह	३६३००	१०	३६,३००
४	पाचौँ तह	२९१२०	१०	२९,१२०

क्र.सं.	तह	हालको तलवमान	ग्रेड सङ्ख्या	प्रस्तावित तलवमान
५	चौथो तह	२५७६०	७	२५,७६०
६	तृतीय तह	२१०९१	७	२१,०९१
७	कानुनी परामर्शदाता	१३८००	०	१३,८००
८	कार्यालय सहयोगी	१९८१५	६	१९,८१५
९	सुरक्षा गार्ड	१८४००	६	१८,४००
१०	सरसफाई पार्ट टाइम	७०००	०	१३,५००

कर्मचारी सेवा सुविधा सम्बन्धी बजेटमा समावेश हुने खर्चहरू : माथि उल्लिखित तलवमानको अतिरिक्त यस शीर्षकबाट निम्नानुसार अन्य खर्च पनि उपलब्ध गराइनेछ ।

(क) प्रमुख कार्यकारी अधिकृत भत्ता मासिक रू. २६,०००/- (छब्बिस हजार मात्र) प्रस्ताव गरिएको छ ।

(ख) विभागीय प्रमुखका लागि मासिक भत्ता रू.५,०००/- (अक्षरूपि पाँचहजार मात्र) प्रस्ताव गरिएको छ ।

(ग) सेवाकेन्द्र प्रमुखको रूपमा भूमिका निभाउने कर्मचारीको लागि मासिक भत्ता रू.२,०००/- (अक्षरूपि दुई हजार मात्र) प्रस्ताव गरिएको छ ।

(घ) सम्पूर्ण पूर्ण कालिन कर्मचारीहरूको लागि ग्रेड सहितको मासिक तलवमानको २० प्रतिशत रकम सामाजिक सुरक्षा कोशमा योगदान हुने गरी थप गर्ने प्रस्ताव गरिएको छ र उक्त रकममा कर्मचारीको तर्फबाट ११ प्रतिशत थप गरी कुल ३१ प्रतिशत रकम मासिक रूपमा नेपाल सरकारको मातहतमा रहेको सामाजिक सुरक्षा कोशको कार्यालयमा जम्मा गरिदिने प्रस्ताव पेश गरिएको छ ।

(ङ) संस्थाको मानव संशाधन व्यवस्थापन नीति तथा अनिवार्य विदा कार्यविधि अनुसार सो मापदण्डमा पर्ने कर्मचारीको हकमा वार्षिक १५ दिनको पारिश्रमिक दिनेगरी ६ दिनको अनिवार्य विदा दिने प्रस्ताव पेश गरिएको छ ।

(च) संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको लागि एक महिनाको ग्रेड सहितको तलवमान बराबर पर्व खर्च उपलब्ध गराउने प्रस्ताव पेश गरिएको छ ।

(छ) मानव संशाधन व्यवस्थापन नीति अनुसार वार्षिक रूपमा उपलब्ध गराउने बिदाबाट खर्च गरी बाँकी रहेको बिदा बापतको रकम वार्षिक रूपमा खर्च लेखि सिमासम्म बिदाको रकम सञ्चित कोशमा जम्मा गर्ने र सिमा भन्दा बढी बिदा बाँकी रहेमा त्यसै आ.व.मा भुक्तानी दिने गरी प्रस्ताव पेश गरिएको छ ।

(ज) संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको लागि वार्षिक रूपमा अधिकतम रू. १०००० /- (अक्षरूपि दश हजार मात्र) बराबरको पोसाक खरिद गरी उपलब्ध गराउने प्रस्ताव पेश गरिएको छ ।

(झ) नियमित कर्मचारीको हकमा एक आर्थिक वर्ष सेवा पूरा गरेका कर्मचारीलाई अधिकतम ग्रेडको सिमा नबढ्ने गरी एक ग्रेड स्वतः थप गरिने प्रस्ताव पेश गरिएको छ ।

(ञ) मुख्य कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यालयमा नै खाजा खाने व्यावस्था मिलाइनेछ सोको लागि इन्धन र खाजा बनाउने कर्मचारीको व्यवस्थापन गरिनेछ ।

(२) **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च :** दैनिक रूपमा कार्यलय सञ्चालन प्रक्रियालाई सहज र सरल बनाउन यस शीर्षक अन्तर्गत कुल चालु बजेटको १३ प्रतिशत नबढ्ने गरी यस शीर्षक अन्तर्गत रू. ४१६३३५२।३० (अक्षरूपि एकचालिस लाख त्रिसठ्ठी हजार तिन सय बाउन्न रूपैया तिस पैसा मात्र) बजेट निनियोजन गरिएको छ । यस बजेट सीमा भित्र रहेर निम्न उपशीर्षकमा खर्च गरिने छ ।

क्र.सं	खर्च शीर्षक	विनियोजित बजेट	कैफियत
१	छपाई तथा स्टेसनरी	४०००००	
२	मसलन्द सामग्री	२०००००	
३	विद्युत तथा खानेपानी	१५००००	
४	टेलिफोन	१५००००	
५	जेनेरेटर इन्धन	८००००	
६	पत्रपत्रिका शुभकामना तथा सूचना प्रकाशन	६००००	
७	मर्मत सम्भार	२०००००	
८	संस्था सदस्यता नवीकरण	५००००	
९	प्रवर्द्धन तथा एसएमएस खर्च	३०००००	
१०	पुरस्कार तथा प्रोत्साहन खर्च	४०००००	
११	एक्सेस कार्यक्रम खर्च	३७५०००	
१२	भौतिक सम्पत्ति विमा तथा कर खर्च	२०००००	
१३	इन्टरनेट खर्च	२०००००	
१४	योजना तथा विकास खर्च	५००००	
१५	बाह्य लेखा परीक्षण खर्च -नेपाल लेखामान अनुसार)	१५०,०००	
१६	नेपाल फाइनान्सिङ रिपोर्टिङ स्टेन्डर्ड ***(NFRS)***	१५०,०००	
१७	आन्तरिक लेखा परीक्षण खर्च	१२००००	
१८	अतिथि सत्कार खर्च	१०००००	
१९	एससिटि खर्च	१३००००	
२०	कमिसन खर्च	५००००	
२१	सफ्टवेयर मर्मत संभार खर्च	४०००००	
२२	बैङ्क तथा अन्य चार्ज	२००००	
२३	यातायात खर्च -कार्यलय सञ्चालनका क्रममा)	१५०,०००	
२४	कानुनी खर्च	५००००	
२५	अन्य कार्यलय सञ्चालन खर्च	२८३५२	
	जम्मा खर्च	४१६३३५२।००	

(३) **समिति तथा उपसमिति खर्च** : संस्था सञ्चालनमा सञ्चालकीय भूमिकालाई प्रभावकारी बनाउन र सञ्चालकले संस्थाको लागि दिएको समयको उचित मूल्याङ्कन गर्न कुल चालु बजेटको ६ प्रतिशत रकम यस शीर्षक अन्तर्गत बजेट छुट्याइएको छ । यस बजेट शीर्षक अन्तर्गत कुल रू. १९२१५४७।२२/- (अक्षरूपि उन्नाइस लाख एक्काइस हजार पाँचसय सठ्चालिस रूपैया बाइस पैसा मात्र) सीमा भित्र रही बजेट बिनियोजन गरिएको छ । आ.व. २०८०/०८१ का लागि चालु आ.व. २०७९/०८० को बैठक भत्तालाई यथावत कायम राखि निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

क्र.सं.	खर्च शीर्षक	प्रस्तावित दर	सहभागी	बैङक सङ्ख्या	वार्षिक खर्च
१	सञ्चालक समिति बैठक भत्ता	२५००	१२	१८	५४०००।००
२	लेखा सुपरीवेक्षण समिति बैठक भत्ता	२५००	३	१६	१२०००।००

क्र.सं.	खर्च शीर्षक	प्रस्तावित दर	सहभागी	बैङक सङ्ख्या	वार्षिक खर्च
३	विषयगत उपसमिति तथा बैठक भत्ता	१०००	३५	६	२१०००।००
४	ऋण उपसमिति बैठक भत्ता	१०००	३	५२	१५६०००।००
५	कार्यदल बैठक भत्ता	१०००	६	४	२४०००।००
६	बैठक पूर्वतयारी बैठक भत्ता	१०००	६	१८	१०८०००।००
६	सञ्चालक तथा लेखा समिति इन्टरनेट सुविधा	२००००	१५	१	३००००।००
७	क्यान्टिन तथा खाजा	५५०	१४	१८	१३८६००।००
८	भ्रमण भत्ता				१५०००।००
९	समिति उपसमिति पोशाक खर्च				१७०००।००
	जम्मा				१९१६६००।००

(४) **साधारण सभा तथा स्थापना दिवस खर्च** : संस्थामा सुशासन कायम राख्न नियमित रूपमा ऐनको व्यवस्था अनुसार आ.व. समाप्त भएको छ महिना भित्रमा वार्षिक साधारण आ.व. सम्पन्न गर्नु पर्ने कानुनी प्रावधान रहेको र संस्थाको इतिहास स्मरणमा राखि राख्न संस्थाको स्थापना दिवस पनि मनाउनु पर्ने भएकाले यस शीर्षक अन्तर्गत कुल चालु बजेटको १५ प्रतिशतको सीमा भित्र रही बजेट विनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गत आ.व. २०८०/०८१ को लागि कुल रू. ४८,०३,८६८।०४ (अक्षरूपि अठ्चालिस लाख तिनहजार आठसय अठ्सठ्ठी रूपैया चार पैसा मात्र) को सीमा भित्र रही बजेट बिनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गतका निम्न उपशीर्षकमा खर्च हुनेगरी बजेट बिनियोजन प्रस्ताव गरिएको छ ।

क्र.सं.	खर्च शीर्षक	परिमाण	दर	कुल खर्च
१	प्रतिवेदन छपाई खर्च	६०००	७५	४५०००।००
२	सदस्य साधारण आ.व. बैठक भत्ता	७५००	५००	३७५०००।००
३	मञ्च तथा सभा व्यवस्थापन र सजावट			२००००।००
४	प्रचार प्रसार खर्च			५००००।००
५	अतिथि खर्च			५००००।००
६	खाजा तथा क्यान्टिन खर्च			१५००००।००
७	स्थापना दिवस खर्च			१००००।००
८	अन्य खर्च			५००००।००
	जम्मा खर्च			४८००००।००

(५) **घरभाडा तथा ह्रास कट्टी खर्च** : संस्थाको आगामी आ.व. २०८०/०८१ मा थप एक स्थानमा नयाँ सेवाकेन्द्र स्थापना गरी सदस्यहरूमा सेवा विस्तार गर्न वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेको हुँदा थप एक सेवाकेन्द्र स्थापना गर्दा लाग्न सक्ने घरभाडा समेत समावेश गरी यस शीर्षकमा बजेट विनियोजन गरिएको छ । संस्था सञ्चालनमा क्रममा हाल प्रयोगमा आएका स्थिर सम्पत्ति र आगामी आ.व.मा थप गर्ने प्रस्तावित सम्पत्ति सामान समेतको ह्रास कट्टी खर्च पनि यसै शीर्षक अन्तरर्गत खर्च गर्ने गरी बजेट बिनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गत कुल चालु बजेट सिमाको ६ प्रतिशत नबढ्ने गरी बजेट बिनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गत कुल रू. १९२१५४७।२२ (अक्षरूपि उन्नाइस लाख एक्काइस

हजार पाँचसय सठ्चालिस रूपैया बाइस पैसा मात्र) बजेट बिनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत खर्च हुने अन्य सहायक शीर्षकहरू निम्नानुसार प्रस्ताव गरिएको छ।

क्र.सं.	खर्च शीर्षक	विनियोजित बजेट	कैफियत
१	घरभाडा नाला सेवा केन्द्र	१६०००।००	
२	घरभाडा प्रस्तावित २ सेवाकेन्द्र	३६०००।००	
३	ह्रासकट्टी खर्च	१४०१५४७।००	
	जम्मा	१९२१५४७।००	

(६) **अन्य कार्यक्रम तालिम तथा गोष्ठी सम्बन्धी खर्च** : संस्थाको व्यावसायिक क्षमता अभिवृद्धि गर्न र मानव संशाधनको विकास गर्न र संस्था र समुदाय बिचको सम्बन्ध घनिष्ठ बनाउन यस शीर्षक अन्तर्गत कुल चालु बजेटको १० प्रतिशतको सीमा नबढ्ने गरी बजेट विनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत कुल रू. ३२०२५७८।६९ (अक्षरूपी बत्तिस लाख दुई हजार पाँचसय अठहत्तर रूपैया उनन्सत्तरी पैसा मात्र) बजेट विनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत निम्न उपशीर्षकमा खर्च गरिने छ।

क्र.सं.	कार्यक्रम	सङ्ख्या	विनियोजित बजेट	कैफियत
१	आन्तरिक तालिम तथा गोष्ठी	२	१००,०००	शिक्षा कोष
२	योजना समीक्षा गोष्ठी	४	१००,०००	शिक्षा कोष
३	सदस्य शीपमूलक तालिम	२	२००,०००	शिक्षा कोष
४	बाह्य तालिम तथा गोष्ठीमा सहभागी	५	१००,०००	शिक्षा कोष
५	सञ्चालक क्षमता अभिवृद्धि तालिम	१	१७०,०००	शिक्षा कोष
६	स्वास्थ्य सीविर कार्यक्रम	२	१००,०००	समुदाय विकाश कोष
७	रक्तदान कार्यक्रम	२	७०,०००	समुदाय विकाश कोष
८	जनचेतना मूलक कार्यक्रम	१	५०,०००	समुदाय विकाश कोष
९	सामुदायिक विद्यालय सहयोग कार्यक्रम	१	३०,०००	समुदाय विकाश कोष
१०	ज्योति प्रकाश सैंजु बाल सदस्य छात्रवृत्ती कार्यक्रम	कार्यविधि अनुसार	६०,०००	ज्योति प्रकाश सैंजु स्मृति कोष
११	युवा लक्षित खेलकुद कार्यक्रम	१	७०,०००	समुदाय विकाश कोष
१२	विस्तारित मञ्च, सदस्य शिक्षा तथा साक्षरता कार्यक्रम	१८	४५०,०००	शिक्षा कोष
१३	समुदाय भेटघाट तथा टोल भेला कार्यक्रम	१८	१८०,०००	संस्था विकाश कोष
१४	अवलोकन भ्रमण	१	४००,०००	संस्था विकाश कोष
१५	जेष्ठ सदस्य तिर्थाटन कार्यक्रम	१	५००,०००	संस्था विकाश कोष
१६	ज्येष्ठ सदस्य सम्मान कार्यक्रम	२	२००,०००	समुदाय विकास कोष
१७	अन्तर्राष्ट्रिय भ्रमण	१	२२०,०००	संस्था विकाश कोष
१८	अन्य सामाजिक उत्तरदायित्व खर्च		२००,०००	समुदाय विकाश कोष
	जम्मा		३,२००,०००	

यस शीर्षक अन्तर्गत हुने खर्चको सीमा भित्र रही सर्वप्रथम सहकारी शिक्षा कोश, सहकारी विकास कोश र समुदायक विकास कोशबाट खर्च गरिने छ। यदी उक्त कोशको रकमले अपुग भएको खण्डमा भने यस बजेट शीर्षकको सीमासम्म कूल खर्च हुने गरी यस बजेट उपशीर्षक अन्तर्गत खर्च गरिने छ। यसको लागि माथिको बजेट उपशीर्षक तालिकाको कैफियतमा उल्लेख गरिएको कोशबाट सर्व प्रथम खर्च लेखाङ्कन गरिनेछ। यदि उक्त कोषको रकमले निर्धारित सीमा सम्मको खर्च गर्न पनि अपुग भएको खण्डमा भने यसै बजेट शीर्षक अन्तर्गत खर्च गरिनेछ।

(इ) **शेयर लाभांश वितरण सम्बन्धमा** : संस्थाले आ.व. २०७९/०८० को अन्तिम लेखा परीक्षण पश्चात हुन आएको खुद मुनाफाबाट नियमानुसार कर्मचारी बोनस कोश, आयकर व्यवस्था, जगेडा कोश, संरक्षित पुँजी फिर्ता कोश र सहकारी प्रवर्द्धन कोशमा छुट्ट्याइ सके पश्चात बाँकी रहेको नाफालाई शत प्रतिशत मानी सोको ७० प्रतिशत रकमबाट सेयर सदस्यज्यूहरूले गर्नु भएको शेयर लगानीको वार्षिक अनुपातिक रूपमा १५ प्रतिशतका दरले हुन आउने रकममा नियमानुसारको कर कट्टी गरी शेयर लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गरिदिनुहुन सम्मानित आ.व. समक्ष अनुरोध गर्दछु।

(ई) **संरक्षित पुँजी फिर्ता कोशको रकम वितरण सम्बन्धमा** : संस्थाले आ.व. २०७९/०८० को खुद मुनाफाबाट नियमानुसार संरक्षित पुँजी फिर्ता कोशमा छुट्ट्याइएको रकमको ६० प्रतिशत रकम सदस्यज्यूहरूको ऋण कारोबारको आधारमा र ४० प्रतिशत रकम सदस्यज्यूहरूको बचत कारोबारको आधारमा वितरण गर्ने प्रस्ताव पेश गर्दछु। यस कोशको रकम वितरण गर्दा सहकारी ऐन अनुसार ऋणको साँवा र ब्याज नियमित नतिर्ने र संस्थामा गर्नुपर्ने नियमित बचत नगर्ने सदस्यहरूलाई वितरण गर्न नसकिने भएकाले सम्पूर्ण सदस्यज्यूहरूलाई संस्थामा ऋणको कारोबार र बचतको कारोबार नियमित रूपमा गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

(उ) **साधारण सभा बैठक भत्ता सम्बन्धमा** : सेयर सदस्यज्यूहरू संस्थाको यस ३१औँ वार्षिक साधारण आ.व.मा उपस्थित भए बापत साधारण आ.व. बैठक भत्ता स्वरूप रू. ५००/- (अक्षरूपि पाँचसय मात्र) मा नियमानुसार को १५ प्रतिशत कर कट्टी गरी बाँकी रहेको रकम सम्बन्धित सेयर सदस्यज्यूहरूलाई उपलब्ध हुने गरि सम्बन्धित सदस्यज्यूहरू कै बचत खातामा जम्मा गर्ने प्रस्ताव स्वीकृत गरीदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु।

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस प्रतिवेदन मार्फत मैले प्रस्तुत गरेका आ.व. २०७९/०८० आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८०/०८१ को प्रतावित आर्थिक कार्यक्रम तथा बजेट माथि गहन छलफल गरी आवश्यक सल्लाह सुझाव सहित स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु। अन्त्यमा संस्थाको विकास र प्रगतिमा सहयोग सद्भाव र माया प्रदान गर्नुहुने नियामक निकाय, विशिष्ट महानुभावहरू, छाता सङ्घहरू र सदस्यहरूको सेवामा समर्पित समिति, उप-समितिका सहयात्री साथीहरू, कर्तव्य निष्ट कर्मचारी वर्ग, संस्था प्रति कटिबद्ध सदस्य महानुभावहरू प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दै यँहाहरूको अझ बढी सहयोगको अपेक्षा राख्दै यस संस्थाको परिकल्पना (Vision) "सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था" पुरा हुनेछ भन्दै संस्थाको कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागी यहाँहरूको सहयोगको अपेक्षा राख्दै बिदा हुन चाहन्छु।

धन्यबाद !

जय सहकारी !! जय चण्डेश्वरी !!!

लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रगति प्रतिवेदन



रामप्रसाद श्रेष्ठ
संयोजक

यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८, काभ्रेपलाञ्चोकको ३१औँ वार्षिक साधारण सभाका सभापति एवम् संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, मञ्चमा आसिन अथितिज्यूहरू, विभिन्न सङ्घ संस्थाहरूबाट पाल्नु भएका अतिथिहरू, सहकारी अभियानबाट दिन सक्ने योगदानबारे जनमानसमा सुसूचित गर्नु हुने पत्रकार मित्रहरू, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, प्रमुख सल्लाहकार तथा सल्लाहकार ज्यूहरू, विभिन्न विषयगत उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, यस गरिमामय साधारण सभामा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरू एवं यस संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिबादन ।

यस संस्थाको ३० औँ वार्षिक साधारण सभाबाट सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न सहकारी ऐन २०७४ को दफा ४८(१) अनुसार गठन भएको लेखा सुपरिवेक्षण समितिको संयोजक पदमा म राम प्रसाद श्रेष्ठलाई र सदस्यहरूमा विनय कृष्ण कायस्थ र ज्योत्सना सैंजुलाई निर्विरोध निर्वाचित गर्नु भएकोमा सम्पूर्ण आदरणीय शेयर सदस्यहरूमा हाम्रो तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछौँ ।

आदरणीय शेयर सदस्यज्यूहरू,

नेपालमा सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ लागु भए पश्चात २०५० साल आस्वीन ६ गते चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को नामबाट विधिवत दर्ता भै बचत तथा ऋणको कारोबारको सिद्धान्तहरूलाई अंगीकार गर्दै हाम्रो समाजमा आर्थिक परिवर्तन हामीबाटै गर्न सकिने कुरालाई मध्यनजर गर्दै, सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्न उत्कृष्ट, सुरक्षित र दिगो संस्थाको परिकल्पनाका साथ अगाडि बढ्दै गई रहेको यस संस्थाले विभिन्न आरोह अवरोह पार गर्दै आज हुन गई रहेको ३१औँ वार्षिक साधारण सभा सम्म आइपुग्दा साकोस व्यवस्थापनमा रहेको जोखिम विश्लेषण गरी व्यवस्थापनको माध्यमबाट संस्थालाई गुणस्तर र सुनिश्चितता गर्न ब्यवस्थापन र व्यावसायिकता अभिवृद्धि गर्नका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून) ले स्थलगत निरीक्षण गरेको आधारमा यस संस्थालाई नेपाल कै सार्वोत्कृष्ट बचत तथा ऋण सहकारी संस्था घोषणा गरेको र एसियाली ऋण महासङ्घले एसियाली स्तरको स्तरीकरण कार्यक्रम अन्तर्गत सन् २०२३/०२४ मा संस्थाले सिल्भर ब्राण्ड प्राप्त गर्न सफल भएको यहाँहरूमा अवगत नै छ ।

आदरणीय शेयर सदस्यज्यूहरू,

सहकारी ऐन २०७४ को दफा ४९(१) मा उल्लिखित लेखा सुपरिवेक्षण समितिको काम कर्तव्य र अधिकारमा रही यस समितिले यस संस्थाद्वारा आ.व. २०७९/०८० मा तोकिएको वार्षिक लक्ष्य तथा कार्यक्रमलाई आधार मानी उक्त वर्षमा संस्थाबाट भए गरेका नीतिगत निर्णय प्रक्रिया तथा व्यवस्थापनबाट गरिएका कार्यान्वयन र समय समयमा गरेको सुपरिवेक्षणबाट देखिएका आधारमा यो प्रतिवेदन यस गरिमामय ३१औँ साधारण सभामा प्रस्तुत गरेका छौँ । यस आ.व. २०७९/०८० को असार मसान्त सम्ममा कुल शेयर सदस्य ९१२२ र बाल सदस्य ६८४ पुगेको र संस्थाको कुल पुँजी तथा दायित्व रू. १,२८,९८,८५,१५४।२२ पुगेको जानकारी गराउँदछौँ ।

आदरणीय शेयर सदस्यज्यूहरू,

यस समितिले समय समयमा संस्थाको मुख्य आर्थिक कारोबार अर्थात वचत तथा ऋण कारोबारको सुपरीवेक्षण र सदस्यहरूको सल्लाह र सुझावहरू र आ.व. २०७९/०८० को लागि लक्षित नीति तथा कार्यक्रम अनुसार सम्पन्न भए गरेका कार्यहरूको आधारमा तयार पारेका यस समितिको प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहान्छौं ।

१. **३० औं साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :-**

१.१. संस्थाको ३०औं वार्षिक साधारण सभाबाट स्वीकृत भएका विभिन्न प्रतिवेदन र प्रस्तावित कार्यक्रम अनुसार नै कार्य भएको पाइयो ।

१.२. संस्थाको ३०औं वार्षिक साधारण सभाको निर्णयानुसार आ.व. २०७८/०७९ बाट सहकारी ऐन २०७४ को दफा ६९(२) अनुसार छुट्ट्याइएको संरक्षित पुँजी फिर्ता कोषको रकम रू.८१,४५,२९५।३१ मध्ये सहकारी नियमावली २०७५ को दफा २५(४) अनुसार सदस्यको बचत कारोबारको आधारमा ४० प्रतिशतले हुन आउने रकम रू.३२,५८,११८।१२ बाट सहकारी नियमाली अनुसार योग्यता पुगेका सदस्यहरूलाई रू.१७,८१,५१८।९१ र ऋण कारोबारको आधारमा ६० प्रतिशत हुन आउने रकम ४८,८७,१७७।१९ मध्ये सहकारी नियमावली अनुसार योग्यता पुगेका ऋणी सेयर सदस्यहरूलाई ३६,५५,९३१।४६ गरी जम्मा सेयर सदस्यहरूलाई रू.५४,३७,४४०।३७ वितरण गरिएको र बाँकी रकम जगेडा कोषमा रकमान्तर गरिएको पाइयो ।

१.३. संस्थाको ३०औं वार्षिक साधारण सभाको निर्णयबाट स्थिर सम्पत्ति लिमाम बिक्री गर्न दिएको अख्तियारी अनुसार चलाउन नमिल्ने अवस्थामा रहेको जेनेरेटर र मोटरसाइकल लिलाम विक्रि गरी पुँजीगत लाभ र कमलाई जगेडा कोषमा रकमान्तर गरेको पाइयो ।

१.४. संस्थाको ३०औं वार्षिक साधारण सभाबाट संस्थाको भवन निर्माण प्रयोजनार्थ जग्गा खरिद गर्न अख्तियारी दिएकोमा गत आवमा देखिएको आर्थिक मन्दीका कारण जग्गा खरिद कार्यलाई यस आ.व.को लागि स्थगित गरिएको पाइयो ।

१.५. ३०औं वार्षिक साधारण सभाबाट ५ स्थानमा सेवा केन्द्र खोल्ने निर्णय भएता पनि सहकारी विभागबाट नाला र पनौतीको लागि मात्र स्वीकृति दिएको देखिन्छ साथै स्वीकृति प्राप्त भएको मध्ये नालामा सेवाकेन्द्र सञ्चालनमा आएको देखिन्छ भने पनौतीमा खोल्ने प्रक्रियामा रहेको देखिन्छ ।

१.६. ३० औं वार्षिक साधारण सभाबाट स्वीकृत भएको १५ प्रतिशतको शेयर लाभांश नियामानुसारको कर कट्टी गरी शेयर सदस्यहरूलाई भुक्तान गरेको पाइयो ।

१.७. गत साधारण सभाबाट स्वीकृत भएको योगदानमा आधारित सदस्य सुरक्षा नीति अनुसार आ.व. २०७९/०८० मा ७९१ जना योगदान कर्ता थप भई जम्मा ११४८ जना योगदान कर्ता पुगी आ.व. २०७९/०८० मा यस कोषबाट जम्मा १७ जनालाई २,०६,००० राहत रकम भुक्तानी गरिएको पाइयो ।

१.८. गत साधारण सभाबाट स्वीकृत भएको रणनीतिक योजना कार्यान्वयनमा ल्याएको पाइयो ।

१.९. गत साधारण सभाबाट स्वीकृत विनियम संशोधन सहकारी विभागबाट प्रमाणीकरण भई आएको पाइयो ।

१.१०. ३० औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक समितिले आफ्नो पदभार कुशलता पूर्वक निर्वाह गरेको पाइयो ।

१.११. गत साधारण सभाबाट नियुक्त स्वतन्त्र लेखा परिक्षक श्रेष्ठ सुनिल एण्ड एसोसिएट्सबाट आ.व. २०७९/०८० को अन्तिम लेखा परिक्षण गरेको पाइयो ।

१.१२. गत साधारण सभाबाट स्वीकृत साधारण सभा बैठक भत्ता प्रति सदस्य रू.५००/- मा १५ प्रतिशत कर कट्टी गरी उपलब्ध गराइएको पाईयो ।

१.१३. गत आ.व.को साधारण सभाको निर्णयको प्रति सहितको प्रतिवेदन सहकारी विभागमा पेश गरेको पाइयो ।

२. **आ.व. २०७९/०८० मा बसेको बैठक सङ्ख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

२.१. समिति उपसमितिको बैठक सङ्ख्या निम्नानुसार छ

क्र.सं.	समिति /उपसमिति	बैठक संख्या
१	साधारण सभा बैठक	१
२	सञ्चालक समिति बैठक	१८
३	लेखा सुपरीवेक्षण समिति बैठक	१६
४	ऋण तथा अर्थ व्यवस्थापन उपसमितिको बैठक	२९
५	शिक्षा तथा समाज कल्याण	९
६	महिला विकाश	४
७	समूह बचत	९
८	एक्सेस कार्यदल	७
९	साधारण सभा तयारी	३
१०	सम्पत्ति सामान खरिद विक्री	५
११	पदपूर्ती उपसमिति	१०
१२	समिक्षा बैठक	४
१३	सदस्य राहत निर्णायक	४
१४	सेवाकेन्द्र स्थापना कार्यादल	५
१५	व्याजदर निर्धारण उपसमिति	४
१६	पदाधिकारी बैठक	१७
१७	सेवाकन्द्र उपसमिति नाला	१

२.२. संस्थाको समिति तथा उपसमितिबाट भएका निर्णयहरू निर्धारित समय भित्र नै प्रभावकारी कार्यान्वयन भएको पाइयो ।

३. **लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था**

३.१. **ऋण सीमा र अख्तियार**

क) रू.५० हजार सम्म ऋण अधिकृतको निर्णयमा लगानी गर्न सकिने ।

ख) रू.५० हजार भन्दा माथि रू.२५ लाख सम्म व्यवस्थापन समूहबाट स्वीकृत गरी लगानी गर्न सकिने ।

ग) रू.२५ लाख माथि रू.७५ लाख सम्म ऋण तथा अर्थ व्यवस्था उपसमितिबाट स्वीकृत गरी लगानी गर्न सकिने ।

घ) रू.७५ लाख भन्दा माथि व्यवस्थापन समूह र ऋण तथा अर्थ व्यवस्था उपसमितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गरी लगानी गर्न सकिने ।

३.२. **धितो सुरक्षणको प्रकार**

क) बचत रकम धितो सुरक्षणको आधारमा

ख) घर जग्गा धितो सुरक्षणको आधारमा

ग) सवारी साधन धितो सुरक्षणको आधारमा

३.३. **मूल्याङ्कन आधार**

क) रू. १० लाख भन्दा कम ऋण लगानीको लागि व्यवस्थापन समूहको मूल्याङ्कनको आधारमा ।

ख) रू. १० लाख वा सो भन्दा माथिको ऋणमा संस्थागत मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा ।

ग) सबै ऋण लगानीमा ५ सी विश्लेषणको मूल्याङ्कन आधारमा ऋण लगानी गरेको पाइयो ।

४. **सहकारी विभागबाट जारी गरेका मापदण्डहरूको पालना सम्वन्धी विवरण**

४.१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागबाट जारी गरेको मापदण्डको पालना गरेको पाइयो ।

४.२. मिति २०७९ जेठ १२ गते जारी गरेको ३५ बुँदे "**सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९**" जारी भएपछि अक्षरांश पालना गरेको पाइयो ।

४.३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागको इ-मेल, वेवसाइट तथा सम्पर्क नम्बरबाट मापदण्डहरूको बारेमा आवश्यकता अनुसार जानकारी लिने पद्धति रहेको पाइयो ।

५) **सहकारी कार्यालय, विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिइएको निर्देशन, सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू**

५.१. सहकारी विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिइएको निर्देशन ग्रहण गर्ने गरिएको ।

५.२. सहकारी विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिएको निर्देशन अनुसार संस्था सञ्चालन गर्ने पद्धति रहेको पाइयो ।

६. **पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण**

६.१. पदाधिकारीहरूले कुनै किसिमको पारिश्रमिक लिएको पाइएन ।

६.२. संस्थाको विभिन्न सामाजिक कार्यक्रममा विना पारिश्रमिक स्वयम सेवकको रूपमा सहभागी भएको पाइयो ।

६.३. संस्थाले निर्धारण गरेको सञ्चालक समितिको बैठकमा साधारण सभाले पारित गरे बमोजिम बैठक भत्ता वितरण गरेको पाइयो ।

७. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था**

७.१. नेपालको कर्मचारी सम्बन्धि प्रचलित कानुन श्रम ऐन, श्रम नियमावली, बोनस ऐन, संस्थाको मानव संशाधन व्यवस्थापन नीतिको अधिनमा रही कर्मचारी प्रशासन सम्बन्धी कार्य गरेको पाइयो ।

७.२. **प्रमुख कार्यकारी अधिकृतको योग्यता क्षमता सम्बन्धी विवरण**

क) शैक्षिक योग्यता : त्रिभुवन विश्वविद्यालयबाट वाणिज्य शास्त्रमा मूल विषय वित्तशास्त्र राखी स्नाकोत्तर तह उत्तीर्ण

ख) कार्यगत अनुभव : त्रिभुवन विश्वविद्यालयको सम्बधन प्राप्त कोशि सेन्ट जेम्स कलेजमा ९ वर्षको प्राध्यापन र बचत तथा ऋण सहकारी क्षेत्रमा कार्यकारी प्रमुखको जिम्मेवारीमा रही ९ वर्षको कार्यानुभव ।

ग) विषयगत तालिम :

- Credit Union Manager Competency Course (CUMCC) From NEFSCUN
- Credit Union Director competency Course (CUDCC) From NEFSCUN
- Technology Based Growth Strategy From World Council of Credit Union
- Financial Product Design Workshop From NEFSCUN
- Research on Report Writing Work Shop From Tribhuvan University
- Business Continuity Plan From Asian Confederations of Credit Union
- Annual Planning and Budget Formulation Training form NEFSCUN
- Training of Teacher (TOT) From NEFSCUN

७.३ **कर्मचारी भर्ना प्रक्रिया र सङ्ख्या** : संस्थाको मानव संशाधन व्यवस्थापन नीति २०७६ को अधिनमा रही पारदर्शी तवरले कर्मचारी भर्ना तथा छनोट गरेको पाइयो ।

७.४ आ.व. २०७९/०८० असार मसान्त सम्म संस्थामा निम्न सङ्ख्यामा कर्मचारी रेहेको पाइयो ।

१) नियमित कर्मचारी - २० जना

२) नियमित कर्मचारी परीक्षणकाल - १ जना

३) समयगत कर्मचारी - २ जना

४) जम्मा कर्मचारी सङ्ख्या २३ जना

८) **लेखा सुपरिवेक्षण समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यन्वयनको अवस्था**

८.१. नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरूप नै लेखा प्रणाली राख्ने गरेको पाइयो ।

८.२. संस्थाले NFRS लेखा पद्धति अनुसार लेखा परीक्षण गरेको पाइयो ।

९. **लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरू**

९.१. सहकारी विभाग बाट स्वीकृत सदस्य केन्द्रीय सूचकाङ्क अनुसार सदस्यको सहभागिता बढाउन ठोस कार्य योजना बनाउनु पर्ने देखिन्छ ।

१०. **लेखा सुपरीवेक्षण समितिका सुझावहरू**

१०.१. संस्थाको भवन निर्माणको लागि जग्गा खरिद कार्य स्थगित गरिएकोमा यस आ.व. २०८०/०८१ मा जग्गा खरिदको लागि आवश्यक कार्यवाही अगाडि बढाउनु पर्ने देखिन्छ ।

१०.२. बचत वृद्धि गर्नको लागि शेयर सदस्यहरूलाई विभिन्न किसिमका सेवा सुविधा उपलब्ध गराउन सकिने किसिमका नीति नियमहरू अवलम्बन गरी सुविधाहरू वृद्धि गराउनु पर्ने देखिन्छ । साथै साना तथा मझौला व्यावसायीहरू, महिला उद्यमीहरू र होटल व्यावसायीहरूलाई समेतलाई सेयर सदस्यमा समाहित गराउन सके बचत वृद्धिमा समेत टेवा पुग्न जानेछ ।

१०.३. लगानी वृद्धि गर्नको लागि बैकल्पिक क्षेत्र पहिचान गरी लगानी वृद्धि गर्नुपर्ने देखिन्छ । यसरी लगानी वृद्धि गर्दा अनुत्पादक क्षेत्रमा कम र उत्पादक क्षेत्रमा बढी प्राथमिकता दिनुपर्ने देखिन्छ ।

१०.४. पर्ल्स अनुपात अनुसार शेयर पुँजी १० देखि २० प्रतिशत सम्म पुऱ्याउन आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

१०.५. संस्थाको विकासको लागि प्रविधिहरू अध्यावधिक गर्दै लाने र डिजिटल बैङ्किङ प्रणालीलाई थप सुरक्षित बनाउनको लागि प्रविधि शाखा र कानुनी शाखा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस समितिले पेश गरेको ३१औँ वार्षिक साधारण सभाको प्रतिवेदन माथि गहन अध्ययन गरी यहाँहरूको अमूल्य सल्लाह र सुझावको अपेक्षा गर्दै यस प्रतिवेदनलाई पारित गरिदिनु हुनेछ भन्ने विश्वास र आशाका साथै आगामी दिनहरूमा पनि यहाँहरूको सल्लाह र सुझावको अपेक्षा गर्दछु । साथै आउँदो विजय दशमी, तिहार, छठ पर्व, नेपाल सम्मत् ११४४, ल्होसार लगायत यस वर्षका सम्पूर्ण पर्वहरूको उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र सम्वृद्धिको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै यो प्रतिवेदन अन्त्य भएको व्यहोरा अनुरोध गर्दछु ।

जय सहाकारी ! जय चण्डेश्वरी !!

संयोजक : राम प्रसाद श्रेष्ठ
सदस्य : विनयकृष्ण कायस्थ
सदस्य : ज्योत्सना सैजु

ऋण लिनका लागि आवश्यक कागतजातहरू

क) व्यक्तिगत एवं पारिवारिक विवरण ।
ख) माग ऋण उद्देश्यको कागजातहरू ।
ग) आय श्रोतको विवरणमा भएसम्मको प्रमाणित कागजातहरू ।
घ) नागरिकताको फोटोकपी निबेदक र अंशियार समेतको ।
ङ) पासपोर्ट साईजको फोटो निबेदक र अंशियार समेतको
च) जग्गा धनि प्रमाण पुर्जाको फोटोकपी ।
छ) प्रमाणित नापी नक्शा, ट्रेस नक्शा र फाइल नक्शा समेत ।
ज) हाल सालैको जग्गाको तिरो तिरेको रसिद ।
झ) सम्बन्धीत वडा कार्यालयबाट चार किल्ला प्रमाणित सिफारिस ।
ञ) जग्गाको रजिष्ट्रेशन लिखत नयाँ नामसारीको हकमा ।
ट) घर भएमा नक्शा पास, घरको नक्सा पास प्रमाण-पत्रको फोटोकपी, घरको फोटो र घरको बीमा
ठ) माग ऋण शीर्षक सम्बन्धीत अन्य व्यवसाय दर्ता, सो व्यवसाय सम्बन्धी अनुभव लगायत सिफारिस भएमा सो को प्रतिलिपि कागजात र बीमा
ड) धितो सुरक्षंण दिने घर/जग्गाको अन्य अंशियारहरूको ना.प्र. पत्रको फोटोकपी र फोटो ।
ठ) व्यक्तिगत जमानत तोकिएको ऋणमा जमानत बस्नेको ना.प्र. पत्रको फोटोकपी र फोटो ।
ण) मो.सा. वा गाडी धितो सुरक्षणका लागि सवारी साधनको बिल बुक, रोड परमित र कर बुकको फोटोकपी, सवारी साधनको पुरै बीमा पोलिसी साथै रकम तिरेको रसिद, सवारी साधनको फोटो ।
त) संस्थाबाट शेयरको प्रमाण-पत्रको फोटोकपी ।

३१ औं बार्षिक साधारण सभामा

शिक्षा तथा समाज कल्याण उप-समितिको प्रगति प्रतिवेदन



पूर्ण पोटे
संयोजक

चण्डेश्वरी बतच तथा ऋण सहकारी संस्था लि.बनेपा ८ काभ्रेपलाञ्चोकको ३१ औँ बार्षिक साधारण सभाका सभाध्यक्ष एवम् संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू राष्ट्रिय, प्रदेश जिल्ला तथा नगर स्तरीय सहकारी निकाय एवम् सङ्घ संस्था बाट प्रतिनिधित्व गरेर आउँनुहुने अतिथिज्यूहरू पत्रकार महानुभाव, कर्मचारी साथीहरू तथा शेयर सदस्य आमाबुबा, महिला तथा सज्जन वृन्दहरूमा शिक्षा तथा समाज कल्याण उप-समितिको तर्फबाट न्यानो अभिवादन टक्र्याउँदछु ।

आजको वचत भोलिको सुन्दर भविष्य हो । बचत विना अवको प्रतिस्पर्धात्मक समाजमा आत्मसन्तुष्टिका साथ जिउन मुस्किल हुन्छ । "**चण्डेश्वरी हजुरको हातमा, हजुरको सम्वृद्धि चण्डेश्वरीको साथमा**" भन्ने नारालाई आत्मसाथ गदै सदस्यहरूलाई सामाजिक आर्थिक, साँस्कृतिक एवम् शैक्षिक उन्नतीकोलागि उप-समिति हरदम तत्पर छ । जहाँ समस्या त्यहाँ उपाय भने झैं हाम्रा सामु अवसरहरू पनि थुप्रै छन् । संस्थाको वर्तमान अवस्था, भविष्यका सम्भावना तथा चुनौतीहरूलाई दृष्टिगत गरी संस्थाले बनाएको नीति, नियम, कार्यविधि र विनियमलाई टेकेर यस उपसमितिले आफ्नो जिम्मेवारी पूरा गरेको छ ।आगामी दिनमा पनि पूरा गर्ने विश्वास लिएको छ ।

आ.व ०७९।०८० मा ९ पटक शिक्षा तथा समाज कल्याण उपसमितिको बैठक वसी निम्न कार्यक्रमहरू सम्पन गर्नुका साथै यस उप-समितिले सामाजिक कार्यक्रमहरू लगायत समूहमा आबद्ध शेयर सदस्यहरूलाई समय समयमा वित्तीय साक्षरताका साथै सदस्यता वृद्धिका कार्यक्रमहरू सञ्चालन गरेका छौ ।

१) मिति २०७९।०४।२१ गते चण्डेश्वरी मा.बि नाला ४ मा वित्तीय साक्षरता कार्यक्रममा उपस्थित ७३ जना मध्य नयाँ सदस्य १० जना बाल सदस्य १ जना हुनुभएको थियो ।

२) मिति २०७९।०५।१७ गते बनेपा ५ चण्डेश्वरी लक्ष्मी क्याटरिङमा वित्तीय साक्षरता कार्यक्रममा जम्मा उपस्थित ८७ जना मध्य नयाँ सदस्य १२ जना बाल सदस्य १० जना हुनुभएको थियो ।

३) मिति २०७९।०७।२६ गते हिमालय उच्च मा.बि बनेपा ५ मा वित्तीय साक्षरता कार्यक्रममा जम्मा उपस्थित ६९ जना मध्य नयाँ सदस्य १६ जना बाल सदस्य १ जना हुनुभएको थियो ।

४) मिति २०७९।०७।२६ गते बनेपा ९ वादे बगैचाँ टोलमा वित्तीय साक्षरता कार्यक्रममा जम्मा उपस्थित ६३ जना मध्य नयाँ सदस्य ११ जान बाल सदस्य १ जना हुनुभएको थियो ।

५) मिति २०७९।०८।२४ गते श्री पूण्य मा.वि पनौती ७ इन्द्रेश्वर चोकमा सहकारी सम्बधित वित्तीय साक्षरता कार्यक्रममा जम्मा उपस्थित ६९ जना मध्ये नयाँ सदस्य २४ जना हुनुभएको थियो ।

६) मिति २०७९।९।११ गते देखि १५ गतेसम्म नव निर्वाचित सञ्चालक समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई क्षमता अभिबृद्धि गर्ने उदेश्यका साथ ४ दिने CUDCC तालिम चितवन जिल्लाको सौराह स्थित होटेल वाइल्ड लाइफ रिसोर्टमा सञ्चालक समिति लेखा समिति १४ जना कर्मचारी ३ जना गरी जम्मा १७ जना सहभागी भएको थियो ।

७) मिति २०७९।१०।२१ गते एक दिने उद्घोषक तालिम बनेपा पार्टी भेन्यू बनेपा ८ मा सञ्चालन हुँदा सञ्चालक समिति, लेखा समिति, उपसमिति, सल्लाकारहरू र कर्मचारीहरू गरी जम्मा २८ जनाको सहभागीता रहेको थियो ।

८) मिति २०७९।११।१९ गते बनेपा न.पा १३ न वडा कार्यालय भैसेपाटीमा बित्तिय सहकारी साक्षरता कार्यक्रममा जम्मा उपस्थित ५५ जना मध्ये बाट नयाँ सदस्य १८ जना बाल सदस्य २ जना सहभागी भएको थियो ।

९) मिति २०८०।२।१९ गते आजाद मा.बि बनेपा ५ मा विद्यालयमा अध्यरत विद्यार्थीहरूलाई वित्तीय साक्षरता कार्याक्रममा जम्मा उपस्थित ७७ जना सहभागी भएको थियो ।

१०) मिति २०८०।०२।२२ विश्व वतावरण दिवस (जून ५) को अवसरमा विश्वमा भई रहेको प्लाष्टिक जन्य फोहोर व्यवस्थापन तथा जन समूदायमा फोहर व्यवस्थापन सम्बन्धित जनचेतना जगाउने उद्देश्यका साथ यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. ले आफ्नो सामाजिक उत्तर दायित्व बहन अन्तर्गत बनेपामा रहेको धार्मिक तथा सांस्कृतिक महत्वका केही मठ मन्दिरहरूमा फोहोर व्यवस्थापनको लागि निम्न स्थानहरूमा डष्टविन बितरण गरिएको थियो ।

- बनेपाको सिनागालमा रहेको महादेब मन्दिर १ थान
- बनेपामा रहेको लोकेश्वर मन्दिर १ थान
- बनेपामा रहेको चण्डेश्वरी मन्दिर २ थान
- बनेपामा रहेको धनेश्वरी मन्दिर १ थान
- नाला स्थित करुणामय मन्दिर १ थान
- भगवती मन्दिर, नाला १ थान
- ब्रम्हा मन्दिर, नाला १ थान

गरी जम्मा ८-आठ) स्थानमा डष्टविन बितरण भएको थियो ।

११) मिति २०८०।०२। २७ गते सहकारी कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम गौतम भिलेज रिर्सोट बनेपामा हुँदा १९ जना विभिन्न पदका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

१२) मिति २०८०।३।१५ गते सदस्य अन्तरक्रिया तथा विस्तारित मञ्च कार्यक्रम बनेपा ८ संस्थाको मुख्य कार्यलयमा हुँदा ४० जना अगुवा शेयर सदस्यहरूको उपस्थित रहेको थियो ।

आ.ब ०८०।८१ मा यस उप-समितिद्वारा गर्ने बार्षिक कार्यायोजना :-

क्र.स	कार्यक्रम	पटक
१	आन्तरिक तालिम तथा गोष्ठी	२ पटक
२	योजना समीक्षा गोष्ठी(चौमासिक)	४ पटक
३	संचालक क्षमता अभिवृद्धि तालिम	१ पटक
४	जनचेतना मुलक कार्यक्रम(स्वास्थ तथा वातावरण दिवस)	१ पटक
५	सदस्य शिक्षा कार्यक्रम तथा बिस्तारित मन्च	१८ पटक
६	SEE सम्मान कार्यक्रम	१ पटक
७	समूदाय विद्यालय छात्रवृद्धि	१ पटक
८	ज्योति प्रकाश सैंजू छात्रवृद्धि	१ पटक

अन्तमा, यस बार्षिक साधारण सभामा पाल्नु भएका मुख्य अतिथि, अतिथिगण, सल्लाहकार, उपस्थित शेयर सदस्य महानुभावहरू समिति तथा उप-समिति पदाधिकारी र सदस्यहरू र कर्मचारी मित्रहरूलाई यस शिक्षा तथा समाज कल्याण उप-समितिलाई अझ अगाडि बढाउनका लागि आफ्नो राय सल्लाह र सुझाव प्रदान गरी आगामी वर्षमा गरिने कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ शिक्षा तथा समाज कल्याण उप-समितिको वार्षिक प्रगति प्रतिवेदन यही टुङ्ग्याउन चाहन्छु ।

धन्यबाद, जय सहकारी जय चण्डेश्वरी !! !!

संयोजकः पूर्ण पोटे
सदस्यः सुवन कुमार प्रधान
सदस्यः कृष्णेश्वरी बैद्य

चण्डेश्वरीको योगदानमा आधारित सदस्य सुरक्षा योजना



प्रकृतिक मृत्यू राहत

योगदान रकम	राहत रकम
३००० । -	१८००० । -
४००० । -	२४००० । -
५००० । -	३०००० । -

सवारी दुर्धटना उपचार राहत

योगदान रकम	राहत रकम
३००० । -	७५०० । -
४००० । -	१०००० । -
५००० । -	१२५०० । -





आगलागी क्षती बापत राहत

योगदान रकम	राहत रकम
३००० । -	७५०० । -
४००० । -	१०००० । -
५००० । -	१२५०० । -

घाटक रोग उपचार राहत

योगदान रकम	राहत रकम
३००० । -	२१००० । -
४००० । -	२८००० । -
५००० । -	३५००० । -





सुत्केरी पौष्टिक राहार खर्च

योगदान रकम	राहत रकम
३००० । -	१५०० । -
४००० । -	२००० । -
५००० । -	२५०० । -

महिला पाठेघर अपरेसन राहत

योगदान रकम	राहत रकम
३००० । -	७५०० । -
४००० । -	१०००० । -
५००० । -	१२५०० । -





चट्याङ क्षती बापत राहत

योगदान रकम	राहत रकम
३००० । -	७५०० । -
४००० । -	१०००० । -
५००० । -	१२५०० । -

दुर्धटना मृत्यु राहत

योगदान रकम	राहत रकम
३००० । -	६०००० । -
४००० । -	८०००० । -
५००० । -	१००००० । -



आजै सदस्य सुरक्षा बचतमा योगदान रकम जम्मा गरि
राहत योजनामा सहभागी बनौं, भबिष्य सुरक्षित गरौं ।

३१ औं वार्षिक साधारण सभामा

महिला विकास उप-समितिको तर्फबाट वार्षिक प्रतिवेदन २०७९/०८०



रोशना राजवंशी
संयोजक

यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न विषयगत उपसमिति तथा कार्यदलका संयोजक एवं सदस्यज्यूहरू पत्रकार मित्रहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी मित्रहरू र संस्थाका धरोहर शेयर सदस्य महानुभावहरूमा म महिला विकास उप समितिको संयोजक रोशना राजवंशीको तर्फवाट हार्दिक स्वागत गर्दै सहकारीमय अभिबादन व्यक्त गर्दछु ।

पछिल्लो समयमा महिलाहरू घरायसी काम संग संगै विभिन्न पेशा संघ, संगठन तथा सहकारी वित्तिय क्षेत्रहरूमा सक्रिय हुँदै गइरहेका छन् । विश्वभरी फैलिएको कोभिड-१९ को माहामारीवाट जोगिन गरिएको वन्दावन्दीको कारण विगत वर्षहरूमा वार्षिक कार्ययोजना अनुसार विभिन्न कार्यक्रम गर्न सकिएको थिएन तर पनि स्वास्थ्य सम्बन्धी कार्यक्रम गरी रगत अभावलाई केही हदसम्म भएपनि यस संस्थाले रक्तदान कार्यक्रम निरन्तर गर्दै आईरहेको यहाँहरूलाई जानकारी नै छ ।

आ.व.०७९।०८० मा यस महिला विकास उप-समितिले गर्नु पर्ने वार्षिक कार्य योजना अन्तर्गत सदस्यहरूको सीप विकास क्षमता अभिवृद्धि, जेष्ठ सदस्य तिर्थातन, जेष्ठ नागरिक सम्मान, खेलकूद कार्यक्रम, अवलोकन भ्रमण, स्वास्थ्य शीविर सञ्चालन, युवा क्लव गठन थियो । यस आ.व.मा युवा क्लव गठन वाहेक सम्पूर्ण कार्ययोजना अनुसार कार्यक्रमहरू निम्नानुसार गरी सम्पन्न गरिएको जानकारी गराउँदछौं ।

(१) मिति २०७९ साल भाद्र १० गते जेष्ठ नागरिक सम्मान कार्यक्रममा ७५ वर्ष भन्दा माथिका पितहरूलाई सम्मान गरिएको थियो ।

(२) २०७९ असोज १२ गते र २०७९ फागुन २६ गते रक्तदान शिविर तिनदोबाटो, बनेपामा नेपाल रेडक्रस सोसाइटी बनेपा शाखाको प्राविधिक सहयोग र ब्लड डोनर्स एसोसियशन बनेपा शाखासँग सहकार्य गरी दुई पटक गरी ६१ जना रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो ।

(३) २०७९ माघ २५ गते बनेपा-१३ साँगामा सामाजिक उत्तरदायित्वमा योगदान अन्तर्गत स्वास्थ्य सम्बन्धी बनेपा रेयुकाईसँग प्राविधिक सहकार्य गरी आँखा शिविर सन्चालन गरिएको थियो । जसमा २०४ जना लाभान्वित हुनुभएको थियो । २६ जना मोतीविन्दु हुनु भएकाहरूलाई वडाबाट सिफारिस लिई निःशुल्क सल्यक्रिया गरिएको थियो ।

(४) २०७९ चैत्र ५ गते सदस्यहरूलाई आत्मनिर्भर बनाउन यो वर्ष हामीले निःशुल्क १५ दिने मखमल जुत्ता चप्पल बनाउने तालिम दिएका थियौं । जसमा महिला सदस्यहरू १९ जना सहभागी हुनु भएको थियो ।

(५) गत वर्षहरूमा कोरोनाको कारणले रोकेको तिर्थातन यो वर्ष हामीले २०७९ चैत्र २५ गते ६० वर्ष माथि र ७५ वर्ष मुनिका ३९५ जना जेष्ठ सदस्यहरूलाई ललितपुरको बज्र वाराही र सुनाकोठी भिमसेन दर्शन गर्न लगिएको थियो ।

(६) मिति २०७९ बैसाख ६ गते बुधबार बनेपा वडा नं. ८ कौंलाटोल स्थित लक्ष्यश्वर भजन घरमा संस्थामा आबद्ध ७५ वर्ष भन्दा माथिका महिला सदस्यहरूलाई मातातीर्थ औंसीको उपलक्ष्यमा सम्मान गरिएको थियो ।

हाल देशमा सहकारीको बारेमा विभिन्न नकारात्मक सोचको समयमा पनि यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. गरेका विभिन्न कामहरूको मूल्याङ्कन गर्दै यस सहकारीलाई विभिन्न निकायबाट पुरस्कृत गरिएकोमा गौरवान्वित छौं ।

क्र.सं.	कार्यक्रम	संख्या	विवरण
१	जेष्ठ सदस्य सम्मान	२	कुशे औंसीको अवरसमा जेष्ठ पिताहरुको र मातातिर्थ औंसीको अवसरमा जेष्ठ माताहरुलाई (७५ वर्ष माथिका)
२	रक्तदान कार्यक्रम	२	
३	स्वास्थ्य शिविर कार्यक्रम	२	
४	युवा क्लव गठन	१	१८ वर्ष माथि ४० वर्षसम्म उमेरका शेयर सदस्यहरूबाट
५	खेलकूद कार्यक्रम	१	
६	अवलोकन भ्रमण	१	
७	जेष्ठ सदस्य तिर्थाटन	१	६० देखि माथि ७५ वर्षसम्मका शेयर रदस्यहरूलाई

अन्त्यमा यस ३१ औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथि, अतिथि गण, सल्लाहकार, पत्रकार, उपस्थित शेयर सदस्य महानुभावहरू, समिति तथा उप-समिति पदाधिकारी र सदस्यहरू र कर्मचारी मित्रहरूवाट अझ अगाडि बढाउनका लागि आफ्नो राय, सल्लाह र सुझाव प्रदान गरी आगामी वर्षमा गरिने कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ सम्पूर्णमा २०८० सालको शुभ विजयादशमी तथा शुभ दीपावली र छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै महिला विकास उप समितिको वार्षिक प्रतिवेदन यही टुङ्याउन चाहन्छु ।

धन्यबाद । जय सहकारी । जय चण्डेश्वरी

संयोजक : रोशना राजवंशी
सदस्य : रचना न्हुँच्छे प्रधान बादे
सदस्य : रीता मानन्धर
सदस्य : विमला पोटे श्रेष्ठ

समूहगत बचत कार्यक्रम उप-समितिको वार्षिक प्रगति प्रतिवेदन



रुकमणी देवी पोटे राजभण्डारी
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औँ वार्षिक साधारण सभाका सभापति एवम् संस्थाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, केन्द्र, प्रदेश, जिल्ला एवम् नगरस्तरीय सहकारी निकाय एवम् सङ्घ संस्थाबाट प्रतिनिधित्व गरेर आउनुहुने पदाधिकारीज्यूहरू, सल्लाहकारज्यूहरु, पत्रकार महानुभाव, कर्मचारी साथीहरू तथा शेयर सदस्य आमाबुबा, महिला तथा सज्जन वृन्दहरूमा समूह बचत उप-समितिको स्विकार्नुस् सहकारीमय न्यानो अभिबादन नमस्कार !

आजको बचत भोलिको सुन्दर भविष्य हो । बचतविना अबको प्रतिस्पर्धात्मक समाजमा आत्मसन्तुष्टिका साथ जीउन मुस्किल हुन्छ । "**चण्डेश्वरी तपाईँको हातमा; तपाईँको समृद्धि चण्डेश्वरीको साथमा**" भन्ने नारालाई आत्मसात् गर्दै सदस्यहरूको सामाजिक, आर्थिक, सांस्कृतिक एवम् शैक्षिक उन्नयनका लागि यस उप-समितिले कार्य गर्दै आइरहेको छ । सामाजिक रूपान्तरणका लागि घरदैलो एवम् समुदाय भेटघाट कार्यक्रममार्फत् सदस्य अभिवृद्धि तथा बचत प्रर्वद्धन गर्दै सदस्यहरूमा आत्मीयता जागाउन सफल भएका छौँ । सदस्यहरूको विश्वास, नियमित बचत तथा ऋण कारोबार, चुस्त र दुरुस्त वित्तीय कारोबारका कारण यस संस्थाले **ACCESS Silver Brand** पाउनुका साथै नेपालकै उत्कृष्ट सहकारी बन्न सफल भएको छ । संस्थाको वर्तमान् अवस्था, भविष्यका सम्भावना तथा चुनौतीहरूलाई दृष्टिगत गरी संस्थाको नीति, विधि र प्रविधिलाई अपनाउँदै यस उप-समितिले आफ्नो जिम्मेवारी पूरा गरेको र आगामी दिनमा पनि पूरा गर्ने विश्वास एवम् जानकारी गर्न चाहन्छु । यस उप-समितिले आ.व.२०७९/०८० मा विभिन्न कार्यक्रमका लागि जम्मा १० पटक बैठक बसी आफ्नो जिम्मेवारी पूरा गरेको छ । यस उप समितिले सदस्यहरूको घरदैलो गई सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिदै आएको कुरा पनि जानकारी गराउँदछु । यस उप-समितिले आ.व.२०७९/२०८० को वार्षिक योजनाअनुसार आफ्नो जिम्मेवारीमा रहेका कार्यहरू बचत तथा प्रबर्द्धन विभागको सहयोग र सहकार्यमा कार्यक्रम सञ्चालन गरी निम्नानुसार उपलब्धी हासिल गरेको कुरा जानकारी गर्न चाहन्छु ।

समूह बचत उप समितिका कार्यक्रमहरू :

१. मिति २०७९/०४/२५ गते बुधबार चामुण्डा पार्टी भेन्यु नालामा सदस्य अभिवृद्धि कार्यक्रम सञ्चालनमा ७९ जनाको उपस्थिति रहेकोमा ७ जना नयाँ शेयर सदस्य र ६ जना बाल सदस्य बनाउन सफल भएका थियौँ ।

२. २०७९/०५/२२ गते बुधबार बनेपा-१० पुलबजार वडा कार्यालयमा टोल भेला तथा समुदाय भेटघाट कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा ८२ जनाको उपस्थिति रहेकोमा १३ जना नयाँ शेयर सदस्य र ६ जना बाल सदस्य बनाउन सफल भएका थियौँ ।

३. २०७९/०६/१३ गते बिहीबार पनौतीको मुक्तिनाथ मन्दिरको प्राङ्गणमा सदस्य अभिवृद्धि कार्यक्रममा ५४ जनाको उपस्थिति रहेकोमा १३ जना नयाँ शेयर सदस्य र ३ जना बाल सदस्य बनाउन सफल भएका थियौं ।

४. २०७९/०८/१५ गते धुलिखेल न.पा. ५ श्रीखण्डपुर वृहत्त पार्टी प्यालेसमा सदस्य अभिवृद्धि कार्यक्रममा ४७ जना सदस्यहरूको उपस्थिति रहेकोमा २१ जना नयाँ शेयर सदस्य र ३ जना बाल सदस्य बनाउन सफल भएका थियौं ।

५. २०७९/०९/२७ गते सिनागाल क्षेत्रमा घरदैलो कार्यक्रम सञ्चालन जहाँ ३७ जनालाई भेटघाट गरी २० जना नयाँ सदस्य बनाउन सफल भएका थियौं ।

६. मिति २०७९/१०/१८ गते इट्टाभट्टामा सदस्य अभिवृद्धि कार्यक्रम सञ्चालनमा ४३ जनाको उपस्थिति रहेकोमा १जना नयाँ बाल सदस्य र १२ जना नयाँ शेयर सदस्य बनाउन सफल भएका थियौं ।

७. २०७९/१२/२९ गते बुधबार बनेपा वडा नं.९ नयाँबस्ती हुँदै मगर गाउँसम्म समुदाय भेटघाट गरी घरदैलो कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा १ जना बाल सदस्य र १२ जना नयाँ शेयर सदस्य बनाउन सफल भएका थियौं ।

८. २०८०/०१/२६ गते बनेपा-१० थापागाउँ क्षेत्र वरिपरी जम्मा ५८ जना सदस्यलाई भेटघाट गरेकामा १ जना बाल सदस्य र ३० जना शेयर सदस्य गरी जम्मा ३१ जना नयाँ सदस्य बनाउन सफल भएका थियौं ।

९. २०८०/०३/१४ गते बिहीबार बनेपा-४ र ९ नं. वडा समुदाय भेटघाट गरिएको थियो । उक्त कार्यक्रमबाट बाल सदस्य ७ र शेयर सदस्य २८ गरी जम्मा ३५ जना नयाँ सदस्य बनाउन सफल भएका थियौं ।

सदस्यहरूको छरिएर रहेको पुँजीलाई सङ्कलन गरी बचत तथा ऋण कारोबार मात्र नभई उत्पादनमूलक कार्यमा समेत संस्थाको गतिविधि अघि बढेकोले नै संस्था आजको यस अवस्थासम्म पुग्न सफल भएको हो; यसको श्रेय संस्थासँग आबद्ध सम्पूर्ण सदस्यहरूलाई जान्छ । अन्तमा नजिकै आउँदै गरेको हिन्दुहरूको महान् चाड बडा दशैं तथा शुभ दीपावलीको एवम् छठपर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै आगामी दिनहरूमा यहाँहरूको साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा गर्दछु । धन्यबाद !!

जय सहकारी !!
जय चण्डेश्वरी !!

संयोजक - रुकुमणी राजभण्डारी
सदस्य - रीता बादे श्रेष्ठ
सदस्य - दया प्रजापती
सदस्य - सुरज प्रजापती

ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको प्रतिवेदन



रमेशकाजी श्रेष्ठ
संयोजक

यस संस्थाको ३१ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशिष्ट अतिथी महानुभावज्यूहरू, विभिन्न संघ संस्था, सहकारी संस्थाबाट पाल्नु भएका प्रतिनिधीज्यूहरू, पत्रकार मित्रज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति एवं अन्य उपसमितिहरू, कर्मचारी परिवार लगायत उपस्थित आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरूमा सहकारी अभिबादन ।

आजको कार्यक्रममा यहाँहरू समक्ष यस संस्थाको ऋण तथा अर्थ व्यवस्था उपसमितिको बार्षिक प्रतिवे दन प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

यस संस्थाले आ.ब. २०७९।०८० मसान्त सम्मा ९१२२ जना सदस्यहरूबाट जम्मा १,२८,९७,८५,१५४/२२ को कारोबार गर्न सफल भएको छ भने आ.ब. ०७८/०७९ मा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कुन)को प्राविधिक सहयोग र एशियाली ऋण महासंघको परिक्षणको आधारमा यस संस्थाले एशियाली स्तर को एक्सेस ब्रोञ्ज ब्राण्ड-२०२२ पदक हासिल गर्ने एक मात्र संस्था थियौ भने यस वर्ष २०२३/०२४ को लागि एक्सेस सिल्भर ब्राण्डमा स्तरोन्नती भएका छौं । यस उपलब्धीका लागि संस्था स्थापना देखि हाल सम्म प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा यस संस्थालाई साथ सहयोग र माया दिने शेयर सदस्य, सल्लाहकारहरू, सञ्चालक समिति, लेखा सुपरिबेक्षण समिति, बिभिन्न उप-समिति, कर्मचारी, सहकारीकर्मी र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. र एशियाली ऋण महासंघ प्रति हर्दिक आभार एवं धन्याबाद ज्ञापन गर्दछौ । हाल देश भरि नै आर्थिक मन्दी छाएको हुँदा संस्थालाई पनि ऋण लगानी तथा असुलीमामा केही समस्या रहेको साथै ऋणी सदस्यहरूको व्यवसायमा आएको मन्दी बावजुत आफ्नो किस्ता समयमा तिर्नु हुने सदस्य महानुभावहरूमा यस संस्थाको तर्फ एवं ऋण तथा अर्थ व्यवस्थापन उप-समितिबाट हार्दिक धन्यबाद दिन चाहन्छु ।

संस्थाले ऋण व्यवस्थापन नीति २०७५ अनुसार यस उप-समितिले पाएको अधिकार क्षेत्र भित्र रहेको ऋण निवेदनको विश्लेषण, ऋण लगानीको आधारहरू, ऋणको लागि धितो मूल्याङ्कन, 5C को मूल्याङ्कन आधार अनुसार ऋण प्रवाह गदै आएको छ । ऋण शीर्षक अनुसार रु १० लाख वा सो भन्दा बढीको ऋण लगानीमा संस्थागत मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गरी मात्र ऋण प्रवाह गर्दै आएका छौं । साथै संस्थाको ऋणमा निहित जोखिमलाई न्यूनीकरण निमित्त नियमानुसार नै ऋण जोखिम व्यवस्थापन पनि गरी आएको जानकारी गर्दछु ।

१. ऋण लगानी तथा असुली सम्बन्धमा

संस्थाको गत आ.ब.मा कुल कर्जा तथा सापटी हिसाब रु.९२,०८,२६,७६४/१५ रहेको मा यस आ.व. मा रु. ८,२२,३९,७०७/२२ ले कर्जा लगानी बृद्धि भई कुल कर्जा तथा सापटी हिसाब रु १,००,३०,६६,४७१.३७ रहेको छ । अर्थात कुल सम्पत्तिको ७७.७७ प्रतिशत ऋण लगानी भएको छ । ऋण उपभोग गरेका कुल सदस्य संख्या ८६८ जना रहेको छ । विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

क्र. सं.	ऋण शीर्षक	आ.ब. २०७८।०७९	आ.ब. २०७९।०८० को ऋण लगानी	आ.ब. २०७९।०८० को ऋण असुली	आ.ब. २०७९।०८० बाँकी ऋण	अनुपात
१	चण्डेश्वरी ऋण	८,५४९,२६८।२७	२३,४५७,०००।००	२७,८३४,०७२।१२	४,१७२,१९६।१५	०।४२%
२	धनजमानी ऋण	१९,३१२,१५७।६९	२६,७१७,१९७।३७	२५,४३९,४८४।५२	२०,५८९,८७०।५४	२।०५%
३	घर निर्माण ऋण	९७,५१६,०३९।२५	३३,७४५,४५२।५५	३०,४२२,७१७।०८	१००,८३८,७७४।७२	१०।०५%
४	हार्यर पर्चेज ऋण	२८३,०१५,७३६।७१	११७,७३५,००६।२२	१३७,३५०,२१०।९६	२६३,४००,५३१।९७	२६।२६%
५	व्यवसाय प्रबद्धन शुलभ ऋण	११७,३५७,२०४।०३	२७७,५४८,१२१।३२	२७१,३५०,६४७।५५	१२३,५५४,६७७।८०	१२।३२%
६	कृषि ऋण	३०,०६८,७६१।३४	७,२००,०००।००	३,१८२,९९४।८५	३४,०८५,७६६।४९	३।४०%
७	व्यापार ऋण	२२२,२१२,२४१।०६	१७३,६८४,८५४।५९	८५,८३३,०३३।७४	३१०,०६४,०६१।९१	३०।९१%
८	साना तथा मझौला उद्योग ऋण	३,७१४,१५३।३२	७,३५०,०००।००	३,१८७,८८५।२३	७,८७६,२६८।०९	०।७९%
९	शैक्षिक ऋण	२०,५१८,४५८।५२	२,५९०,०००।००	८,६०२,४४९।३२	१४,५०६,००९।२०	१।४५%
१०	औद्योगिक ऋण	१५,६४१,४१४।६१	७,०००,०००।००	१,४९४,१७९।१८	२१,१४७,२३५।४३	२।११%
११	खरखाचो ऋण	२८,८४६,४४०।९५	३०,३०५,०००।००	२१,३७३,१५२।२६	३७,७७८,२८८।६९	३।७७%
१२	घर तथा जग्गा खरिद ऋण	५१,५३४,४६८।२६	२१,०००,०००।००	१६,६९२,२८२।०१	५५,८४२,१८६।२५	५।५७%
१३	सेवा व्यवसाय ऋण	९,७११,८५८।८७	-	५७८,५२५।१६	९,१३३,३३३।७१	०।९१%
१४	कर्मचारी संचय कोष ऋण	८,२८५,०००।००	-	८,२८५,०००।००	-	०।००%
१५	कोभिड सहुलियत ऋण	४,५४३,५६१।२७	-	४,५४३,५६१।२७	-	०।००%
१६	उठाउन बाँकी अतिरिक्त ऋण	-	१७९,०८१।५५	१०१,८११।१३	७७,२७०।४२	०।०१%
	जम्मा ऋण	**९२०,८२६,७६४।१५**	**७२८,५११,७१३।६०**	**६४६,२७२,००६।३८**	**१,००३,०६६,४७१।३७**	**१००%**

२. ऋण सिमा तथा अख्तियार सम्बन्धमा

ऋण लगानी प्रक्रियालाई छिटो छरिटो र ऋण कारोबार सरल सुलभ बनाउन ऋण व्यवस्थापन नीति २०७५ का संसोधन नीति ले दिएको अधिकार अनुसार निम्नानुसार ऋण लगानी सीमा अख्तियारी रहेको जानकारी दिन चाहन्छु ।

क्र.सं.	ऋण सिमा	ऋण लगानी अख्तियारी
१	रु ५० हजार सम्म	ऋण बिभाग
२	रु २५ लाख सम्म	व्यवस्थापन
३	रु ७५ लाख सम्म	ऋण तथा अर्थ व्यवस्थापन उप-समिति
४	रु ७५ लाख भन्दा माथि	संचालक समिति

३. ऋण जोखिम र जोखिम व्यवस्थापन

क. ऋण जोखिम गणना :-

क्र.सं.	विवरण	आषाढ ०७९	% मा	आषाढ ०८०	% मा
१	असल ऋण (भाखा ननाघेका)	८८६,४९५,१४९।३१	९६।२७%	९७८०६९२६६	९७।५१%
२	कमसल ऋण (१ महिना सम्म भाखा नाघेका)	९,१०३,६८३।००	०।९९%	१,२४५,४४८।८८	०।१२%
३	शंकास्पद ऋण (२ महिना देखि १२ महिना सम्म भाखा नाघेका)	१३,९९४,२२९।६२	१।५२%	८,३३१,५८९।६८	०।८३%

क्र.सं.	विवरण	आषाढ ०७९	% मा	आषाढ ०८०	% मा
४	खराव ऋण (१२ महिना भन्दा माथि भाखा नाघेको)	११,२३३,७०२।२२	१।२२%	१५,४२०,१६६।७७	१।५४%
	जम्मा	**९२०८२६७६४१५।००**	**१००%**	**१,००३,०६६,४७१।३७**	**१००%**

ख. ऋण जोखिम व्यवस्थापन :-

क्र.सं.	विवरण	जोखिम व्यवस्थापन	आषाढ ०७९	आषाढ ०८०
१	असल ऋण	१ प्रतिशत	८,८६४,९५१।४९	९,७८०,६९२।६६
२	कमसल ऋण	१ प्रतिशत	३,१८६,२८९।०५	१२,४५४।४९
३	शंकास्पद ऋण	३५ प्रतिशत	४,८९७,९८०।३७	२,९१६,०५६।३९
४	खराव ऋण	१०० प्रतिशत	११,२३३,७०२।२२	१५,४२०,१६६।७७
	जम्मा		**२८,१८२,९२३।१३**	**२८,१२९,३७०।३१**

४. कार्य सम्पादन

- आ.व. २०७९/०८० मा ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको बैठक २९ पटक बसी ऋण स्वीकृत र सिफारिस गरी रु.७२,८५,११,७१३.६० ऋण लगानी र रु.६४,६२,७२,००६.३८ असुली गर्न सफल भएका छौं ।
- आ.व. २०७८/०७९ को संरक्षित पूँजी फिर्ता कोषबाट नियमित किस्ता भुक्तान गर्ने ५३७ जना ऋणी सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता कोष-२०७७ बमोजिम रु ३६,६४,७४३/२२ रकम यस आ.ब.मा बाँडफाँड गरिएको छ । त्यसैले प्रत्येक ऋणी सदस्यहरूले ऋणको किस्ता (साँवा र व्याज) भुक्तानी तालिका अनुसार समयमा भुक्तानी गरि संरक्षित पूँजी फिर्ताकोष बितरण गरिने सुविधाबाट लाभान्वित हुन अनुरोध गर्दछु ।
- भाखा नाघेका ऋणहरूलाई असुल उपर गर्न ऋण व्यवस्थापन नीति २०७५ अनुसार ऋण उप-समिति र कर्मचारीहरू संयुक्त रूपमा ऋणी सदस्यहरूको घरदैलोमा गई भेटघाट गरियो ।

अन्त्यमा सफल उद्यमशीलताबाट रोजगारी तथा स्वरोजगारका अवसरको सृजना तथा दिगो र फराकिलो आर्थिक बृद्धिका लागि आधार बिकास गर्न अग्रसर रहेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.लाई सहयोग र निरन्तर साथ दिने सम्पूर्ण आदरणीय शेयर सदस्यहरूज्यूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । भविष्यमा पनि सुरक्षित ऋण लगानी तथा समयमा नै ऋण असुलीका लागि सकारात्मक सुझाब र सल्लाहको अपेक्षा गर्दै नजिकँदै गरेको २०८० सालका नेपालीहरूका महान पर्वहरू दशैं, तिहार, छठ तथा नेपाल सम्वत् ११४४ लगायतका सम्पूर्ण पर्वहरूको पुनित उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तररोत्तर प्रगतिको कामना सहित प्रतिवेदन समापन गर्न अनुमति चाहन्छु ।

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : रमेश काजी श्रेष्ठ
सदस्य : सुरेन्द्र प्रजापति
सदस्य : बद्रि नाथ बादे



हार्दिक श्रद्धाञ्जली





संस्थामा सदस्य रही विभिन्न मितिमा स्वर्गारोहण

हुनुभएका शेयर सदस्यहरूप्रति

हार्दिक श्रद्धासुमन

अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारजनमा



धैर्य धारण गर्ने शक्ति मिलोस् भनी

श्री माई चण्डेश्वरीसँग प्रार्थना गर्दछौं।



चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS SILVER

परिवार

हार्दिक बधाई

एसियाली ऋण महासंघद्वारा सन् २०२३ को एक्सेस अन्तिम परीक्षणमा
एक्सेस सिल्भर प्रतिकीकरण (Silver Brand) प्राप्त गर्न सफल

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

लाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष एवं
नेफ्स्कून परिवार

नेफ्स्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
Nepal Federation of Savings and Credit Cooperative Unions Ltd.

हार्दिक बधाई तथा आभार

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कूनको) ३६ औँ स्थापना दिवसको अवसरमा यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८ काभ्रेपलाञ्चोलाई नेपालकै सर्वोत्कृष्ट बचत तथा ऋण सहकारी संस्थाको रूपमा घोषणा गरेको हुँदा यस संस्थाका सञ्चालक समिति, लेखा सुवरीवेक्षण समिति, सल्लाहाकार विषयगत उपसमिति, कर्तव्य निष्ठ कर्मचारीहरू लगायत संस्थाका धरोहर सम्पूर्ण सेयर सदस्यज्यूहरुमा हार्दिक बधाई व्यक्त गर्दछौँ साथै यस संस्थाको व्यवसायिक गतिविधिको उच्च मुल्याङ्कन गर्दै सर्वोत्कृष्ट संस्थाको रुपमा छनोट गरेकोमा नेफ्स्कून परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

नबिन भक्त बादे
अध्यक्ष

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS SILVER

तथा

झलेन्द्र प्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

परिवार

टिपोर्ट